

# स्थानीय तहको शिक्षा योजना निर्माणसम्बन्धी मार्गदर्शन, २०७८


नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
शिक्षा तथा मानवस्रोत विकास केन्द्र
सानोठिमी, भक्तपुर


EUROPEAN UNION

ADB
ASIAN DEVELOPMENT BANK

BRITISH COUNCIL

# स्थानीय तहको शिक्षा योजना निर्माणसम्बन्धी मार्गदर्शन, २०७८

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
शिक्षा तथा मानव स्रोत विकास केन्द्र
सानोठिमी, भक्तपुर

# हाम्रो भनाइ

नेपालमा विकेन्द्रित शैक्षिक योजना आ.व. २०५६/०५७ देखि सुरु भएको देखिन्छ । विकेन्द्रित शैक्षिक योजनाका रूपमा विद्यालय तहबाट विद्यालय सुधार योजना निर्माणको थालनी गरियो । विद्यालय सुधार योजनाका आधारमा जिल्लाबाट विद्यालयहरूलाई अनुदान दिन थालियो । विकेन्द्रित शैक्षिक योजनाका रूपमा सरोकारवालाहरूको सहभागिता, अपनत्व, स्रोत र साधनको अधिकतम परिचालन र उपयोग, शैक्षिक गुणस्तर सुधार आदिलाई महत्वपूर्ण विशेषताका रूपमा लिइन्छ । अभ्यासमा गाउँ तथा नगर शिक्षा योजना निर्माण गरी सञ्चालन गर्ने भनिए तापनि कार्यान्वयनमा भने त्यति आउन सकेन । विद्यालय सुधार योजना र गाउँ/नगर शिक्षा योजनालाई विकेन्द्रित शैक्षिक योजनाको महत्वपूर्ण योजनाका रूपमा हेरिन्छ ।

समयको विकासक्रमसँगै मुलुक सङ्घीयतामा प्रवेश गरिसकेपछि स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले स्थानीय तहलाई आवधिक योजनाका साथसाथै विषयगत योजनाहरू पनि निर्माण गरी कार्यान्वयन गर्नुपर्ने कुरालाई नीतिगत रूपमा व्यवस्था गरेको छ । राष्ट्रिय शिक्षा योजनाका रूपमा विद्यालय क्षेत्र विकास योजनाको समाप्तिको चरण र नयाँ योजनाका रूपमा १० वर्षे विद्यालय शिक्षाक्षेत्र योजना कार्यान्वयनको तयारीमा रहेको अवस्थालाई मध्यनजर गर्दै प्रदेशस्तरमा पनि १० वर्षे शिक्षा योजना निर्माण र स्थानीय तहमा पनि १० वर्षे शिक्षा योजना निर्माण गरी सामूहिक लक्ष्य तथा उद्देश्य प्राप्तिमा समन्वय र सहकार्य गरी अगाडि बढ्न सकेमा योजनाबद्ध शैक्षिक गतिविधि सञ्चालन भई गुणस्तर अभिवृद्धिमा ठोस योगदान हुनेछ ।

यसै सन्दर्भमा रही शिक्षा तथा मानव स्रोत विकास केन्द्रको आयोजना र SSDP TA को आर्थिक तथा प्राविधिक सहयोगमा ३३५ वटा स्थानीय तहका ६३० जना स्थानीय तहमा कार्यरत जनशक्तिहरूलाई ५ दिने शिक्षा योजना निर्माणसम्बन्धी क्षमता अभिवृद्धि कार्यक्रम सम्पन्न गरियो । तालिम निकै उपलब्धिमूलक रहेको कुरा सहभागीहरूबाट प्राप्त प्रतिक्रियाहरूबाट समेत प्रस्ट हुन्छ । तालिम सञ्चालनकै क्रममा सहभागीहरूबाट भोलिका दिनमा योजना निर्माण गर्ने क्रममा केही कठिनाइ भए सहजीकरणका लागि कुनै पुस्तिका वा मार्गदर्शन भएमा काम गर्न सजिलो हुने सुझावहरू प्राप्त भएपछि यो मार्गदर्शन निर्माणको परिकल्पना गरिएको हो । यो मार्गदर्शन निर्माणका क्रममा तालिम स्रोत सामग्री, तालिममा प्रस्तुत गरिएका स्लाइडहरू, तालिममा सहभागीहरूबाट प्राप्त पृष्ठपोषण, अनुभव, योजनासँग सम्बन्धित विभिन्न सामग्रीहरू, शिक्षाक्षेत्रको योजनाको मस्यौदा, नेपालको संविधान, शिक्षा नीति, विद्यमान ऐन कानुन, विद्यालय क्षेत्र विकास कार्यक्रम, पन्ध्रौं योजना लगायतका सामग्रीहरू अध्ययन गरिएको छ ।

अन्त्यमा, शिक्षा योजना निर्माणसम्बन्धी मार्गदर्शन तयार गर्न सहयोग गर्नुहुने SSDP TA का विज्ञहरू, शिक्षा तथा मानव स्रोत विकास केन्द्र र शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयमा कार्यरत कर्मचारीहरू, तालिम कार्यक्रममा सहभागी हुने स्थानीय तहका कर्मचारीहरूलगायत सबैप्रति हार्दिक आभार व्यक्त गर्दै शिक्षा योजना निर्माणमा यो मार्गदर्शन उपयोगी हुने विश्वास लिएको छु ।

चूडामणि पौडेल
महानिर्देशक

# यस पुस्तिकाका बारेमा

यो पुस्तिका कोभिड-१९ को महामारी तथा त्यसपश्चात्को अवधिका लागि समेत अनलाइन शिक्षणको सञ्चालन तथा व्यवस्थापन गर्न मद्दत होस् भनी शिक्षकहरूका लागि लेखिएको हो । यसले शिक्षकहरूले जुम वा गुगल मिटजस्ता समकालिक मिटिङ स्पेससँगसँगै प्रस्तुति/स्क्रिनसेयरिङको प्रयोग गरिरहेका छन् भन्ने अनुमान गर्छ । जुमका विशेष (कार्यमूलक) उपयोगिताहरू, जस्तैः ब्रेकआउट कक्षको प्रयोग गर्ने सम्बन्धमा निर्देशनहरू अनलाइनमा सजिलै पाउन सकिन्छ । सुझाइएका कुनै पनि अन्य स्रोतहरूको प्रयोग गर्ने स्वतन्त्रता छ र यो गैर-आवश्यक हो ।

# विषयसूची


| | |
|---|---|
| परिच्छेद १ | |
| परिचय | |
| १.१ | पृष्ठभूमि |
| १.२ | मुख्य समस्याहरू |
| १.३ | शिक्षाक्षेत्रका चुनौतीहरू |
| १.४ | अवसरहरू |
| परिच्छेद २ | |
| लक्ष्य निर्धारण | |
| २.१ | दूरदृष्टि : |
| २.२ | लक्ष्य : |
| २.३ | उद्देश्य : |
| २.४ | रणनीतिहरू |
| २.५ | कार्यनीति : |
| २.६ | अपेक्षित उपलब्धि : |
| २.७ | मुख्य कार्यसम्पादन सूचक र लक्ष्य निर्धारण : |
| परिच्छेद ३ | |
| विद्यालय क्षेत्रका मुख्य उपक्षेत्रहरू | |
| ३.१ | प्रारम्भिक बालविकास र शिक्षा : |
| ३.२ | आधारभूत शिक्षा : |
| ३.३ | माध्यमिक शिक्षा |
| ३.४ | पाठ्यक्रम र मूल्याङ्कन |
| ३.५ | शिक्षक व्यवस्थापन र विकास |
| ३.६ | अनौपचारिक शिक्षा र जीवनपर्यन्त सिकाइ |
| ३.७ | प्राविधिक तथा व्यावसायिक शिक्षा |
| परिच्छेद ४ | |
| अन्तरसम्बन्धित विषय तथा क्षेत्रहरू | |
| ४.१ | शैक्षिक समता र समावेशीकरण : |
| ४.२ | दिवा खाजासहित स्वास्थ्य तथा पोषण कार्यक्रम |
| ४.३ | आपत्कालीन तथा सङ्कटकालीन अवस्थामा शिक्षा |
| ४.५ | विद्यालय भौतिक पूर्वाधार विकास |
| ४.६ | विद्यालयमा सूचना तथा सञ्चार प्रविधि |
| परिच्छेद ५ | |
| सुशासन तथा व्यवस्थापन | |
| ५.१ | संस्थागत क्षमता विकास |
| ५.२ | स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध |
| ५.३ | अनुगमन तथा मूल्याङ्कन |
| परिच्छेद ६ | |
| लगानी र स्रोत व्यवस्थापन | |
| परिच्छेद ७ | |
| मुख्य उपलब्धि सूचकहरू | |

# विषय प्रवेश

शैक्षिक सेवाहरू प्रभावकारी रूपमा कार्यान्वयन गरी अपेक्षित नतिजा हासिल गर्न एवम् शिक्षामा पहुँच, गुणस्तर, सहभागिता र समता सुनिश्चित गर्नका लागि शिक्षा योजनाको महत्वपूर्ण भूमिका रहेको हुन्छ । नेपालको विद्यालय तहको शिक्षाको विकासका लागि **विद्यालय शिक्षा क्षेत्र योजना** तयार भई कार्यान्वयनको चरणमा रहेको छ । त्यसै गरी प्रदेश स्तरमा पनि शिक्षाक्षेत्रको शिक्षा योजना निर्माणको थालनी भएको छ । स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले आधारभूत तथा माध्यमिक तहको शिक्षाको अधिकार स्थानीय तहमा हस्तान्तरण गरेपश्चात् शिक्षाक्षेत्रका कार्यक्रमहरू स्थानीय तह मार्फत कार्यान्वयन भइरहेका छन् । सङ्घीय सरकार प्रदेश सरकार तथा स्थानीय सरकारले परिलक्षित गरेका लक्ष्य तथा उद्देश्य परिपूर्ति गर्नका लागि शिक्षा योजना निर्माण गर्नुपर्ने आवश्यकता रहेको छ । यसै सन्दर्भमा विद्यालय शिक्षाक्षेत्र योजनामा उल्लिखित योजना निर्माणको प्रक्रिया तथा ढाँचा अवलम्बन गरी यो मार्गदर्शन तयार गरिएको छ ।

## १. शिक्षा योजना निर्माणको आवश्यकता र औचित्य :

नेपालको संविधान, शिक्षा नीति तथा विद्यमान ऐन कानुनले प्राथमिकतामा राखेका नीति तथा कार्यक्रमहरूलाई सङ्घीय संरचनाअनुरूप कार्यान्वयन गर्नका लागि विद्यालय शिक्षाक्षेत्रको विकासलाई दिशानिर्देश गर्न सङ्घीय तह, प्रदेश तह र स्थानीय तहमा नयाँ योजनाको आवश्यकता देखिएको छ । वर्तमान विज्ञान तथा प्रविधिमा भएको विकास तथा परिवर्तनलाई आत्मसात् गर्न र सृजनशील, सक्रिय तथा नेपालको आर्थिक तथा सामाजिक रूपान्तरणका लागि उपयोगी नागरिक तयार गर्नका लागि शिक्षाको योगदानलाई समयसापेक्ष बनाउन पनि शिक्षा प्रणालीमा सुधार गर्नुपर्ने देखिन्छ ।

नेपालको विद्यालय तहको शिक्षाको विकासका लागि शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले १० वर्षे विद्यालय शिक्षा क्षेत्र योजना तयार गरेको छ । त्यसै गरी प्रदेश स्तरमा पनि शिक्षाक्षेत्रको १० वर्षे शिक्षा योजना निर्माणको थालनी भएको छ । स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले आधारभूत तथा माध्यमिक तहको शिक्षाको अधिकार कार्यान्वयन गर्नका लागि पनि शिक्षा योजना निर्माण र कार्यान्वयनको आवश्यकता रहेको छ । स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा २४ (१)मा स्थानीय तहले आवधिक तथा क्षेत्रगत योजना निर्माण गरी कार्यान्वयन गर्नुपर्ने कानुनी व्यवस्था समेत गरेको छ । सङ्घीय सरकार, प्रदेश सरकार एवम् स्थानीय सरकारबीच समन्वय र सहकार्य गरी सामूहिक लक्ष्य र उद्देश्य प्राप्त गर्नका लागि शिक्षा योजनाको आवश्यकता महसुस गरी विद्यालय शिक्षाक्षेत्र योजनामा आधारित भई १० वर्षे स्थानीय शिक्षा योजना तयार गर्ने लक्ष्यका साथ अगाडि बढाइएको छ ।

## २. शिक्षा योजना निर्माण प्रक्रिया :

स्थानीय शिक्षा योजना निर्माण गर्दाका प्रक्रियाहरू उल्लेख गर्ने । जस्तै :

**१. योजनाको पूर्व तयारीको चरण** →

- कार्यपालिकाको बैठकबाट योजना निर्माण गर्नेसम्बन्धी निर्णय ।
- योजना निर्माणको लागि बजेट विनियोजन ।
- योजना निर्माण समूह एवम् कार्यदल गठन ।
- आवश्यक तथ्याङ्क एवम् सूचना सङ्कलन र विश्लेषण ।
- शैक्षिक समस्याहरू पहिचान एवम् विश्लेषण ।

↓

**२. योजना तर्जुमाको चरण** →

- दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य, रणनीतिहरू निर्धारण
- अपेक्षित उपलब्धिहरू तथा मुख्य मुख्य सूचकहरूको लक्ष्य निर्धारण ।
- शिक्षा क्षेत्रका क्रियाकलापहरू निर्धारण ।
- बजेट तथा स्रोतको प्रक्षेपण ।

### क. योजना निर्माणका आधारहरू

क) नेपालको संविधान
ख) विद्यमान ऐन नियम नीतिहरू
ग) राष्ट्रिय/प्रादेशिक/स्थानीय तहको दीर्घकालीन सोच
घ) राष्ट्रिय/प्रादेशिक आवधिक योजना
ङ) दिगो विकास लक्ष्य
च) नेपाल सरकार तथा प्रदेश सरकारको मार्गदर्शन
छ) राजनीतिक दलको घोषणापत्र

### ख. योजना निर्माण प्रक्रिया :

योजना निर्माणका क्रममा अवलम्बन गरिएका प्रक्रियाहरू उल्लेख गर्ने । बैठकका निर्णयहरू र उपस्थितिहरू अनुसूचीमा समावेश गर्ने ।

क) कार्यपालिकाको बैठकको निर्णय
ख) योजना निर्माण समितिको गठन
ग) योजना निर्माण कार्यदल गठन
घ) सरोकारवालाहरूको भेलाको उपस्थिति र निर्णय
ङ) प्रथम मस्यौदा तयारी

च) योजनाको अन्तिम रूप
छ) योजनाको मूल्याङ्कन
ज) योजनाको स्वीकृति र कार्यान्वयनको अवस्था

## ३ योजनाको दस्तावेजको स्वरूप

यस योजनाको पहिलो परिच्छेदमा स्थानीय तहको पृष्ठभूमि शिक्षाक्षेत्रका समस्याहरू चुनौतीहरू र अवसरहरू उल्लेख गरिएको छ। दोस्रो परिच्छेदमा यस योजनाका दूरदृष्टि, ध्येय, उद्देश्य तथा रणनीतिहरू र प्रमुख अपेक्षित उपलब्धिहरू प्रस्तुत गरिएको छ।

परिच्छेद तीनमा विद्यालय क्षेत्रका विभिन्न उपक्षेत्रगत योजनाका खाका समावेश गरिएको छ। यसमा समावेश गरिएका उपक्षेत्रहरूमा प्रारम्भिक बाल विकास तथा शिक्षा, आधारभूत शिक्षा, माध्यमिक शिक्षा, अनौपचारिक शिक्षा तथा जीवनपर्यन्त सिकाइ, पाठ्यक्रम तथा मूल्याङ्कन र शिक्षक विकास तथा व्यवस्थापन रहेका छन्। परिच्छेद चारमा विद्यालय शिक्षाका विभिन्न अन्तरसम्बन्धित विषयहरू समावेश गरिएको छ। यसमा समावेश गरिएका अन्तरसम्बन्धित विषयहरूमा समता तथा समावेशीकरण, स्वास्थ्य, पोषण तथा दिवा खाजा, आपत्कालीन तथा सङ्कटकालीन अवस्थामा शिक्षा, विद्यालय भौतिक विकास र शिक्षामा सूचना तथा सञ्चार प्रविधि रहेका छन्।

परिच्छेद पाँचमा सुशासन तथा व्यवस्थापनअन्तर्गत आवश्यक संस्थागत संरचना तथा क्षमता विकास, योजना कार्यान्वयनको समग्र व्यवस्था र अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन प्रणालीका समावेश गरिएको छ। परिच्छेद छमा योजनाका लागि लगानी र स्रोत व्यवस्थापन के कसरी गर्ने भन्ने विषय प्रस्तुत गरिएको छ। परिच्छेद सातमा योजनाको कार्यान्वयनबाट अपेक्षा गरिएका समग्र नतिजाहरू र मुख्य मुख्य सूचकहरू उल्लेख गरिएको छ।

# परिच्छेद १ : परिचय

स्थानीय तहको शिक्षाक्षेत्रको योजना निर्माणका क्रममा परिचय खण्ड निकै महत्वपूर्ण मानिन्छ किनभने शिक्षा विकासमा भौगोलिक तथा जनसाङ्ख्यिक स्वरूप, सामाजिक तथा सांस्कृतिक अवस्था, आर्थिक अवस्था शैक्षिक अवस्था, शिक्षाक्षेत्रका प्रमुख समस्याहरू, अवसरहरू, चुनौतीहरू आदिको प्रभाव रहन्छ । शिक्षा विकासमा मुलुकको भौगोलिक तथा जनसाङ्ख्यिक स्वरूप तथा सामाजिक, सांस्कृतिक तथा आर्थिक परिवेशको प्रभाव रहने भएकाले शिक्षाक्षेत्रको यो योजना निर्माणका क्रममा यी परिवेशहरूको सामान्य समीक्षा गरिएको छ ।

त्यसै गरी यस परिच्छेदमा नेपालमा शिक्षाक्षेत्रको योजना विकासको परिवेशका रूपमा विकासका यी पक्षहरूको सामान्य समीक्षाका साथै नेपालमा विद्यालय शिक्षाक्षेत्रका प्रमुख समस्या, चुनौती तथा अवसरहरू पहिचान गरिएको छ ।

**निम्नलिखित विषयहरूका आधारमा स्थानीय तहको परिचय तयार गर्ने**

## १.१ पृष्ठभूमि

**क. भौगोलिक अवस्थिति :**

- स्थानीय तहको अक्षांश, देशान्तर, क्षेत्रफल, सिमाना, नामाकरण, हावापानी, पर्यटकीय स्थलहरू आदिका बारेमा संक्षेपमा वर्णन गर्ने ।

**ख. जनसाङ्ख्यिक संरचना :**

- जम्मा जनसङ्ख्या, महिला, पुरुष, उमेर समूहअनुसारको जनसङ्ख्या, जनसङ्ख्याको बनावट आदि पक्षका बारेमा तथ्याङ्कहरूको समीक्षा एवम् विश्लेषण गर्ने ।

**ग. सामाजिक तथा सांस्कृतिक अवस्था :**

- विभिन्न जातजाति, धर्म, परम्परा, संस्कृति, मूल्यमान्यता आदिका बारेमा विश्लेषणात्मक समीक्षा गर्ने ।

**घ. आर्थिक अवस्था :**

- मुख्य पेसा, व्यापार, व्यवसाय, रोजगारीका क्षेत्र, कृषि, उद्योग, पर्यटन, फलफूल आदि विषयक्षेत्रलाई समावेश गर्ने ।

**ङ. शैक्षिक अवस्था :**

- निम्न विषय क्षेत्रहरूको विश्लेषण गरी अनुच्छेदमा लेख्ने । तालिका समावेश नगर्ने । विद्यालय शिक्षा, साक्षरता, निरन्तर तथा जीवनपर्यन्त सिकाइ, प्राविधिक तथा व्यावसायिक शिक्षाको अवस्था विश्लेषण ।
- उमेर, सामाजिक तथा लैङ्गिक समूहगत साक्षरता स्तर र शैक्षिक प्राप्ति
- तहगत, कक्षा गत खुद भर्ना दर, निरन्तरता दर, टिकाउ दर, तह पूरा गर्ने दर, लैङ्गिक तथा सामाजिक पहुँच, निरन्तरता, सहभागिता


र प्राप्ति

- तहगत विद्यालय, विद्यार्थी, कक्षा कोठा, तहगत विषयगत शिक्षक, शिक्षक विद्यार्थी अनुपात, विषयगत दक्षतायुक्त शिक्षाको उपलब्धता
- कक्षागत शिक्षण सिकाइका लागि उपयुक्त पूर्वाधार र सुविधा सहितका कक्षाकोठा उपलब्धता
- विद्यालयगत सिकाइ सामग्रीको उपलब्धता । विद्यालयगत प्रविधियुक्त कक्षाकोठाको उपलब्धता
- विभिन्न शैक्षिक सूचकगत अवस्था, उपलब्धि तथा अन्तर

## १.२ मुख्य समस्याहरू :

माथि उल्लेख गरिएको शैक्षिक अवस्थाको विश्लेषणबाट स्थानीय तहहरूले शिक्षाक्षेत्रमा गरेका सबल पक्षहरू, मुख्य मुख्य समस्याहरू, शिक्षाक्षेत्रका चुनौती तथा अवसरहरू पहिचान गर्नुपर्दछ। समस्याहरू पहिचान गरी विश्लेषण गर्ने विभिन्न विधिहरू छन् । ती विधिहरूमध्ये समस्या वृक्ष (Problem Tree) लाई प्रमुख विधि मानिन्छ । मुख्य समस्याहरू विश्लेषण गर्दा स्थानीय तहले वर्तमान अवस्थाको विश्लेषणबाट पहिचान गरेका मुख्य कमजोरी तथा समस्याहरूलाई समस्या वृक्ष (problem Tree) मा प्रस्तुत गरी मुख्य समस्या (Core Problem), समस्याका प्राथमिक कारणहरू (Primary Causes) र सहायक कारणहरू (Secondary Causes) र समस्याले पारेको प्रभाव (Impact) गरी ३ किसिमबाट विश्लेषण गर्नुपर्दछ । मुख्य समस्या राम्रोसँग पहिचान हुन नसकेमा योजना प्रभावकारी हुन सक्दैन । मुख्य समस्याको पहिचान गरी समस्याका कारणहरूलाई नै योजनाको रणनीति तथा कार्यनीतिका रूपमा प्रस्तुत गर्न सकेमा मात्र योजनाको प्रभावकारी ढङ्गबाट कार्यान्वयन हुन जान्छ। शिक्षा योजनामा शैक्षिक समस्याहरू उल्लेख गर्दा समतामूलक पहुँच, गुणस्तर, संस्थागत क्षमता विकास, सहभागिता, व्यवस्थापन आदि पक्षहरूसँग सम्बन्धित गरेर उल्लेख गर्दा राम्रो हुन्छ । समस्याहरू जहिले पनि सङ्गठनको वा संस्थाको आन्तरिक पक्षसँग मात्र सम्बन्धित हुनुपर्दछ। समस्याहरू कार्यान्वयन योग्य हुनुपर्दछ । मुख्य समस्याहरू समाधान गर्नु नै योजनाको उद्देश्य हुने भएकाले समस्या पहिचान गर्दा विशेष ध्यान दिनु आवश्यक छ ।

**समस्याहरू विश्लेषण गर्दा समस्याहरूलाई तल दिइएको समस्या वृक्षमा राखी मुख्य समस्या, समस्याका प्राथमिक र सहायक कारणहरू र समस्याले पारेका प्रभाव गरी ३ भागमा विभाजन गरी विश्लेषण गर्नुपर्दछ ।**



### उदाहरणका रूपमा केही शैक्षिक समस्याहरूलाई देहायबमोजिम उल्लेख गर्न सकिन्छ

विद्यालय शिक्षामा सबै बालबालिकाहरूलाई पहुँच, सहभागिता र गुणस्तरको सुनिश्चितता गर्न नसक्नु, पाठ्यक्रमले तोकेबमोजिमका सिकाइ उपलब्धिहरू हासिल गर्न नसक्नु, बालमैत्री विद्यालय निर्माण गरी सिकाइ वातावरणमा सुधार हुन नसक्नु, स्थानीय पाठ्यक्रम निर्माण गरी प्रभावकारी रूपमा कार्यान्वयन गर्न नसक्नु, विषयगत रूपमा र कक्षागत रूपमा शिक्षकहरूको दरबन्दी नहुनु, शिक्षामा सूचना तथा सञ्चार प्रविधिको पहुँच नहुनु र प्रभावकारी रूपमा कार्यान्वयन गर्न नसक्नु, साक्षरता निरन्तर शिक्षा र जीवनपर्यन्त शिक्षाका अवसरहरू उपलब्ध गराउन नसक्नु, वैकल्पिक सिकाइको प्रभावकारी रूपमा कार्यान्वयन गर्न नसक्नु, उपयुक्त भौतिक पूर्वाधारको विकास गर्न नसक्नु आदिलाई शिक्षाक्षेत्रका प्रमुख समस्याका रूपमा उल्लेख गर्न सकिन्छ ।

## १.३ शिक्षाक्षेत्रका चुनौतीहरू :

चुनौतीहरू जहिले पनि संस्था वा सङ्गठनभन्दा बाह्य रूपमा हेर्नुपर्दछ । शिक्षाक्षेत्रका चुनौतीहरूलाई SWOT Analysis का आधारमा विश्लेषण गर्न सकिन्छ । सबल पक्षहरू र समस्याहरू जहिले पनि संस्थाको आन्तरिक पक्षसँग सम्बन्धित हुन्छन् भने अवसर र चुनौतीहरू बाह्य पक्षसँग सम्बन्धित हुन्छन् । सङ्घीय सरकार, प्रदेश सरकार तथा अन्य विभिन्न सङ्घसंस्थाहरूबाट शिक्षाक्षेत्रमा के कस्ता अवसरहरू प्राप्त भएको छ र ती अवसरलाई कार्यान्वयन गर्दा के कस्ता बाधा तथा अवरोधहरू आउन सक्छन्, सोका आधारमा चुनौतीहरू विश्लेषण गर्नुपर्दछ । उदाहरणका लागि शिक्षामा सूचना तथा सञ्चार प्रविधिको पहुँच पुग्नु अवसर हो भने सोको प्रभावकारी रूपमा कार्यान्वयन हुन नसक्नु चुनौती हो ।




### शिक्षाक्षेत्रसँग सम्बन्धित मुख्य मुख्य चुनौतीहरूलाई देहायबमोजिम उल्लेख गर्न सकिन्छ

गुणस्तरीय शिक्षाको प्रभावकारी रूपमा कार्यान्वयन गर्नु, विद्यालय नक्साङ्कन तथा समायोजन गर्नु, विद्यालय शिक्षक दरबन्दी व्यवस्थापन गर्नु, निःशुल्क तथा अनिवार्य शिक्षा कार्यान्वयन गर्नु, पाठ्यक्रम पाठ्यपुस्तक तथा मूल्याङ्कन प्रणालीमा सुधार गर्नु, शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्नु, विपत् व्यवस्थापन र वैकल्पिक शिक्षण सहजीकरण गर्नु, जीवनपर्यन्त सिकाइका अवसरहरू सुनिश्चित गर्नु, उपयुक्त भौतिक पूर्वाधारको निर्माण गर्नु, विद्यालय शिक्षामा सुशासन कायम गर्नु शिक्षाक्षेत्रमा चुनौतीका रूपमा रहेको देखिन्छ ।

## १.४ अवसरहरू :

अवसरहरू जहिले पनि संस्था वा सङ्गठनभन्दा बाह्य रूपमा हेर्नुपर्दछ । अवसरहरू शिक्षा योजनाको उद्देश्य प्राप्तिमा केन्द्रित हुनुपर्दछ । शिक्षाक्षेत्रका अवसरहरू विश्लेषण गर्दा पनि SWOT Analysis लाई मुख्य आधार बनाएर उल्लेख गर्नुपर्दछ । सङ्घीय सरकार, प्रदेश सरकार तथा अन्य विभिन्न सङ्घसंस्थाहरूबाट शिक्षाक्षेत्रका कार्यक्रमहरू कार्यान्वयन गर्नका लागि के कस्ता अवसरहरू प्राप्त भएका छन्, सोका आधारमा अवसरहरू उल्लेख गर्नुपर्दछ । जस्तै- शिक्षामा सूचना तथा सञ्चार प्रविधिको पहुँच पुग्नु शिक्षाक्षेत्रको अवसर हो । आधारभूत तहमा अनिवार्य तथा निःशुल्क शिक्षा र माध्यमिक तहमा निःशुल्क शिक्षाका लागि संवैधानिक, कानुनी र नीतिगत व्यवस्था स्थानीय तहमा शिक्षाक्षेत्रमा क्रियाशील संस्थाहरू शिक्षाको विकासमा विभिन्न साझेदार संस्थाको लगानी र सहभागिता, शिक्षामा लगानीका लागि स्थानीय तहको प्रतिबद्धता, तीनै तहको सरकारबाट शिक्षाक्षेत्रमा लगानी र सहकार्य आदि जस्ता पक्षहरूलाई शिक्षाक्षेत्रको अवसरका रूपमा लिन सकिन्छ ।

**शिक्षाक्षेत्रसँग सम्बन्धित मुख्य मुख्य अवसरहरू देहायबमोजिम उल्लेख गर्न सकिन्छ**

संवैधानिक तथा कानुनी आधारहरू प्राप्त हुनु, तीन तहका सरकारबीच समन्वय, सहकार्य र जिम्मेवारी पूरा गर्न सकिने अधिकार हुनु, शिक्षामा लगानी वृद्धि गरी गुणस्तर सुधार गर्न सकिनु, स्थानीय सरकार सञ्चालन ऐनले शिक्षाका अधिकारहरू स्थानीय तहमा प्रदान गर्नु, तीनवटै सरकार तथा अन्य सङ्घसंस्थाहरूबाट शिक्षामा लगानी गर्न सकिने वातावरण हुनु, सूचना तथा सञ्चार प्रविधिको प्रयोगमा विस्तार हुनु, स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयनको अवसर हुनु, वैकल्पिक सिकाइ सहजीकरण गरी विद्यार्थीको सिक्न पाउने अधिकारको सुनिश्चितता हुनुलाई शिक्षाक्षेत्रको अवसरका रूपमा लिन सकिन्छ ।

# परिच्छेद २ : लक्ष्य निर्धारण

शिक्षा योजना निर्माणका क्रममा महत्वपूर्ण भागका रूपमा परिच्छेद २ रहेको छ । आगामी १० वर्षभित्रमा स्थानीय तहको शिक्षाक्षेत्र कस्तो हुने भन्ने कुराको प्रतिविम्बन यस भागमा रहन्छ ।
योजनाको सोच, लक्ष्य, उद्देश्यहरू, रणनीतिहरू, कार्यनीतिहरू, अपेक्षित उपलब्धिहरू र मुख्य मुख्य कार्यसम्पादन सूचकहरूको लक्ष्य निर्धारण स्पष्ट हुन नसकेमा योजना प्रभावकारी बन्न सक्दैन । यस परिच्छेदमा योजनाको दीर्घकालीन सोच, लक्ष्य, उद्देश्यहरू, रणनीतिहरू, कार्यनीतिहरू, अपेक्षित उपलब्धिहरू र मुख्य मुख्य कार्यसम्पादन सूचकहरूको लक्ष्य निर्धारणका बारेमा उल्लेख गरिएको छ ।

**शिक्षा योजना निर्माणका क्रममा समस्या, उद्देश्य र उपलब्धिबीचको समन्वय र सम्बन्धलाई तलको तालिकामा प्रस्तुत गरिएको छ –**

| समस्या वृक्ष | उद्देश्य वृक्ष | उपलब्धि वृक्ष |
|---|---|---|
| Problem Tree | Objective Tree | Outcome Tree |
| **मुख्य समस्या** | **उद्देश्य** | **उपलब्धि** |
| Core problem | Objectives | Outcomes |
| **समस्याका प्राथमिक कारणहरू** | **रणनीतिहरू** | **उपलब्धि** |
| Primary Causes | Strategies | Outputs |
| **समस्याका सहायक कारणहरू** | **कार्यनीतिहरू** | **क्रियाकलापहरू** |
| Secondary Causes | Strategies | Activities |
| **समस्याले पारेको प्रभाव भाभअत** | **असर** | **योजनाको लक्ष्य** |
| | Imapct | Goal |

## २.१ दूरदृष्टि :

- संस्थालाई पाँच वर्ष, दश वर्ष वा सोभन्दा लामो अवधि वा दीर्घकालमा कस्तो अवस्थामा पुऱ्याउने, कसरी एक उत्कृष्ट संस्थाका रूपमा विकसित गर्नेजस्ता सवालहरूबाट संस्थाको दूरदृष्टि निर्माण गरिन्छ ।
- दूरदृष्टि उल्लेख गर्दा सकभर नारा (Slogan)का रूपमा छोटो र सजिलैसँग बुझ्न सक्ने खालको हुनुपर्दछ ।
- शिक्षाक्षेत्रको योजनामा भएको राष्ट्रिय दीर्घकालीन सोच, प्रदेश सरकारका आवधिक योजना तथा स्थानीय सरकारका आवधिक योजनाहरूमा भएका दीर्घकालीन सोचहरूलाई (Vision) आधार मानी स्थानीय तहको शिक्षा योजनाको दीर्घकालीन सोच उल्लेख गर्ने ।

### केही दीर्घकालीन सोचका उदाहरण

- गुणस्तरीय, दक्ष र प्रविधिमैत्री शिक्षा ....गाउँपालिकाको प्रतिबद्धता ।
- गुणस्तरीय र प्रविधिमैत्री शिक्षा ....आजको आवश्यकता ।
- शिक्षित, सभ्य र सचेत नागरिक ....हाम्रो चाहना ।

## २.२ लक्ष्य :

- धेरै उद्देश्य प्राप्त गरेर अन्त्यमा प्राप्त हुने उद्देश्य नै लक्ष्य हो । जसलाई Ultimate Goal भनिन्छ ।
- स्थानीय तहको दीर्घकालीन सोच हासिल गर्न सहयोग पुग्नेगरी स्थानीय तहको लक्ष्य (Goal) निर्धारण गर्नुपर्छ ।
- लक्ष्यले स्थानीय तहले राखेको दीर्घकालीन सोचमा कसरी पुग्ने भन्ने प्रश्नको उत्तर दिनुपर्दछ ।
- लक्ष्य उल्लेख गर्दा क्रियापद 'ने' मा टुङ्ग्याउनुपर्दछ।

- **दीर्घकालीन सोच :** गुणस्तरीय, दक्ष र प्रविधिमैत्री शिक्षा
- **लक्ष्य :** विद्यालय शिक्षालाई प्रतिस्पर्धी, प्रविधिमैत्री र गुणस्तरीय बनाई दक्ष एवम् सिपमूलक जनशक्ति उत्पादन गर्ने ।

## २.२ लक्ष्य :

- योजनाको उद्देश्यमा योजनाको कार्यान्वयनबाट के हासिल हुन्छ भन्ने कुरा जनाउने गरिन्छ ।
- उद्देश्यले सम्बन्धित स्थानीय तहको योजनाबाट के प्राप्ति वा किनको उत्तर खोज्दछ ।
- उद्देश्य योजना अवधिका लागि हुने भएकाले सो अवधिलाई ख्याल गरेर लेख्नुपर्छ ।
- उद्देश्य एकभन्दा बढी हुन सक्दछन् ।
- उद्देश्यहरू परिच्छेद १ मा भएका शिक्षाक्षेत्रका समस्याहरूसँग सम्बन्धित हुनुपर्दछ ।
- उद्देश्यहरू लेख्दा क्रियापद 'नु' मा टुङ्ग्याउनु पर्दछ ।
- स्थानीय तहको लक्ष्य हासिल गर्न सहयोग पुग्ने गरी शैक्षिक उद्देश्यहरू निर्धारण गर्नुपर्छ । (शैक्षिक उद्देश्यका क्षेत्रहरू : प्रारम्भिक बालविकास तथा शिक्षा, आधारभूत शिक्षा, माध्यमिक शिक्षा, उच्च शिक्षा, प्राविधिक तथा व्यावसायिक शिक्षा, अनौपचारिक तथा जीवनपर्यन्त सिकाइ, समावेशी शिक्षा आदि हुन सक्छन् ।)

## उदाहरणका लागि :

१. सबै बालबालिकाहरूलाई विद्यालय शिक्षामा समतामूलक पहुँच सुनिश्चित गर्नु ।
२. आधारभूत तथा माध्यमिक तहको शिक्षामा गुणस्तर सुनिश्चित गर्नु ।
३. पाठ्यक्रमले तोकेबमोजिमका सिकाइ उपलब्धिहरू हासिल गर्नु ।

४. बालमैत्री तथा अपाङ्गतामैत्री भौतिक पूर्वाधार निर्माण गरी सिकाइ वातावरणमा सुधार ल्याउनु ।
५. स्थानीय पाठ्यक्रम निर्माण गरी प्रभावकारी रूपमा कार्यान्वयन गर्नु ।
६. विषयगत रूपमा र कक्षागत रूपमा शिक्षकहरूको दरबन्दी व्यवस्थापन गर्नु ।
७. शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रभावकारी रूपमा कार्यान्वयन गर्नु ।
८. साक्षरता निरन्तर शिक्षा र जीवनपर्यन्त शिक्षाका अवसरहरू सुनिश्चित गर्नु ।
९. आपत्कालीन अवस्थामा पनि विद्यार्थीहरूको सिक्ने पाउने अधिकार सुनिश्चित गर्दै वैकल्पिक सिकाइको प्रभावकारी रूपमा कार्यान्वयन गर्नु ।

## २.४ रणनीतिहरू :

- लक्ष्य एवम् उद्देश्य हासिल गर्न अपनाउनुपर्ने माध्यम/विधि/शैली रणनीति हो ।
- योजनाको लक्ष्य एवम् उद्देश्य कसरी प्राप्त गर्ने भन्ने कुरा रणनीतिमा उल्लेख गरिन्छ ।
- आवधिक योजनामा रणनीति लेख्दा शिक्षाक्षेत्रका विभिन्न क्षेत्रलाई समेट्ने गरी लेख्नुपर्दछ ।
- सामान्यतया एउटा उद्देश्यसँग सम्बन्धित २-३ वटा रणनीति लेख्ने गरिन्छ ।
- रणनीति लेख्दा ने वा गर्ने क्रियापदको प्रयोग गर्नुपर्छ ।

**जस्तै : पाठ्यक्रमलाई परिवर्तन गरी समयानुकूल बनाइने । शिक्षकहरूको क्षमता विकास गरिने ।**

सबैका लागि आधारभूत शिक्षा अनिवार्य र निःशुल्क गर्नु उद्देश्य हो भने निःशुल्क पाठ्यपुस्तक, दिवाखाजा र स्यानिटरी प्याड वितरण गर्ने रणनीति हो ।

- उदाहरणका लागि समतामूलक र समावेशी शिक्षाका लागि तथ्याङ्क सङ्कलन, प्रोत्साहनमूलक कार्यक्रमहरू, क्षमता विकास कार्यक्रमहरू, संरचनागत व्यवस्था, समन्वय तथा सहकार्य, समुदाय परिचालन, बालमैत्री शिक्षण सिकाइ क्रियाकलाप, सामग्री र भौतिक संरचना, विपद् व्यवस्थापन आदि विषयहरूलाई रणनीतिका रूपमा उल्लेख गर्न सकिन्छ ।

## उदाहरण :

**उद्देश्य नं १ सँग सम्बन्धित रणनीतिहरू**

१. सबै बालबालिकाहरूलाई विद्यालय शिक्षामा पहुँच सुनिश्चित गर्नका लागि विद्यालयहरूको नक्साङ्कन गरी आवश्यकताका आधारमा शैक्षिक सेवाहरूको पहुँच विस्तार गर्ने ।
२. अनिवार्य तथा निःशुल्क शिक्षाको मापदण्डबमोजिम विद्यालय शिक्षामा समतामूलक पहुँच र गुणस्तर सुनिश्चित गर्न विभिन्न प्रोत्साहनमूलक कार्यक्रमहरू सञ्चालन गर्ने ।

## २.५ कार्यनीति :

- योजनाको रणनीति कार्यान्वयन गर्न कार्यनीति लागू गरिन्छ ।
- प्रत्येक रणनीतिसँग सम्बन्धित कार्यनीति लेख्नु आवश्यक हुन्छ ।
- कार्यनीति लेख्दा 'गरिनेछ' वा 'नेछ' मा टुङ्ग्याउनुपर्दछ ।
- त्यसपछि कोष्ठमा सम्बन्धित रणनीति नम्बर उल्लेख गर्नुपर्दछ ।

## उदाहरण :

**रणनीति नं १ र २ सँग सम्बन्धित कार्यनीतिहरू**

१. विद्यालय नक्साङ्कनका आधारमा विद्यालय स्थापना, समायोजन तथा विस्तार गरिनेछ ।

२. विद्यालय शिक्षामा पहुँच वृद्धि गर्नका लागि विद्यालय भर्ना तथा स्वागत कार्यक्रम, निःशुल्क पाठ्यपुस्तक, छात्रवृत्ति, दिवा खाजा, विद्यालय पोसाक, शैक्षिक सामग्री वितरण, अभिभावक शिक्षा आदि जस्ता कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

३. विद्यालय बाहिर रहेका सबै बालबालिकाहरूलाई विद्यालयमा भर्ना गर्ने अभियानलाई निरन्तरता दिँदै विभिन्न प्रोत्साहनमूलक कार्यक्रम सञ्चालन गरी स्थानीय तहले आफ्नो सेवा क्षेत्रभित्र कुनै पनि बालबालिका बाहिर नरहेको घोषणा गर्ने कार्यक्रम सञ्चालन गरिनेछ ।

४. सबैका लागि अनिवार्य तथा निःशुल्क शिक्षा सुनिश्चित गर्न शारीरिक तथा सामाजिक रूपमा पछाडि परेका बालबालिकाहरूलाई विशेष सिकाइ सामग्री र उचित शैक्षिक अवसरको सृजना गरिनेछ ।

५. शिक्षण सिकाइ क्रियाकलापलाई प्रभावकारी बनाउन

## २.६ अपेक्षित उपलब्धि :

- उल्लिखित रणनीति र सोअनुरूप लिइने कार्यनीति तथा कार्यक्रमहरू सञ्चालन गरेपछि योजनाको अन्त्यमा हासिल गरिने प्रतिफल (Output), उपलब्धि (Outcome) र प्रभाव (Impact) सम्भव भएसम्म मापनयोग्य आधार रेखा (Baseline) र लक्ष्य (Target) समेत खुल्नेगरी उल्लेख गर्नुपर्दछ ।
- यसले योजनाको नतिजा खाका तयार गर्न मद्दत पुऱ्याउँदछ ।
- अपेक्षित उपलब्धि लेख्दा क्रियापद 'पुगेको हुनेछ' वा 'भएको हुनेछ' मा टुङ्ग्याउनुपर्दछ ।
- अपेक्षित उपलब्धिमा परिच्छेद २ मा उल्लेख गरिएका उद्देश्यहरूलाई नै उल्लेख गर्नुपर्दछ ।

## उदाहरणका लागि :

- **उद्देश्य :** सबै बालबालिकाहरूलाई विद्यालय शिक्षामा पहुँच सुनिश्चित गर्नु ।
- **अपेक्षित उपलब्धि :** सबै बालबालिकाहरूको विद्यालय शिक्षामा पहुँच सुनिश्चित भएको हुनेछ ।

## २.७ मुख्य कार्यसम्पादन सूचक र लक्ष्य निर्धारण :

यस तालिकामा स्थानीय तहले विद्यालय क्षेत्र विकास योजनाले निर्दिष्ट गरेका मुख्य मुख्य कार्यसम्पादन सूचकहरूका आधारमा आगामी २ वर्ष, ३ वर्ष र ५ वर्षको लक्ष्य निर्धारण गर्नुपर्दछ ।

| क्र.सं. | सूचक | राष्ट्रिय, प्रदेश र स्थानीय तहको सूचक | आधार वर्ष २०७७ | २०७९ | २०८२ | २०८७ | सूचकको स्रोत | कार्यसम्पादन सम्बन्धी सूचनाको स्रोत |
|---|---|---|---|---|---|---|---|---|
| १. प्रारम्भिक बाल विकास र शिक्षा | | | | | | | | |
| १.१ | प्रारम्भिक बालविकास र शिक्षामा कुल भर्ना दर* (%) | स्थानीय | | | | | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ८६.२ | ८९.५ | ९४.० | ९९.० | | |
| १.२ | प्रारम्भिक बालविकास र शिक्षाको अनुभव लिई कक्षा १ मा भर्ना भएका बालबालिका* (%) | स्थानीय | | | | | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ६८.६ | ७३.० | ८५.० | ९५.० | | |
| २. आधारभूत शिक्षा कक्षा (कक्षा १-८) | | | | | | | | |
| २.१ | कक्षा १ मा भर्ना भएका बालबालिकाको खुद भर्ना दर (%) | स्थानीय | | | | | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ९६.९ | ९७.५ | ९९.० | १०० | | |
| २.२ | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको कुल प्रवेश दर (%) | स्थानीय | | | | | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | १२१.९ | ११५.० | १०७.० | १०५.० | | |
| २.३ | आधारभूत तह (प्राथमिक कक्षा १-५)मा खुद भर्ना दर* (%) | स्थानीय | | | | | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ९७.१ | ९९ | ९९.५ | १०० | | |
| २.४ | आधारभूत तह (प्राथमिक कक्षा १-५)मा कुल भर्ना दर | स्थानीय | | | | | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ११९.२ | ११५.० | | | | |
| २.५ | आधारभूत तहको कक्षा ५ को खुद प्रवेश दर* (%) | स्थानीय | | | | | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ९८.३ | | | | | |
| २.६ | आधारभूत तहको कक्षा ५ को कुल प्रवेश दर* (%) | स्थानीय | | | | | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ११३.० | ११०.० | १०७.० | १०५.० | | |
| २.७ | आधारभूत तहको कक्षा ५ सम्म टिकाउ दर* (%) | स्थानीय | | | | | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ९३.० | | | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| २.८ | आधारभूत तह (प्राथमिक कक्षा ५) पूरा गर्ने दर* (%) | | स्थानीय | | | | | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | ८५.८ | ९३.१ | ९५.५ | ९९.५ | | |
| २.९ | आधारभूत तहमा (प्राथमिक कक्षा १-५)मा भर्ना भएका ५-९ वर्ष उमेरभन्दा माथिका बालबालिका* (%) | | स्थानीय | | | | | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | २२.२ | २०.० | १५.० | १०.० | | |
| २.१० | आधारभूत तह (प्राथमिक कक्षा १-५) कुल भर्ना दरमा लैङ्गिक समता सूचाङ्क* | | स्थानीय | | | | | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | १.०६ | | | १.०१ | | |
| २.११ | आधारभूत तह (कक्षा १-८)मा खुद भर्ना दर* (%) | | स्थानीय | | | | | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | ९३.४ | ९९.० | | १०० | | |
| २.१२ | आधारभूत तह (कक्षा १-८)मा कुल भर्ना दर (%) | | स्थानीय | | | | | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | ११०.४ | | | | | |
| २.१३ | आधारभूत तहको कक्षा ८ सम्मको टिकाउ दर* (%) | | स्थानीय | | | | | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | ७९.३ | | | ९५.० | | |
| २.१४ | आधारभूत तहको कक्षा १ मा भर्ना भई कक्षा ८ पूरा गर्ने दर* (%) | | स्थानीय | | | | | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | ७२.७ | | | ९५.० | | |
| २.१५ | आधारभूत तह (कक्षा १-८) कुल भर्ना दरमा लैंगिक समता सूचक* | | स्थानीय | | | | | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | १.०१ | १.०१ | | | | |
| २.१६ | कक्षा ३ मा न्यूनतम सिकाइ उपलब्धि हासिल गरेका (कक्षा ३ को आधारभूत वा तह २ हासिल भएका) बालबालिकाको सङ्ख्या (%) | नेपाली भाषा | स्थानीय | | | | | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | कार्तिक-मङ्सिरमा नयाँ नतिजा आउने भएकाले सोहीबमोजिम पछि राखिने | | | | | |
| | | गणित | स्थानीय | कार्तिक-मङ्सिरमा नयाँ नतिजा आउने भएकाले सोहीबमोजिम पछि राखिने | | | | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | | | | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| २.१७ | कक्षा ५ मा न्यूनतम सिकाइ उपलब्धि हासिल गरेका (कक्षा ५ को आधारभूत तह हासिल भएका) बालबालिकाको सङ्ख्या (%) | नेपाली भाषा | स्थानीय | | | | | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | ४५.० | ५२.० | ६०.० | ७०.० | | |
| | | गणित | स्थानीय | | | | | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | २८.३ | ४०.० | ६०.० | ७०.० | | |
| | | अङ्ग्रेजी | स्थानीय | | | | | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | | | | | | |
| २.१८ | कक्षा ८ मा न्यूनतम सिकाइ उपलब्धि हासिल गरेका (कक्षा ८ को तह ३ हासिल भएका) बालबालिकाको सङ्ख्या (%) | नेपाली भाषा | स्थानीय | | | | | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | ६८.५ | ७० | ७२ | ७५ | | |
| | | गणित | स्थानीय | | | | | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | ५३.५ | ६०.० | ६५.० | ७०.० | | |
| | | विज्ञान | स्थानीय | | | | | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | ४३.८ | ५०.० | ६०.० | ७०.० | | |
| २.१९ | विद्यालयबाहिर रहेका बालबालिका* (%) | आधारभूत (कक्षा १-५) | स्थानीय | | | | | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | २.९ | १.० | ०.५ | ० | | |
| | | आधारभूत (कक्षा १-८) | स्थानीय | | | | | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | ६.६ | | १.० | ० | | |
| २.२० | आधारभूत तह (कक्षा १-८) अध्यापनरत कुल शिक्षकमध्ये महिला शिक्षकको सङ्ख्या* (%) | | स्थानीय | | | | | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | ४३.७ | ४५.० | ५०.० | ५०.० | | |
| ३. | माध्यमिक शिक्षा (कक्षा ९-१२) | | | | | | | | |
| ३.१ | माध्यमिक तह (कक्षा ९-१२)मा खुद भर्ना दर* (%) | | स्थानीय | | | | | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | ४७.६ | | ६५.० | | | |
| ३.२ | माध्यमिक तह (कक्षा ९-१२)मा कुल भर्ना दर* (%) | | स्थानीय | | | | | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | ७१.४ | | | ९९.० | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ३.३ | माध्यमिक तहमा कुल भर्ना दरमा लैङ्गिक समता सूचक* (कक्षा ९-१२) | स्थानीय | | | | | | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | १.०२ | १.० | १.० | १.० | | |
| ३.४ | आधारभूत तहबाट माध्यमिक तहमा ट्रान्जिसन दर* (%) | स्थानीय | | | | | | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | ९७.५ | | | | | |
| ३.५ | कक्षा १ मा भर्ना भएका बालबालिकामध्ये कक्षा १० मा पुग्ने दर (%) | स्थानीय | | | | | | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | ६०.३ | | | | | |
| ३.६ | कक्षा १ मा भर्ना भएका बालबालिकामध्ये कक्षा १२ मा पुग्ने दर (%) | स्थानीय | | | | | | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | २४.० | | | | | |
| ३.७ | माध्यमिक तह (कक्षा ९-१२) मा कार्यरत महिला शिक्षक सङ्ख्या* (%) | स्थानीय | | | | | | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | २०.६ | २२.० | २७.० | ३३.० | | |
| ३.८ | माध्यमिक तह (कक्षा ९-१२)मा अध्ययनरत विद्यार्थीमध्ये विज्ञान र प्राविधिक तथा व्यावसायिक शिक्षा विषयमा भर्ना भएका विद्यार्थी सङ्ख्या* (%) | स्थानीय | विज्ञान | | | | | | |
| | | | प्रा.व्या. | | | | | | |
| | | प्रदेश | विज्ञान | | | | | | |
| | | | प्रा.व्या. | | | | | | |
| | | राष्ट्रिय | विज्ञान | | | १५.० | | | |
| | | | प्रा.व्या. | १०.० | १७.० | ३०.० | | | |
| ३.९ | कक्षा १० का विद्यार्थी सिकाइ उपलब्धि* (अङ्कमा) | नेपाली भाषा | स्थानीय | | | | | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | | | | | | |
| | | गणित | स्थानीय | | | | | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | | | | | | |
| | | विज्ञान | स्थानीय | | | | | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | | | | | | |
| | | अङ्ग्रेजी | स्थानीय | | | | | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | | | | | | |
| ४. | जीवनपर्यन्त शिक्षा तथा सिकाइ र अनौपचारिक शिक्षा | | | | | | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ४.१ | साक्षरता दर (१५ वर्षभन्दा माथि) (%) | स्थानीय | | | | | | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | ५८.० | | ९५.० | | | |
| ४.२ | साक्षरता दर (६ वर्षभन्दा माथि) (%) | स्थानीय | | | | | | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | ८२.० | ८९.० | ९५.० | १०० | | |
| ४.३ | साक्षरता दर (१५-२४ उमेर समूह) (%) | स्थानीय | | | | | | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | ९२.० | | ९९.० | | | |
| ४.४ | साक्षरता दरमा लैङ्गिक समता (१५ वर्षभन्दा माथि) | स्थानीय | | | | | | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | ०.६५ | | | ०.८० | | |
| ५. प्राविधिक तथा व्यावसायिक शिक्षा र सिप विकास तालिम | | | | | | | | | |
| ५.१ | प्राविधिक तथा व्यावसायिक सिप विकास तथा तालिम प्राप्त आर्थिक रूपले सक्रिय जनशक्ति* (%) | स्थानीय | | | | | | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | ३१.० | ४०.० | ५०.० | ७५.० | | |
| ५.२ | प्राविधिक तथा व्यावसायिक शिक्षा (कक्षा ९-१२ वा डिप्लोमा वा प्रि-डिप्लोमा वा सो सरह) उत्तीर्ण जनशक्ति* (वार्षिक सङ्ख्या) | स्थानीय | छात्रा | | | | | | |
| | | | छात्र | | | | | | |
| | | प्रदेश | छात्रा | | | | | | |
| | | | छात्र | | | | | | |
| | | राष्ट्रिय | छात्रा | | | | | | |
| | | | छात्र | | | | | | |
| ६. सुशासन तथा व्यवस्थापन | | | | | | | | | |
| ६.१ | आधारभूत तह (कक्षा १-५)मा विद्यार्थी-शिक्षक अनुपात (सामुदायिक विद्यालय) | स्थानीय | | | | | | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | २४:१ | | ३०:१ | ३०:१ | | |
| ६.२ | आधारभूत तह (कक्षा ६-८)मा विद्यार्थी-शिक्षक अनुपात (सामुदायिक विद्यालय) | स्थानीय | | | | | | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | ३०:१ | | ३०:१ | ३०:१ | | |
| ६.३ | आधारभूत तह (कक्षा १-८)मा विद्यार्थी-शिक्षक अनुपात (सामुदायिक विद्यालय) | स्थानीय | | | | | | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | ३३:१ | ३१:१ | ३०:१ | ३०:१ | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ६.४ | माध्यमिक तह (कक्षा ९-१०)मा विद्यार्थी-शिक्षक अनुपात (सामुदायिक विद्यालय) | स्थानीय | | | | | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ४०:१ | | ३०:१ | ३०:१ | | |
| ६.५ | माध्यमिक तह (कक्षा ९-१२)मा विद्यार्थी-शिक्षक अनुपात | स्थानीय | | | | | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ४१:१ | ३५:१ | ३०:१ | ३०:१ | | |
| ७. उच्च शिक्षा | | | | | | | | |
| ७.१ | उच्च शिक्षामा कुल भर्ना दर (%) | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | १२.० | १७.० | २२.० | २५.० | | |
| ७.२ | उच्च शिक्षामा महिला सहभागिता अनुपात | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ०.९० | ०.९४ | ०.९६ | १.० | | |
| ७.३ | प्राविधिक उच्च शिक्षामा विद्यार्थी भर्ना दर (%) | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | २५.० | | ३३.० | | | |
| ८. शिक्षामा लगानी | | | | | | | | |
| ८.१ | कुल बजेटको शिक्षाक्षेत्रमा विनियोजित बजेट* (%) | स्थानीय | | | | | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | १०.६८ | १५.० | १७.० | २०.० | | |
| ८.२ | आधारभूत तह (कक्षा १-८)मा प्रतिविद्यार्थी सरकारी खर्च (रू. हजारमा) | स्थानीय | | | | | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | १८ | २१ | २४ | | | |
| ८.३ | माध्यमिक तह (कक्षा ९-१२)मा प्रतिविद्यार्थी सरकारी खर्च (रू. हजारमा) | स्थानीय | | | | | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ११ | १५ | १७ | | | |

# परिच्छेद ३ : विद्यालय क्षेत्रका मुख्य उपक्षेत्रहरू

यस परिच्छेदमा विद्यालय शिक्षाक्षेत्रका मुख्यमुख्य उपक्षेत्रहरू, जस्तै- प्रारम्भिक बालविकास र शिक्षा, आधारभूत शिक्षा, माध्यमिक शिक्षा, पाठ्यक्रम र मूल्याङ्कन, साक्षरता र जीवनपर्यन्त शिक्षा, शिक्षक व्यवस्थापन र विकासको वर्तमान अवस्थाको समीक्षा गरी सम्बन्धित उपक्षेत्रको विकासको निमित्त अवलम्बन गर्नुपर्ने उद्देश्य तथा रणनीतिहरूको विस्तृतीकरण गरिएको छ । यस परिच्छेदमा समावेश गरिएका उपक्षेत्रहरूलाई परिचय, वर्तमान अवस्था, उद्देश्यहरू, रणनीतिहरू, उपलब्धिहरू, नतिजाहरू र मुख्य क्रियाकलापहरू र लक्ष्य निर्धारण जस्ता ७ वटा उपशीर्षकहरूमा विभाजन गरी विश्लेषण गरिएको छ ।

## ३.१ प्रारम्भिक बालविकास र शिक्षा :

### ३.१.१ परिचय

- प्रारम्भिक बालविकास र शिक्षा कार्यक्रमको परिचय, आवश्यकता र औचित्य उल्लेख गर्ने ।
- प्रारम्भिक बालविकास र शिक्षाका लागि संवैधानिक, कानुनी तथा नीतिगत व्यवस्था र मापदण्डहरू समावेश गर्ने
- प्रारम्भिक बालविकास र शिक्षा विकासको रणनीति आदि विषयक्षेत्रहरूलाई समावेश गरी परिचय खण्ड तयार गर्ने, जस्तै-

प्रारम्भिक बालविकास तथा शिक्षा विद्यालय जाने उमेरपूर्वका बालबालिकाहरूको सर्वाङ्गीण विकासमा सहयोग गर्ने तथा आधारभूत शिक्षाका लागि तयार हुन सहयोग गर्ने कार्यक्रम हो । सर्वाङ्गीण विकासअन्तर्गत बालबालिकाहरूको शारीरिक, मानसिक तथा बौद्धिक, सामाजिक र संवेगात्मक विकास पर्दछन् । कुनै एक पक्षको विकास कमजोर हुँदा व्यक्तिको व्यक्तित्व विकासमा बाधा पर्न सक्ने भएकाले बालबालिकाका उल्लिखित सबै पक्षको विकासमा ध्यान दिनु आवश्यक छ । त्यसैले प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रमले बालबालिकालाई लेखपढ गराउने वा अक्षर तथा अङ्क चिनाउने कार्यमा जोड दिनेभन्दा उनीहरूको सर्वाङ्गीण विकासमा सहयोग गर्नाका साथै आधारभूत शिक्षाका लागि तयार गराउन सहयोग गर्नुपर्छ ।

प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रमहरू विभिन्न समयावधिका सञ्चालन गर्ने प्रचलन भए पनि चार वर्ष उमेर पुगेका बालबालिकाका लागि एक वर्षको प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रम सञ्चालन गरिने नेपालको निःशुल्क तथा अनिवार्य शिक्षा ऐन, २०७५ तथा राष्ट्रिय शिक्षा नीति, २०७६ मा उल्लेख भएको र नेपालको पन्ध्रौं योजनामा पनि सोही व्यवस्था गरिएको सन्दर्भमा यस शिक्षा योजनामा पनि एकवर्षे कार्यक्रम समावेश गरिएको छ । प्रारम्भिक बालविकास राष्ट्रिय रणनीति २०७७-२०८८ (राष्ट्रिय योजना आयोग,

२०७७) ले जन्मदेखि ८ वर्षको प्रारम्भिक बालविकासको अवधिलाई दुई वर्षसम्म, २-४ वर्ष र ४-८ वर्ष गरी तीन समूहमा बाँडेर तीन किसिमका कार्यक्रमहरू प्रस्ताव गरेअनुसार ४-८ वर्षका विकास तथा सिकाइसम्बन्धी कार्यक्रमलाई शिक्षाक्षेत्रमा समावेश गरेको छ । नेपालमा बालबालिकाहरू पाँच वर्ष उमेरमा कक्षा १ मा भर्ना हुने भएकाले यस प्रारम्भिक बालविकास राष्ट्रिय रणनीतिले पनि ४ वर्षका बालबालिकाका लागि एक वर्ष प्रारम्भिक बालविकास तथा शिक्षाको व्यवस्था गर्नुपर्ने देखाएको छ ।

## ३.१.२ वर्तमान अवस्था

**निम्नलिखित विषयहरूलाई समावेश गरी आफ्नो स्थानीय तहको बालविकास र शिक्षाको वर्तमान अवस्थाको विश्लेषण गर्ने–**

- प्रारम्भिक बालविकास केन्द्रको सङ्ख्या, चार वर्ष उमेर समूहका जम्मा बालबालिका सङ्ख्या र उनीहरूको भर्ना दर र प्रारम्भिक बालविकास र शिक्षा कार्यक्रममा सहभागी जम्मा बालबालिकाहरूको सङ्ख्या
- प्रारम्भिक बालविकास र शिक्षाको कुल भर्ना दर (GER)
- कक्षा १ मा प्रारम्भिक बालविकास र शिक्षाको अनुभवसहितको भर्ना दर
- प्रारम्भिक बालविकास र शिक्षामा लैंगिक समतासूचक
- स्थानीय तहमा प्रारम्भिक बालविकास र शिक्षा कार्यान्वयनको अवस्था
- प्रारम्भिक बालविकास र शिक्षामा कार्यरत महिला शिक्षकको प्रतिशत
- अभिभावक शिक्षा र समुदाय परिचालनको अवस्था
- लगानी र स्रोत व्यवस्थापन
- समस्या र चुनौतीहरू

## ३.१.३ उद्देश्य :

१. प्रारम्भिक बालविकास शिक्षामा पहुँच सुनिश्चित गर्नु ।
२. प्रारम्भिक बालविकास तथा शिक्षाको गुणस्तर सुनिश्चित गर्नु ।

## ३.१.४ रणनीतिहरू

**उल्लिखित उद्देश्यहरू हासिल गर्नका लागि निम्नलिखित रणनीतिहरूलाई आवश्यकताअनुसार राख्न सकिन्छ, जस्तै–**

१. सबै बालबालिकाको बाल विकासमा पहुँच सुनिश्चित गर्नका लागि निर्धारित मापदण्ड, नर्म्स र ढाँचाअनुसार प्रारम्भिक बालविकास तथा शिक्षा सञ्चालन गर्ने ।
२. कार्यक्रमको नक्साङ्कन, पुनर्वितरण र आवश्यकताअनुसार नयाँ बालविकास केन्द्र स्थापना गर्ने ।
३. विभिन्न लोपोन्मुख तथा सीमान्तकृत समुदायका बालबालिकाका लागि विभिन्न नमुनाहरू विकास गरी पहुँच सुनिश्चित गर्ने ।
४. प्रारम्भिक बालविकास तथा शिक्षामा लागत सहभागिता अभिवृद्धि गर्ने ।
५. कार्यक्रमको प्रभावकारिता वृद्धिका लागि परिवार, समुदाय, गैरसरकारी सङ्घसंस्था, निजीक्षेत्र र विद्यालयहरूलाई जिम्मेवार बनाउने ।

६. नमुना बालविकास केन्द्रहरू स्थापना गर्ने ।
७. सहयोगी कार्यकर्ताहरूको क्षमता विकासका लागि विभिन्न तालिम कार्यक्रमहरू सञ्चालन गर्ने ।
८. बालकक्षा व्यवस्थापन, कक्षा सजावट, शैक्षिक सामग्रीहरूको व्यवस्थापन गर्ने ।

## ३.१.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

**उपलब्धि :**

१. सबै बालबालिकाहरूलाई गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर सुनिश्चित भएको हुनेछ ।

**प्रमुख नतिजा :**

१. प्रारम्भिक बालविकास तथा शिक्षाको सहजै देखिन भर्ना दर ''' पुगेको हुनेछ ।
२. प्रारम्भिक बालविकास तथा शिक्षा उमेरका बालबालिकाहरूको प्रारम्भिक बालविकास तथा शिक्षाको अनुभवसहित कक्षा १ मा प्रवेश गर्ने दर ''' पुगेको हुनेछ ।
३. सबै प्रारम्भिक बालविकास केन्द्रहरूले न्यूनतम मापदण्ड पूरा गरेका हुनेछन् ।
४. ''''प्रतिशत सहयोगी कार्यकर्ताहरूले तालिम प्राप्त गरेका हुनेछन् ।
५. प्रारम्भिक बालविकास तथा शिक्षाको कार्यान्वयनमा परिवार, समुदाय, गैरसरकारी सङ्घसंस्था र विद्यालयहरू जिम्मेवार भएका हुनेछन् ।

## प्रमुख क्रियाकलापहरू र लक्ष्य निर्धारण

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | एकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | प्रारम्भिक बालविकास तथा शिक्षाका न्यूनतम मापदण्डको प्रबोधीकरण | जना | २० | २० | २० | २० | २० | १०० | | |
| २ | प्रारम्भिक बालविकास तथा शिक्षाकेन्द्रहरूको नक्साङ्कन तथा पुनर्वितरण | | | | | | | | | |
| ३ | वैकल्पिक प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रम सञ्चालन | | | | | | | | | |
| ४ | परिवार, समुदाय, गैरसरकारी संघसंस्था, निजीक्षेत्रसँगको सहकार्य | | | | | | | | | |
| ५ | अपाङ्गता पहिचान गरी थप सेवा उपलब्ध गराउने | | | | | | | | | |
| ६ | बालबालिकाको अभिलेखीकरण | | | | | | | | | |
| ७ | अपाङ्गता भएका बालबालिकाका लागि वैयक्तिक परिवार सेवा योजना | | | | | | | | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ८ | पोषणयुक्त दिवा खाजाको व्यवस्था | | | | | | | | | |
| ९ | बालविकासको पाठ्यक्रम प्रबोधीकरण | | | | | | | | | |
| १० | पूर्वाधार, सिकाइ क्षेत्र, केन्द्रको भित्री तथा बाहिरी सिकाइ तथा खेल सामग्री व्यवस्थापन | | | | | | | | | |
| ११ | सहयोगी कार्यकर्ताहरूको योग्यता र क्षमता विकास | | | | | | | | | |
| १२ | बालबालिकाको स्वास्थ्यजाँच, खोप तथा स्वास्थ्यसम्बन्धी अभिलेख व्यवस्थापन, वृद्धि अनुगमन गर्ने र कुपोषण भएका बालबालिकाको आवश्यक प्रबन्ध गर्ने | | | | | | | | | |
| १३ | स्थानीय भाषालाई प्राथमिकता दिई आवश्यकता अनुसार स्थानीय भाषाको प्रयोग | | | | | | | | | |
| १४ | अभिभावक शिक्षा | | | | | | | | | |
| १५ | अभिभावक तथा समुदायका सदस्यमार्फत स्थानीय ज्ञान तथा सिपहरू बालबालिकालाई सिकाउने व्यवस्था | | | | | | | | | |
| १६ | बालबालिकाको शारीरिक, सामाजिक, मानसिक तथा भावनात्मक सुरक्षा तथा आवश्यकता अनुसार मनोसामाजिक परामर्श उपलब्ध गराउने | | | | | | | | | |
| १७ | परिवार, समुदाय, निजीक्षेत्र तथा गैरसरकारी सङ्घसंस्थाहरूको सहभागिता, संलग्नता र जिम्मेवारी वृद्धि | | | | | | | | | |
| १८ | शैक्षिक सूचना व्यवस्थापन प्रणालीमा बालविकासको तथ्याङ्क व्यस्थापन गर्ने | | | | | | | | | |
| १९ | सहयोगी (आया)को व्यवस्था | | | | | | | | | |

## ३.२ आधारभूत शिक्षा :

### ३.२.१ परिचय

**निम्न विषय क्षेत्रहरूलाई समावेश गरी परिचय खण्ड तयार गर्ने -**

- आधारभूत शिक्षाको परिचय र आवश्यकता
- संवैधानिक तथा नीतिगत व्यवस्था
- चुनौती तथा अवसरहरू

शिक्षा ऐन २०२८ अनुसार नेपालमा प्रारम्भिक बालशिक्षादेखि कक्षा आठसम्म दिइने शिक्षालाई आधारभूत शिक्षा मानिएको छ। आधारभूत शिक्षाले बालबालिकाको सर्वाङ्गीण विकास, गुणस्तरीय जीवनयापन, सामाजिक समायोजनमा सहयोग तथा माध्यमिक शिक्षामा प्रवेशका लागि आधार तयार गर्दछ। यसले व्यक्तिलाई निरन्तर सिकाइको मार्ग प्रशस्त गरी मुलुकको सामाजिक तथा आर्थिक रूपान्तरणमा सहभागी हुने अवसर प्रदान गर्दछ। नेपालको संविधानले आधारभूत शिक्षालाई मौलिक हकका रूपमा लिई यो तहको शिक्षा निःशुल्क हुने उल्लेख गरेकाले आधारभूत शिक्षामा समतामूलक पहुँच पुऱ्याई गुणस्तर सुनिश्चित गर्नु राज्यको दायित्व हो। यसैगरी अनिवार्य तथा निःशुल्क शिक्षा ऐन, २०७५ ले आधारभूत तहसम्मको शिक्षा प्रदान गर्ने दायित्व र तत्सम्बन्धी आवश्यक व्यवस्था मिलाउने जिम्मेवारी नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहको हुने र आधारभूत शिक्षा उमेर समूहका बालबालिकालाई विद्यालय पठाउनु प्रत्येक नागरिकको कर्तव्य हुनेछ भन्ने उल्लेख गरेको छ।

### ३.२.२ वर्तमान अवस्था

**तलका बुँदाहरूका आधारमा आफ्नो स्थानीय तहको आधारभूत शिक्षाको वर्तमान अवस्थाको विश्लेषण गर्ने-**

- आधारभूत शिक्षामा पहुँचको अवस्था
- आधारभूत शिक्षासँग सम्बन्धित तथ्याङ्क तथा सूचकहरूको अवस्था विश्लेषण
- आधारभूत शिक्षाको विद्यार्थी उपलब्धि स्तर
- स्थानीय तहले गरेका असल अभ्यासहरू

### ३.२.३ उद्देश्यहरू :

**आधारभूत शिक्षासँग सम्बन्धित उद्देश्यहरू देहायबमोजिम हुन सक्नेछन् -**

१. आधारभूत तहको शिक्षामा सबैको समतामूलक पहुँच र सहभागिता सुनिश्चित गर्नु।

२. सबै बालबालिकाहरूमा न्यूनतम सिकाइ उपलब्धि हासिल हुनेगरी शैक्षिक गुणस्तर निश्चित गर्नु।

३. आधारभूत तहको शैक्षिक वातावरण बालमैत्री, सिकाइमैत्री, समावेशी र सुरक्षित बनाउनु।

## ३.२.४ रणनीतिहरू

**उपर्युक्त उद्देश्यहरू हासिल गर्नका लागि निम्नलिखित रणनीतिहरू समावेश गर्न सकिन्छ –**

१. विद्यालय बाहिर रहेका विद्यालय उमेरका बालबालिकाहरूको विवरण सङ्कलन गरी पहुँच सुनिश्चित गर्न आवश्यक व्यवस्था मिलाउने ।

२. बालबालिकाहरूको शिक्षामा पहुँच अभिवृद्धि गर्नका लागि विभिन्न प्रोत्साहनमूलक कार्यक्रमहरू सञ्चालन गर्ने ।

३. विद्यालय नक्साङ्कन, पुनर्वितरण तथा समायोजन गर्ने ।

४. न्यूनतम सिकाइ उपलब्धि हासिल गराउन आवधिक रूपमा सिकाइको मूल्याङ्कन गर्ने ।

५. विद्यालयहरूमा खानेपानी, शौचालय तथा सरसफाइको उचित प्रबन्धसहित न्यूनतम भौतिक सुविधा सुनिश्चित गर्ने ।

६. विद्यालयमा बालमैत्री, समावेशी र सुरक्षित सिकाइ वातावरण तयार गर्ने ।

७. सबै विद्यालयहरूमा प्राथमिकता प्राप्त न्यूनतम आवश्यकता पूरा गराउने ।

८. कक्षा ३ सम्म कक्षा शिक्षणलाई कार्यान्वयन गर्ने ।

९. आवश्यक शिक्षक तालिम, तयारी तथा प्रोत्साहनका कार्यक्रम सञ्चालन गर्ने ।

१०. विद्यार्थीलाई आवश्यक सहयोग उपलब्ध गराई सिकाइमा सुधार ल्याउने ।

११. विद्यार्थीको पोषण तथा स्वास्थ्यमा सुधार ल्याउने कार्यक्रम सञ्चालन गर्ने ।

१२. विद्यालयमा आधारित शैक्षिक तथा मनोसामाजिक परामर्श उपलब्ध गराउने ।

१३. विद्यालय शिक्षालाई विविधता अनुकूल, समावेशी र समतामूलक बनाउन स्थानीय परिवेशअनुकूल सिकाइ क्रियाकलाप सञ्चालन, भाषिक विविधता अनुकूलको माध्यम भाषाको उपयोग तथा सामाजिक सांस्कृतिक विविधताको सम्मान र समावेश हुनेगरी सिकाइ सामग्री, विधि तथा प्रक्रिया प्रयोग गर्ने ।

१४. विद्यालय शिक्षालाई प्रकोप, सङ्कट तथा महामारीलगायतका परिस्थितिप्रति उत्थानशील बनाउने योजना तयार गरी कार्यान्वयन गर्ने ।

१५. विद्यालय शिक्षालाई सूचना तथा प्रविधिको प्रयोग गरी सहज र उपयोगी बनाउने कार्यलाई विस्तार गर्ने ।

१६. दैनिक जीवनसँग सम्बन्धित व्यवहार कुशल सिपहरूलाई सिकाइ क्रियाकलापमा एकीकृत गर्ने ।

१७. अन्तरसम्बन्धित विषयवस्तुलाई एकीकृत गरी सिकाइ क्रियाकलाप सञ्चालन गर्न सिकाइ सामग्री, विधि तथा क्रियाकलापमा परिमार्जन र सुधार गर्ने ।

## ३.२.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य निर्धारण

**उपलब्धिहरू :**

१. अनिवार्य तथा नि:शुल्क आधारभूत शिक्षामा सबैको पहुँच र सहभागिता सुनिश्चित भई गुणस्तर अभिवृद्धि भएको हुनेछ ।

**नतिजाहरू :**

१. आधारभूत तहको खुद भर्ना दर " प्रतिशत पुगेको हुनेछ ।

२. सबै विद्यालयहरूमा प्राथमिकता प्राप्त आवश्यकता (PMEC) पूरा भएको हुनेछ ।

३. विद्यार्थीहरूको औसत सिकाइ उपलब्धि "पुगेको हुनेछ ।
४. आवश्यक सङ्ख्यामा योग्य शिक्षकको व्यवस्था भएको हुनेछ ।
५. विद्यालयहरूमा बालमैत्री र समावेशी वातावरणमा सिकाइ भएको हुनेछ ।
६. विद्यालयमा पौष्टिक तथा स्वस्थकर दिवाखाजाको प्रबन्ध भएको हुनेछ ।
७. सूचना तथा सञ्चार प्रविधिलगायतका प्रविधिको प्रयोगमा विस्तार तथा सहज उपयोग भई सिकाइमा सहयोग पुगेको हुनेछ ।

## प्रमुख क्रियाकलापहरू र लक्ष्य निर्धारण

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | विद्यालय नक्साङ्कन, पुनर्वितरण तथा समायोजन | पटक | १ | | | | | १ | | |
| २ | मापदण्ड अनुसार शिक्षक व्यवस्था | | | | | | | | | |
| ३ | सबै बालबालिकालाई विद्यालय भर्ना | | | | | | | | | |
| ४ | विद्यालयको न्यूनतम भौतिक पूर्वाधार विकास | | | | | | | | | |
| ५ | विद्यार्थीको सिकाइ उपलब्धि परीक्षण | | | | | | | | | |
| ६ | शिक्षकको क्षमता विकास | | | | | | | | | |
| ७ | विद्यालय उत्थानशील योजना निर्माण तथा कार्यान्वयन | | | | | | | | | |
| ८ | सूचना प्रविधिको प्रयोगका लागि आवश्यक संरचना, सामग्री तथा क्षमता विकास | | | | | | | | | |
| ९ | शिक्षक विकास तथा सहायता प्रणालीको पुनःसंरचना | | | | | | | | | |
| १० | विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम र दिवाखाजाको प्रबन्ध | | | | | | | | | |
| ११ | अपाङ्गता भएका विद्यार्थीलाई सहयोग | | | | | | | | | |
| १२ | पाठ्यपुस्तकको व्यवस्था | | | | | | | | | |
| १३ | सन्दर्भ सामग्रीको व्यवस्था | | | | | | | | | |
| १४ | विपन्नका लागि ड्रेस, स्टेसनरीका लागि छात्रवृत्ति | | | | | | | | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १५ | सिकाइ सामग्री तथा विद्यालय व्यवस्थापन | | | | | | | | | |
| १६ | निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणाली कार्यान्वयन | | | | | | | | | |
| १७ | शैक्षिक मानव संसाधन सूचना प्रणाली स्थापना | | | | | | | | | |
| १८ | विव्यस, शिअसंका पदाधिकारीहरूको क्षमता विकास | | | | | | | | | |
| १९ | अभिभावक शिक्षा कार्यक्रम | | | | | | | | | |

## ३.३ माध्यमिक शिक्षा

### ३.३.१ परिचय

**निम्नलिखित विषय क्षेत्रका आधारमा परिचय तयार गर्ने –**

- माध्यमिक शिक्षासम्बन्धी नीतिगत व्यवस्थामा भएका विषयहरू समावेश गर्ने ।
- माध्यमिक शिक्षासँग सम्बन्धित चुनौती र अवसरहरू उल्लेख गर्ने ।

माध्यमिक शिक्षा (कक्षा ९ देखि १२) ले मानवीय मूल्यका साथै भाषा, कला, संस्कृति, विज्ञान र प्रविधि क्षेत्रका आधारभूत मूल्य मान्यताको ज्ञान, सिप, दृष्टिकोण तथा व्यवहारहरू आर्जन गरेका सक्षम जनशक्ति उत्पादन गर्ने लक्ष्य राख्दछ । यो तहको शिक्षा कामको संसारमा प्रवेश गर्न सक्ने सिपसहितको नागरिक विकास तथा उच्च शिक्षाको लागि तयारीको आधार पनि हो ।

नेपालको संविधानले माध्यमिक तहको शिक्षा निःशुल्क प्राप्त गर्ने हक स्थापित गरी आम नागरिकका लागि गुणस्तरीय शिक्षा सुनिश्चित गर्न तीनै तहका सरकारलाई जिम्मेवार बनाउने स्पष्ट दिशा निर्देश गरेको छ । माध्यमिक तहमा साधारण र प्राविधिक धारमा शिक्षा कार्यक्रम सञ्चालनमा छन् । विद्यालय शिक्षाअन्तर्गत कक्षा ९-१२ मा सञ्चालित प्राविधिक धारका कार्यक्रममा कार्यस्थल अनुभवसहित सिकाइ हुने गरी वनस्पति विज्ञान, प्राणी विज्ञान, कम्प्युटर इन्जिनियरिङ, सिभिल इन्जिनियरिङ, इलेक्ट्रिकल इन्जिनियरिङ र सङ्गीत गरी ६ विषय क्षेत्र रहेका छन् ।

### ३.३.२ वर्तमान अवस्था

**निम्न लिखित विषय क्षेत्रका आधारमा आफ्नो स्थानीय तहको माध्यमिक शिक्षाको वर्तमान अवस्थाको विश्लेषण गर्नुहोस् –**

- माध्यमिक शिक्षासँग सम्बन्धित तथ्याङ्कहरू ।
- माध्यमिक शिक्षामा पहुँच तथा गुणस्तरको अवस्था ।

- माध्यमिक शिक्षा परीक्षाको नतिजा विश्लेषण ।
- माध्यमिक शिक्षा सेवा प्रवाहको अवस्था ।
- शिक्षक आपूर्ति तथा व्यवस्थापन ।
- माध्यमिक शिक्षामा सहभागिता तथा समावेशिता ।
- समुदायको सहभागिता तथा साझेदारी ।

## ३.३.३ उद्देश्यहरू

१. माध्यमिक शिक्षामा समतामूलक पहुँच तथा सहभागिता सुनिश्चित गर्नु ।
२. माध्यमिक शिक्षाको सान्दर्भिकता र गुणस्तरमा सुधार गर्नु ।
३. माध्यमिक तहको शैक्षिक वातावरण बालमैत्री, सिकाइमैत्री, समावेशी र सुरक्षित बनाउनु ।

## ३.३.४ रणनीतिहरू

१. माध्यमिक तहमा सबै बालबालिकाको पहुँच सुनिश्चित गर्न आवश्यकता अनुसार विद्यालयहरूको पुनर्वितरण, समायोजन तथा स्थापना गर्ने ।
२. विद्यार्थीलाई विद्यालयमा पहुँच अभिवृद्धि गर्न विभिन्न प्रोत्साहनमूलक कार्यक्रमहरू सञ्चालन गर्ने ।
३. विद्यालय बाहिर रहेका बालबालिकाहरूका लागि वैकल्पिक माध्यमका शैक्षिक कार्यक्रम सञ्चालन गर्ने ।
४. सबै विद्यालयमा न्यूनतम सिकाइ वातावरण सुनिश्चित गर्ने ।
५. माध्यमिक तहमा दक्ष विषय शिक्षकको व्यवस्था गर्ने ।
६. शिक्षकको पेसागत विकास तथा सहयोगको व्यवस्था गर्ने ।
७. शिक्षकहरूका लागि अभिप्रेरणाका कार्यक्रमहरू सञ्चालन गर्ने ।
८. शिक्षण सिकाइ पद्धतिमा सुधार गर्ने ।
९. हरेक विद्यालयमा सूचना तथा सञ्चार प्रविधि विस्तार गर्ने ।
१०. विद्यालयहरूलाई प्रकोप, सङ्कट तथा महामारीलगायतका परिस्थितिप्रति उत्थानशील बनाउने ।
११. विज्ञान विषय अध्ययनका लागि विद्यार्थीहरूलाई आकर्षित गर्न पूर्वाधारसहितको व्यवस्था गर्ने ।
१२. सक्षम र नेतृत्वदायी प्रधानाध्यापकको व्यवस्था गर्ने ।
१३. आवधिक रूपमा सिकाइको मूल्याङ्कन गरी विद्यार्थीको सिकाइमा जवाफदेही हुने प्रणाली विकास गर्ने ।

## ३.३.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य निर्धारण

**उपलब्धि :**

क) माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित भई सान्दर्भिकता र गुणस्तरमा सुधार हुने ।

**प्रमुख नतिजा :**

१. सबै बालबालिकाहरूलाई निःशुल्क माध्यमिक शिक्षाको पहुँच सुनिश्चित भई खुद भर्ना तथा टिकाउ दरमा वृद्धि हुनेछ ।
२. माध्यमिक तहको सिकाइ उपलब्धि '''पुगेको हुनेछ ।
३. सबै माध्यमिक विद्यालयले आधारभूत मापदण्ड पूरा गरेका हुनेछन् ।

४. माध्यमिक शिक्षा पूरा गर्ने बालबालिकाले न्यूनतम सिकाइ उपलब्धि हासिल गरेका हुनेछन् ।

५. माध्यमिक शिक्षाको भर्ना, सहभागिता र सिकाइ उपलब्धिमा लैङ्गिक, भौगोलिक, सामाजिक तथा आर्थिकलगायतका समता सूचकमा सुधार भएको हुनेछ ।

६. सूचना तथा सञ्चार प्रविधिको उपयोग भई विद्यार्थीको सिकाइमा सहयोग पुगेको हुनेछ ।

७. माध्यमिक तहको शिक्षामा सुशासन कायम भई गुणस्तरीय शिक्षा प्रवाह हुनेछ ।

## प्रमुख क्रियाकलापहरू र लक्ष्य निर्धारण

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | एकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | निःशुल्क माध्यमिक शिक्षाका लागि आवश्यक कानुन, कार्यविधि र निर्देशिकाको प्रबोधीकरण | | | | | | | | | |
| २ | विद्यालय नक्साङ्कन, पुनर्वितरण तथा समायोजन | | | | | | | | | |
| ३ | विज्ञान, गणित तथा कम्प्युटर विज्ञान विषय अध्ययनका लागि अवसर | | | | | | | | | |
| ४ | मापदण्ड अनुसार शिक्षक व्यवस्था | | | | | | | | | |
| ५ | सबै बालबालिकाको पहुँच सुनिश्चित गर्ने | | | | | | | | | |
| ६ | आवश्यकता अनुसार खुला तथा दूर शिक्षालगायतका वैकल्पिक प्रबन्ध | | | | | | | | | |
| ७ | विद्यालयको न्यूनतम भौतिक पूर्वाधार विकास | | | | | | | | | |
| ८ | विद्यार्थीको सिकाइ उपलब्धि परीक्षण | | | | | | | | | |
| ९ | शिक्षकको क्षमता विकास | | | | | | | | | |
| १० | विद्यालय उत्थानशील योजना निर्माण तथा कार्यान्वयन | | | | | | | | | |
| ११ | सूचना प्रविधिको प्रयोगका लागि आवश्यक संरचना, सामग्री तथा क्षमता विकास | | | | | | | | | |
| १२ | शिक्षक सहायता प्रणालीको पुनःसंरचना | | | | | | | | | |
| १३ | विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम | | | | | | | | | |
| १४ | अपाङ्गता भएका विद्यार्थीलाई सहयोग | | | | | | | | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १५ | निःशुल्क माध्यमिक शिक्षा सुनिश्चितताका लागि पाठ्यपुस्तक, पोसाक तथा स्टेसनरी, दिवाखाजा, छात्रवृत्ति र सिकाइ सामग्रीको व्यवस्था | | | | | | | | | |
| १६ | कक्षाकोठामा आधारित मूल्याङ्कन | | | | | | | | | |
| १७ | व्यवस्थित परीक्षा प्रणाली | | | | | | | | | |
| १८ | शैक्षिक मानव संसाधन सूचना प्रणाली स्थापना | | | | | | | | | |
| १९ | विव्यस, शिअसंका पदाधिकारीहरूको क्षमता विकास | | | | | | | | | |
| २० | अभिभावक अभिमुखीकरण र सहभागिता | | | | | | | | | |
| २१ | लक्षित बालबालिकाहरूका लागि आवासीय प्रबन्ध | | | | | | | | | |

## ३.४ पाठ्यक्रम र मूल्याङ्कन

### ३.४.१ परिचय

**निम्नलिखित विषयक्षेत्रमा आधारित भई पाठ्यक्रम र मूल्याङ्कनका बारेमा परिचय खण्ड तयार गर्ने-**

- पाठ्यक्रमको आवश्यकता र महत्व ।
- पाठ्यक्रम विकास तथा सुधारका लागि भएको नीतिगत व्यवस्था ।
- राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ का मुख्य विशेषताहरू ।
- स्थानीय पाठ्यक्रमसम्बन्धी नीतिगत व्यवस्था ।
- मूल्याङ्कन पद्धति (कक्षाकोठामा आधारित मूल्याङ्कन, आवधिक परीक्षा, आवधिक मूल्याङ्कन)।
- सन्दर्भ सामग्रीहरूमा विद्यार्थीहरूको पहुँच ।
- पाठ्यक्रम तथा विद्यार्थी मूल्याङ्कनका सम्बन्धमा मुख्य मुख्य समस्याहरू, जस्तै-

शिक्षा पद्धतिलाई मार्गदर्शन गर्ने महत्वपूर्ण आधार पाठ्यक्रम हो । अझ औपचारिक शिक्षा पद्धतिमा पाठ्यक्रमद्वारा निर्देशित ज्ञान, सिप तथा अभिवृत्ति प्राप्तिमा विद्यार्थीलाई सक्षम बनाउने दिशामा शिक्षण सिकाइ तथा मूल्याङ्कन प्रक्रिया सञ्चालित हुनुपर्दछ । पाठ्यक्रमको माध्यमबाट प्राप्त हुने शिक्षा अर्थात् ज्ञान, सिप तथा अभिवृत्तिको माध्यमबाट व्यक्तिलाई समाज तथा विश्व परिवेश अनुकूल समायोजन हुन, सक्रिय र सुसूचित नागरिक जीवन व्यतीत गर्न, रोजगारी प्राप्त गर्न, पेसा तथा व्यवसाय छनोट तथा सञ्चालन गर्न र आर्थिक क्रियाकलापमा सरिक हुन सहयोग प्राप्त हुनुपर्छ। फेरि पाठ्यक्रम निश्चित मूल्य तथा मान्यतामा विकास गरिएको हुनाले यसले सामाजिक मूल्यमान्यता तथा व्यवहारलाई सान्दर्भीकरणसहित आत्मसात् गर्न, आफ्नो पहिचानप्रति गौरव भाव राख्दै विभेदरहित, समतामूलक र समावेशी दृष्टिकोणअनुरूप व्यवहार गर्न, आफ्नो र अरूको अधिकार र कर्तव्यप्रति सचेत रहन र सिर्जनात्मक तथा तथ्यपरक ढङ्गबाट सोच्न र निर्णय गर्न सहयोग गर्नुपर्छ ।

## ३.४.२ वर्तमान अवस्था

**आफ्नो स्थानीय तहमा आधारित भई पाठ्यक्रम तथा मूल्याङ्कनका सम्बन्धमा भएको व्यवस्थाको विश्लेषण गर्नुहोस् ।**

- पाठ्यक्रम तथा पाठ्यपुस्तकको उपलब्धता र कार्यान्वयन ।
- पाठ्यक्रम र पाठ्यपुस्तकको प्रभावकारी कार्यान्वयनका लागि गरिएका प्रयत्नहरू ।
- पाठ्यक्रम, पाठ्यपुस्तक र विद्यार्थी मूल्याङ्कन कार्यान्वयनका चुनौती तथा अवसरहरू ।
- पाठ्यक्रम तथा पाठ्यपुस्तक सुधारका लागि पृष्ठपोषणको व्यवस्था ।
- विद्यार्थी मूल्याङ्कन प्रक्रिया

विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ कार्यान्वयन गर्ने क्रममा विद्यालय तहमा नयाँ पाठ्यक्रम विकास गरी वि.सं. २०७७ देखि कक्षा १ र ११ मा कार्यान्वयन सुरु भएको छ भने वि.सं. २०८० सम्ममा विद्यालय तहका सबै कक्षा हरू अर्थात् कक्षा १-१२ मा यो पाठ्यक्रम कार्यान्वयन हुने योजना रहेको छ ।

विद्यालय तहको पाठ्यक्रमलाई सान्दर्भिक तथा प्रभावकारी बनाउन कक्षा १-३ मा एकीकृत पाठ्यक्रमको अवधारणाबमोजिम अन्तरसम्बधित विषयवस्तुलाई एकीकृत गरिएको, व्यवहारकुशल तथा जीवनोपयोगी सिपहरू समावेश हुने गरी सिकाइ क्रियाकलाप तर्जुमा गर्ने रणनीति लिइएको, आधारभूत तहमा स्थानीय कला, संस्कृति, भाषा, इतिहास, परम्परा, सिप तथा ज्ञानमा आधारित स्थानीय पाठ्यक्रम स्थानीय तहले विकास गरी कार्यान्वयन गर्नुपर्ने र सबै कक्षाका विषयवस्तुलाई यथासम्भव स्थानीय परिवेश तथा दैनिक जीवनसँग सम्बधित गराई सिकाइ क्रियाकलाप सञ्चालन गर्नुपर्ने व्यवस्था गरिएको छ ।

प्रत्येक विषयमा विषयवस्तुको स्वरूपअनुसार विद्यार्थीलाई २५ देखि ५० प्रतिशतसम्म भारको प्रयोगात्मक कार्य, परियोजना कार्य वा सामुदायिक कार्यलगायतका व्यावहारिक अभ्यास गराउनुपर्ने व्यवस्था छ । त्यसैगरी यसले सिकाइमा प्रयोग गरिने माध्यम भाषाले सिकाइमा बाधा नपर्ने गरी आवश्यकताअनुसार मातृभाषा, स्थानीय भाषा वा बहुभाषाको प्रयोग गरी सिकाइ सहजीकरण गर्ने, सूचना तथा सञ्चार प्रविधिलाई जीवनोपयोगी तथा व्यवहारकुशल सिपका रूपमा एकीकृत गर्नुका साथै सिकाइको माध्यमका रूपमा प्रयोगलाई विस्तार गर्ने र विद्यार्थी मूल्याङ्कनलाई शिक्षण सिकाइ क्रियाकलापको अभिन्न अङ्गका रूपमा सिकाइ सुधारका लागि निरन्तर पृष्ठपोषण प्रदान गर्ने गरी प्रयोग गर्ने नीति लिएको छ । पाठ्यक्रममा सामाजिक तथा नागरिक शिक्षा दिने, विद्यालय तह पूरा गरेपछि पेसा, व्यवसाय तथा रोजगारीमा जान चाहनेलाई सहयोग गर्ने र उच्च शिक्षा प्रवेश गर्न चाहनेहरूका लागि तयारी गराउने गरी माध्यमिक तहमा अनिवार्य तथा विभिन्न ऐच्छिक विषयहरू समावेश गरिएको छ भने प्राविधिक धार अध्ययन गर्न सक्ने व्यवस्था पनि गरिएको छ । विद्यालय तहको कक्षा ९ देखि नै प्राविधिक धारको पाठ्यक्रम कार्यान्वयनको जटिलताको विश्लेषण गरी यस धारको पाठ्यक्रममा सुधार तथा समायोजन गर्नु जरुरी भएको छ । प्रारम्भिक बालविकास र शिक्षाको पाठ्यक्रम, शिक्षणसिकाइ तथा मूल्याङ्कनसम्बन्धी व्यवस्थामा सुधारको खाँचो देखिएको छ ।

विद्यार्थी मूल्याङ्कनमा सुधार गरी आधारभूत तहमा निरन्तर मूल्याङ्कन पद्धतिको कार्यान्वयन, आन्तरिक र बाह्य मूल्याङ्कनको व्यवस्था, केही कक्षाका केही विषयमा स्तरीकृत परीक्षाको प्रारम्भ गरी परीक्षण र मूल्याङ्कनमा पनि सुधारको प्रयास सुरु गरिएको छ तापनि मूल्याङ्कनलाई शिक्षण सिकाइ क्रियाकलापको अभिन्न अङ्गका रूपमा सिकाइमा निरन्तर पृष्ठपोषण प्राप्त गरी सिकाइ सुधार गर्ने कार्यमा प्रभावकारी रूपमा प्रयोग गर्ने र परीक्षालगायत मूल्याङ्कनका साधन तथा विधिहरूलाई प्रभावकारी बनाउने कार्यमा सुधारको आवश्यकता रहेको छ । कक्षा ८, १० र ११/१२ को अन्तमा सञ्चालन हुने सार्वजनिक परीक्षालाई थप विकेन्द्रित गर्दै व्यवस्थित, वैध र विश्वसनीय बनाउनुपर्ने छ । विद्यालयमा आधारित

मूल्याङ्कनका नतिजा विश्लेषणको प्राप्तिलाई प्रयोग गर्ने कार्य व्यवस्थित बनाउनु आवश्यक भएको छ ।

सरकारले कक्षा १-१० मा अध्ययन गर्ने सबै विद्यार्थीले नि:शुल्क रूपमा पाठ्यपुस्तक प्राप्त गर्ने व्यवस्था गरेको छ। अधिकांश संस्थागत र केही सामुदायिक विद्यालयहरूले भने निजी क्षेत्रका प्रकाशकद्वारा प्रकाशित र पाठ्यक्रम विकास केन्द्रले सन्दर्भ सामग्रीका रूपमा प्रयोग गर्ने प्रयोजनका लागि सूचीकृत पुस्तकमध्येबाट छनोट गरी पाठ्यपुस्तकका रूपमा प्रयोग गरिरहेका छन् । विद्यालय तहमा बहुपाठ्यपुस्तक लागु गरिने नीतिगत व्यवस्था भए पनि हालसम्म यसको कार्यान्वयन भएको छैन । पाठ्यक्रम विकास केन्द्रले विभिन्न समयमा पाठ्यक्रम, पाठ्यपुस्तक लगायत केही बाल सन्दर्भ सामग्रीहरू विकास गरी त्यसको विद्युतीय प्रति वेबसाइटमा राख्ने गरेको छ ।

कोभिड-१९ को प्रभावले सिकाइमा भएको अवरोधले शिक्षण सिकाइ तथा मूल्याङ्कनमा अन्य वैकल्पिक विधि र माध्यम आवश्यक देखिएको सन्दर्भमा डिजिटल सिकाइ सामग्रीको विकास तथा पहुँच बढाउनु आवश्यक देखिएको छ ।

पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि शिक्षक तयारी, विकास र विषयगत शिक्षकको व्यवस्था, विद्यालयमा आधारित पेसागत सहयोग पद्धति स्थापना र सञ्चालन आवश्यक छ ।

## ३.४.३ उद्देश्य

१. पाठ्यक्रममा आधारित शिक्षण सिकाइद्वारा सिकारुमा ज्ञान, सिप र व्यवहार विकासमा सहजीकरण गर्नु ।
२. निरन्तर, आवधिक तथा स्तरीकृत मूल्याङ्कन पद्धतिको कार्यान्वयन गर्नु ।
३. स्थानीय पाठ्यक्रम र पाठ्यसामग्री निर्माण तथा कार्यान्वयन गर्नु ।

## ३.४.४ रणनीतिहरू

१. राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ अनुरूप पाठ्यक्रम कार्यान्वयन गर्ने ।
२. पाठ्यक्रम विकास केन्द्रद्वारा विकास गरिएका पाठ्यक्रम तथा पाठ्यसामग्रीको सम्बन्धित शिक्षक तथा सरोकारवालाहरूलाई प्रबोधीकरण गर्ने ।
३. पाठ्यक्रम कार्यान्वयनका लागि शिक्षकहरूको पेसागत क्षमता अभिवृद्धि गर्ने ।
४. विपद्, महामारी तथा सङ्कटको अवस्थामा वैकल्पिक विधिबाट शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्ने ।
५. शिक्षकका लागि शिक्षक निर्देशिका तथा स्रोत सामग्री र विद्यार्थीका लागि सिकाइ सामग्री, स्वाध्ययन तथा सन्दर्भ सामग्रीहरू उपलब्ध हुने व्यवस्थाको सुनिश्चितता गर्ने ।
६. माध्यम भाषाका रूपमा आवश्यकताअनुसार मातृभाषा, स्थानीय भाषा, बहुभाषा प्रयोग गर्ने ।
७. विद्यालयमा आधारित सहयोग पद्धति विकास गर्ने ।
८. सहपाठी सिकाइ समूह गठन गरी कमजोर सिकाइ क्षमता भएका बालबालिकालाई सहयोग गर्ने व्यवस्था मिलाउने ।
९. शिक्षण सिकाइमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग बढाउने ।
१०. स्थानीय तथा मातृभाषाको पाठ्यक्रम र पाठ्यसामग्रीको विकास तथा प्रयोगलाई व्यवस्थित गर्ने ।
११. विद्यार्थीको सिकाइ उपलब्धिलाई शिक्षकको वृत्तिविकाससँग आबद्ध गरी पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन गर्ने वातावरण सृजना गर्ने ।
१२. निरन्तर विद्यार्थी मूल्याङ्कन प्रक्रियालाई शिक्षण सिकाइको अभिन्न अङ्गका रूपमा प्रयोग गर्ने ।

## ३.४.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

**उपलब्धिहरू :**

१. पाठ्यक्रममा आधारित शिक्षण सिकाइद्वारा सिकारुमा ज्ञान, सिप र व्यवहारमा सकारात्मक परिवर्तन भएको हुनेछ ।

२. निरन्तर, आवधिक तथा स्तरीकृत मूल्याङ्कन पद्धतिको कार्यान्वयन भई विद्यार्थीको सिकाइ उपलब्धिमा सुधार आएको हुनेछ ।

३. स्थानीय पाठ्यक्रम र पाठ्यसामग्री निर्माण तथा कार्यान्वयन भएको हुनेछ ।

**प्रमुख नतिजा :**

१. पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनबाट विद्यार्थीको सिकाइ उपलब्धिमा सुधार आएको हुनेछ ।

## प्रमुख क्रियाकलापहरू र लक्ष्य निर्धारण

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | एकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | पाठ्यक्रम प्रवोधीकरण तालिम सञ्चालन | | | | | | | | | |
| २ | पाठ्यक्रमको प्रभावकारी रूपमा कार्यान्वयनका लागि शिक्षक तालिम सञ्चालन | | | | | | | | | |
| ३ | शिक्षक पेसागत सहयोग | | | | | | | | | |
| ४ | कक्षाकोठामा आधारित विद्यार्थी मूल्याङ्कन | | | | | | | | | |
| ५ | आवधिक विद्यार्थी मूल्याङ्कन | | | | | | | | | |
| ६ | डिजिटल सामग्रीको प्रयोग | | | | | | | | | |
| ७ | सूचना तथा सञ्चार प्रविधिको प्रयोग | | | | | | | | | |
| ८ | निःशुल्क पाठ्यपुस्तक | | | | | | | | | |
| ९ | बहु पाठ्यपुस्तक | | | | | | | | | |
| १० | स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन | | | | | | | | | |
| ११ | माध्यम भाषाका रूपमा मातृभाषाको प्रयोग | | | | | | | | | |
| १२ | सुपरिवेक्षण तथा अनुगमन | | | | | | | | | |
| १३ | परीक्षा सञ्चालन | | | | | | | | | |

## ३.५ शिक्षक व्यवस्थापन र विकास

### ३.५.१ परिचय

- शिक्षक व्यवस्थापन र विकासको आवश्यकता र महत्व,
- विद्यमान नीतिगत व्यवस्था तथा अभ्यास,
- शिक्षक नियुक्ति, वृत्तिविकास, पेसागत विकास तथा सहयोग
- विद्यमान चुनौती तथा अवसरहरू

बालबालिकाहरूको भावी जीवनलाई निर्देश गर्न तथा राष्ट्रको सामाजिक, आर्थिक, सांस्कृतिक तथा मानवीय पुँजीको विकास गर्न शिक्षकको महत्वपूर्ण भूमिका रहन्छ । शिक्षकहरू परिवर्तनका वाहक हुने भएकाले सभ्य, सुसंस्कृत तथा शिक्षित समाज निर्माणमा उनीहरूको ठूलो योगदान रहन्छ । गुणस्तरीय शिक्षार गुणस्तरीय शिक्षक एकअर्काका पर्याय हुन् । यी सबै आकांक्षा पूरा गर्नका लागि शिक्षक योग्य, व्यावसायिक रूपमा दक्ष, पेसाप्रति उत्प्रेरित, समर्पित, प्रतिबद्ध र विद्यार्थीको सिकाइप्रति जवाफदेही हुन आवश्यक छ । नेपालमा शिक्षक तयार गर्ने काम विश्वविद्यालयहरू तथा विद्यालयहरू (कक्षा ११ र १२) ले गरिरहेका छन् । शिक्षक अध्यापन अनुमतिपत्रका लागि परीक्षा सञ्चालन गर्ने, रिक्त दरबन्दीमा शिक्षक पदपूर्तिका लागि परीक्षा सञ्चालन गरी नियुक्तिका लागि सिफारिस गर्ने र शिक्षक बढुवासम्बन्धी कार्य शिक्षक सेवा आयोगले गर्दै आएको छ । आयोगबाट सिफारिस भई आएका शिक्षकहरूलाई नियुक्ति गरी पदस्थापन गर्ने कार्य स्थानीय तहहरूले गर्दै आएका छन् ।

शिक्षकको पेसागत विकासका लागि नीति निर्माण गर्ने काम शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले, प्रमाणीकरण तथा कस्टमाइज्ड तालिम पाठ्यक्रम निर्माण गर्ने र प्रशिक्षक तयार गर्ने कार्य शिक्षा तथा मानव स्रोत विकास केन्द्रले र शिक्षकको क्षमता अभिवृद्धिका लागि तालिम सञ्चालन गर्ने काम प्रदेश शिक्षा तालिम केन्द्रहरूले गर्दै आएका छन् ।

### ३.५.२ वर्तमान अवस्था

- स्थानीय तहमा शिक्षक व्यवस्थापन र विकासको अवस्था
- शिक्षण पेसाप्रति आकर्षण र नियुक्ति
- शिक्षक तयारी
- शिक्षण सिकाइ क्रियाकलाप
- शिक्षकको पेसागत तथा क्षमता विकास कार्यक्रम
- शिक्षक पेसागत सहयोग पद्धति
- शिक्षकको उत्तरदायित्व
- शिक्षकको आपूर्ति र वितरण

### ३.५.३ उद्देश्यहरू

१. विषयगत र कक्षागत रूपमा शिक्षक व्यवस्थापन गर्नु ।
२. सुपरिवेक्षण, शिक्षक तालिम, शिक्षक सक्षमता प्रारूपको प्रभावकारी रूपमा कार्यान्वयन गर्नु
३. शिक्षकको निरन्तर पेसागत विकासका अवसरहरूको सुनिश्चितता गर्नु ।

## ३.५.४ रणनीतिहरू

१. शिक्षक विद्यार्थी अनुपातका आधारमा तहगत र विषयगत रूपमा शिक्षक दरबन्दी मिलान/पुनर्वितरण तथा व्यवस्थापन गर्ने ।

२. रिक्त शिक्षक दरबन्दीमा स्थानीय तहद्वारा शिक्षकहरूको व्यवस्थापन गर्ने ।

३. शिक्षकको निरन्तर पेसागत विकासका लागि सङ्घ तथा प्रदेशसँगको समन्वयमा शिक्षण सिप विकाससम्बन्धी सेवाकालीन तालिम सञ्चालन गर्ने ।

४. शिक्षक पेसागत सहयोग प्रणालीमार्फत शिक्षकलाई निरन्तर पेसागत सहयोग उपलब्ध गराउने । यसका लागि स्थानीय तहमा विषयगत शिक्षक सञ्जाल, विज्ञ समूह गठन, शिक्षक सिकाइ समूह, स्रोत शिक्षक तथा अनुभवी शिक्षकबाट कोचिङ तथा पथप्रदर्शन पद्धतिको विकास गरी कार्यान्वयनमा ल्याइने ।

५. शिक्षकको उपस्थिति, नियमितता र कार्यसम्पादनमा सुधार गर्ने ।

६. शिक्षक तथा प्रधानाध्यापकको वृत्तिविकासलाई विद्यार्थीको सिकाइ सुधारसँग सम्बन्धित गरी नतिजाप्रति जवाफदेही हुने पद्धतिको विकास गर्ने ।

## ३.५.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

**उपलब्धि :**

१. दरबन्दी मिलान सम्पन्न भई विषयगत र कक्षागत रूपमा शिक्षक व्यवस्थापन भएको हुनेछ ।

२. शिक्षकहरूलाई निरन्तर पेसागत विकासका अवसरहरू प्राप्त भएको हुनेछ ।

**प्रमुख नतिजाहरू :**

१. पेसागत विकासका प्रावधानहरूको विस्तार र सुदृढीकरण हुनेछन् ।

२. शिक्षक पेसागत सहयोग प्रणालीमार्फत निरन्तर पेसागत सहयोग प्राप्त हुनेछ ।

३. शिक्षकको वृत्तिविकासका लागि मापनयोग्य, पारदर्शी र वस्तुनिष्ठ आधारसहितको पद्धति स्थापित हुनेछ ।

## प्रमुख क्रियाकलापहरू र लक्ष्य निर्धारण :

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | एकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | शिक्षक नियुक्ति र सरुवा | | | | | | | | | |
| २ | अस्थायी तथा विद्यालय स्रोतबाट नियुक्त शिक्षकहरूको व्यवस्थापनका लागि मापदण्ड तथा निर्देशिका तयारी | | | | | | | | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ३ | अपाङ्गता भएका व्यक्ति, महिला, सीमान्तकृत वर्गका व्यक्तिहरूलाई शिक्षण पेसामा सहभागी गराउन क्षमता अभिवृद्धि | | | | | | | | | |
| ४ | नियमित शिक्षण सिकाइ सुनिश्चित गर्न मापदण्डको विकास गर्ने | | | | | | | | | |
| ५ | कमजोर विद्यार्थीका लागि विशेष सहयोगी कक्षा सञ्चालन गर्ने | | | | | | | | | |
| ६ | उपचारात्मक शिक्षण पद्धति लागू गर्ने | | | | | | | | | |
| ७ | अपाङ्गता भएका बालबालिकाका लागि विशेष व्यवस्था | | | | | | | | | |
| ८ | पुस्तकालय र पुस्तककुना | | | | | | | | | |
| ९ | सूचना प्रविधि प्रयोगशाला | | | | | | | | | |
| १० | विज्ञान प्रयोशाला | | | | | | | | | |
| ११ | प्राविधिक व्यावसायिक शिक्षाधार सञ्चालन भएका विद्यालयमा प्रयोगशालाको प्रबन्ध | | | | | | | | | |
| १२ | शिक्षण तथा सिकाइ सामग्री विकास | | | | | | | | | |
| १३ | इन्टरनेट सेवाको व्यवस्था | | | | | | | | | |
| १४ | शिक्षण सिकाइमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग | | | | | | | | | |
| १५ | निरन्तर विद्यार्थी मूल्याङ्कन | | | | | | | | | |
| १६ | परीक्षाको नतिजा विश्लेषण | | | | | | | | | |
| १७ | शिक्षकले शिक्षण सिकाइ क्रियाकलापमा बिताउने समय वृद्धि | | | | | | | | | |
| १८ | विद्यालयमा आधारित सुपरिवेक्षण तथा सहयोगका लागि क्षमता विकास | | | | | | | | | |
| १९ | शिक्षक पेसागत सहयोग | | | | | | | | | |
| २० | असल अभ्यासको अवलोकन भ्रमण | | | | | | | | | |
| २१ | सिकाइ आदानप्रदान, क्षमता विकास, प्रविधि हस्तान्तरण र ज्ञानको सञ्जाल निर्माण | | | | | | | | | |
| २२ | विज्ञ समूहको गठन | | | | | | | | | |
| २३ | सहपाठी कक्षा अवलोकन | | | | | | | | | |
| २४ | छोटो अवधिको शिक्षक तालिम | | | | | | | | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| २५ | विद्यालय तहमा शिक्षकको पेसागत विकास | | | | | | | | | |
| २६ | कार्यसम्पादन मूल्याङ्कन | | | | | | | | | |
| २७ | प्रधानाध्यापकको व्यवस्था | | | | | | | | | |
| २८ | शिक्षक दरबन्दी मिलान तथा पुनर्वितरण | | | | | | | | | |

# ३.६ अनौपचारिक शिक्षा र जीवनपर्यन्त सिकाइ

## ३.६.१ परिचय

- निरन्तर, खुला सिकाइ र अनौपचारिक शिक्षाको आवश्यकता र औचित्य
- निरन्तर शिक्षा, खुला सिकाइ, अनौपचारिक शिक्षा, जीवनपर्यन्त सिकाइ र शिक्षासम्बन्धी नीतिगत व्यवस्था
- सिकाइ औपचारिक तथा अनौपचारिक माध्यमबाट हुने गर्दछ । यो प्रक्रिया निरन्तर चलिरहन्छ ।
- निरन्तर सिकाइबाट व्यक्तिले आवश्यकता अनुसार व्यक्तिगत, सामाजिक वा रोजगारीसँग सम्बन्धित ज्ञान, सिप तथा सक्षमताको विकास गर्दछ ।
- सिकाइ समय, विधि तथा माध्यमको सीमा नरही व्यक्तिको जीवनभर निरन्तर चल्ने प्रक्रिया भएकाले यसका लागि औपचारिक सिकाइ पद्धति मात्र पर्याप्त हुँदैन ।
- औपचारिक शिक्षा प्रणालीको संरचनाबाहिर सङ्गठित विभिन्न किसिमका सिकाइ अवसरले जीवनपर्यन्त सिकाइलाई सहयोग गर्दछ भने व्यक्तिले आफ्नो परिवेशबाट प्राप्त अनुभव तथा सूचनाहरूबाट पनि सिकाइ गरिरहेको हुन्छ ।
- जीवनपर्यन्त सिकाइका लागि निरक्षरका लागि साक्षरताको शिक्षा, साक्षरका लागि साक्षरोत्तर शिक्षा तथा विभिन्न किसिमका सिकाइ स्तरवृद्धिका कार्यक्रमहरू, विभिन्न पेसा तथा व्यवसायसम्बन्धी सिप इत्यादि उपयोगी हुन सक्दछन् भने स्वसिकाइका विभिन्न अवसर सिर्जना गर्नु पनि आवश्यक हुन्छ ।

## ३.६.२ वर्तमान अवस्था

- स्थानीय तहमा निरन्तर, खुला सिकाइ र अनौपचारिक शिक्षाको अवस्था
- सामुदायिक सिकाइ केन्द्र र अनौपचारिक शिक्षाको क्षेत्रमा गरेका कार्यक्रमहरू
- चुनौतीहरू तथा अवसरहरू

## ३.६.३ उद्देश्यहरू :

१. सबै नागरिकका लागि समावेशी तथा समतामूलक साक्षरता र आजीवन सिकाइका अवसर सुनिश्चित गर्ने ।

२. सामुदायिक सिकाइ केन्द्रमार्फत समुदायमा विभिन्न सिपमूलक तथा आयमूलक कार्यक्रमहरू सञ्चालन गर्ने ।

## ३.६.४ रणनीतिहरू

१. सामुदायिक सिकाइ केन्द्रहरूको समायोजन तथा पुनर्वितरण गर्ने ।
२. सामुदायिक सिकाइ केन्द्र, विद्यालय, स्थानीय गैरसरकारी सङ्घसंस्थाहरू, नागरिक समाज, सञ्चारमाध्यम, अभिभावक परिचालन गरी साक्षरता तथा साक्षरोत्तर कक्षाहरू सञ्चालन गर्ने ।
३. सिकारुका आवश्यकताअनुसार तहगत पाठ्यक्रम, सिकाइ मोडुलहरू र भाषिक विविधताअनुरूपका सामग्रीको प्रयोग गर्ने ।
४. सरोकारवालाहरूसँगको समन्वय, सहकार्य र साझेदारीमा अनौपचारिक प्रौढ विद्यालय, वैकल्पिक, खुला तथा परम्परागत विद्यालयहरूको सुदृढीकरण गर्ने ।
५. सामुदायिक सिकाइ केन्द्रलाई आधारभूत सुविधासम्पन्न विद्युतीय पुस्तकालय, सामुदायिक सूचना केन्द्र, एफ.एम. सञ्चालन र सेवा प्रवाह गर्ने बहुउद्देश्यीय संयन्त्रका रूपमा सुदृढीकरण गरी समावेशी एवम् समतामा आधारित जीवनपर्यन्त सिकाइको थलोका रूपमा विकास गर्ने ।
६. सामुदायिक सिकाइ केन्द्रमार्फत विभिन्न आयआर्जन तथा सिपमूलक कार्यक्रमहरू सञ्चालन गर्ने ।

## ३.६.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

**उपलब्धि :**

- सबै नागरिकका लागि साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइका अवसर प्राप्त हुनेछन् ।

**प्रमुख नतिजा :**

१. सबै नागरिकका लागि साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइका अवसरहरू प्राप्त हुने
२. अनौपचारिक शिक्षा तथा आजीवन सिकाइको व्यवस्थापनका लागि आवश्यक संरचनागत व्यवस्था तयार भई सञ्चालन हुने
३. सिकारूको आवश्यकताअनुसार जीवनपर्यन्त सिकाइका सामग्रीहरू कार्यान्वयन हुने
४. सामुदायिक सिकाइ केन्द्र जीवनपर्यन्त सिकाइको केन्द्रका रूपमा विकास हुने
५. अनौपचारिक शिक्षा तथा जीवनपर्यन्त सिकाइबाट आर्जित ज्ञान तथा सिपको पहिचान एवम् प्रमाणीकरण गरी समकक्षता प्रदान हुने
६. अनौपचारिक तथा जीवनपर्यन्त सिकाइसम्बन्धी तथ्याङ्क अद्यावधिक हुने
७. स्थानीय तह पूर्ण साक्षर घोषणा हुने

## प्रमुख क्रियाकलापहरू र लक्ष्य निर्धारण

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | एकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | निरक्षरहरूको तथ्याङ्क सङ्कलन तथा खण्डीकृत डाटाबेस तयारी | पटक | १ | | | | | १ | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| २ | साक्षरता तथा साक्षरोत्तर शिक्षा कार्यक्रम सञ्चालन | कक्षा | ४ | ४ | ४ | ४ | ४ | २० | | |
| ३ | सामुदायिक सिकाइ केन्द्र सञ्चालन | | | | | | | | | |
| ४ | सामुदायिक सिकाइ केन्द्रलाई सामुदायिक पुस्तकालयका रूपमा सञ्चालन | | | | | | | | | |
| ५ | सामुदायिक सिकाइ केन्द्रको सुदृढीकरण | | | | | | | | | |
| ६ | सरकारी तथा गैरसरकारी निकायसँग साझेदारी र सहकार्य | | | | | | | | | |
| ७ | मौलिक तथा परम्परागत ज्ञानमा आधारित सामग्री विकास | | | | | | | | | |
| ८ | सूचना तथा सञ्चार प्रविधिको प्रयोग | | | | | | | | | |
| ९ | सिकाइ सामग्री र सिकाइको प्रमाणीकरण | | | | | | | | | |
| १० | संस्थागत प्रबन्ध | | | | | | | | | |
| ११ | अनौपचारिक प्रौढ विद्यालय, खुला विद्यालय र धार्मिक प्रकृतिका विद्यालयहरूलाई अनुदान | | | | | | | | | |
| १२ | साक्षर स्थानीय तह घोषणा | | | | | | | | | |

## ३.७ प्राविधिक तथा व्यावसायिक शिक्षा

### ३.७.१ परिचय

- प्राविधिक तथा व्यावसायिक शिक्षा र सिपको आवश्यकता र औचित्य
- संवैधानिक तथा नीतिगत व्यवस्था

### ३.७.२ वर्तमान अवस्था

- प्राविधिक तथा व्यावसायिक शिक्षा र सिपमा पहुँचको अवस्था
- प्राविधिक तथा व्यावसायिक शिक्षा र सिपप्रदायक संस्थाहरू
- विषयगत आधारमा प्राविधिक तथा व्यावसायिक शिक्षा र सिपका अवसरहरू
- प्राविधिक तथा व्यावसायिक शिक्षा र सिप क्षेत्रका चुनौतीहरू

## ३.७.३ उद्देश्यहरू

१. प्राविधिक तथा व्यावसायिक शिक्षा तथा सिप विकासमा पहुँच अभिवृद्धि गर्नु ।
२. प्राविधिक तथा व्यावसायिक शिक्षा तथा सिप विकासका अवसर सृजना गर्न संयन्त्र विकास गर्नु ।
३. प्राविधिक तथा व्यावसायिक शिक्षा तथा सिप विकासका अवसरहरूलाई सान्दर्भिक, उपयोगी र गुणस्तरीय बनाउनु ।

## ३.७.४ रणनीतिहरू

१. स्थानीय तहमा प्राविधिक तथा व्यावसायिक शिक्षा र सिपको अवसर सृजना गर्ने
२. बहुप्राविधिक शिक्षालय/तालिम केन्द्रहरूको स्थापना, सञ्चालन, तथा नियमन गर्ने
३. प्राविधिक तथा व्यावसायिक शिक्षा र सिपको गुणस्तर, प्रभावकारिता र पहुँच बढाउनको निम्ति सरोकारवालाहरूसँग समन्वय गर्ने
४. प्राविधिक तथा व्यावसायिक शिक्षा र सिपको क्षेत्रमा सक्षम जनशक्ति तयार गर्ने
५. प्राविधिक तथा व्यावसायिक शिक्षा र सिपमा व्यापार तथा उद्योग क्षेत्रको सहभागिता बढाउन प्रोत्साहन गर्ने
६. आयआर्जन गर्ने खालका क्रियाकलापको माध्यमबाट आत्मनिर्भर हुनको निम्ति संस्थागत क्षमता बढाउने
७. पिछडिएका भौगोलिक क्षेत्र, महिला, आदिवासी/जनजाति, दलित, अपाङ्गता भएका नागरिक एवम् आर्थिक रूपले विपन्न समुदाय र वर्गको पहुँच बढाउन आवश्यक कार्यक्रमहरूको व्यवस्था गर्ने
८. प्राविधिक तथा व्यावसायिक शिक्षा र सिपका क्षेत्रहरू कृषि, ऊर्जा, पर्यटन, जलस्रोत, स्थानीय प्रविधि, सम्पदा र संस्कृति, खेलकूद, जलवायु परिवर्तनलगायतका क्षेत्रहरूमा केन्द्रित गर्न पहल गर्ने
९. विद्यार्थीहरूलाई प्राविधिक तथा व्यावसायिक शिक्षा र सिपका अवसर उपलब्ध गराउनका लागि सम्बन्धित संस्थाहरूसँग समन्वय तथा सहकार्य गर्ने
१०. स्थानीय तहमा सञ्चालित प्राविधिक तथा व्यावसायिक शिक्षा र सिपप्रदायक संस्थाहरूको सञ्चालनमा आवश्यक सहयोग उपलब्ध गराउने

## ३.७.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

**उपलब्धि :**

१. उत्पादनशील जनशक्तिले आवश्यकताअनुसारका प्राविधिक तथा व्यावसायिक शिक्षा र सिपका क्षेत्रहरूमा पर्याप्त दक्षता हासिल गरी उत्पादनशील, रोजगारी, स्वरोजगारी र जीविकोपार्जनका क्षेत्रबाट आर्थिक स्तर सुधार भएको हुनेछ ।

**प्रमुख नतिजाहरू :**

१. स्थानीय तहमा प्राविधिक तथा व्यावसायिक शिक्षा र सिपका क्षेत्रमा उत्पादनशील जनशक्तिले आवश्यकताअनुसारका प्राविधिक तथा व्यावसायिक सिपका क्षेत्रहरूमा पर्याप्त अवसर प्राप्त गरेको हुने
२. स्थानीय तहमा बहुप्राविधिक शिक्षालय/प्राविधिक

धारका माध्यमिक विद्यालयहरूको स्थापना भई सञ्चालन हुने

३. स्थानीय तहमा सञ्चालित प्राविधिक तथा व्यावसायिक शिक्षा र सिपका क्षेत्रमा सञ्चालित संस्थाहरूबाट सञ्चालन हुने कार्यक्रमहरूको सान्दर्भिकता र गुणस्तरमा अभिवृद्धि हुने
४. प्राविधिक तथा व्यावसायिक शिक्षा र सिपका क्षेत्रहरूलाई उत्पादन र आर्थिक उपार्जनसँग जोडिने
५. स्थानीय स्तरमा रहेका परम्परागत सिपहरूको पहिचान, प्रमाणीकरण तथा प्रवर्द्धन हुने
६. वैदेशिक रोजगारीबाट हासिल गरेको अनुभव र सिपको खोजी, प्रमाणीकरण तथा उपयोग हुने वातावरण सृजना हुने
७. खोज, नवप्रर्वतन तथा उद्यमशीलतामा अभिवृद्धि भएको हुने
८. उत्पादनशील, रोजगारी, स्वरोजगारी र जीविकोपार्जनका अवसरमा वृद्धि हुने
९. प्राविधिक तथा व्यावसायिक शिक्षा तथा सिपका क्षेत्रमा सार्वजनिक, निजी तथा सामुदायिक सहभागितामा लगानी अभिवृद्धि हुने

## प्रमुख क्रियाकलाप र लक्ष्य :

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | एकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | प्राविधिक धारका माध्यमिक विद्यालयहरू स्थापना र सञ्चालन | | | | | | | | | |
| २ | प्राविधिक धार सञ्चालन भएका विद्यालयहरूको भौतिक पूर्वाधार विकास | | | | | | | | | |
| ३ | बहुप्राविधिक शिक्षालय स्थापना, सञ्चालन तथा नियमन | | | | | | | | | |
| ४ | छोटो अवधिका सिपमूलक तालिम सञ्चालन | | | | | | | | | |
| ५ | शिक्षक व्यवस्था | | | | | | | | | |
| ६ | छात्रवृत्ति कार्यक्रम | | | | | | | | | |
| ७ | स्थानीय स्तरमा प्राविधिक तथा व्यावसायिक शिक्षा र सिपका लागि आवश्यक नीति तर्जुमा | | | | | | | | | |
| ८ | खोज तथा नवप्रवर्तनात्मक कार्यलाई प्रोत्साहन | | | | | | | | | |
| ९ | स्थानीय स्तरमा रहेका परम्परागत सिपहरूको पहिचान, प्रमाणीकरण तथा प्रवर्द्धन कार्यक्रम | | | | | | | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १० | वैदेशिक रोजगारीबाट हासिल गरेको अनुभव र सिपको खोजी, प्रमाणीकरण तथा उपयोगसम्बन्धी कार्यक्रम | | | | | | | | |
| ११ | उत्पादित जनशक्तिलाई उद्यमशीलताका लागि सहयोग | | | | | | | | |
| १२ | आर्थिक रूपमा पिछडिएका प्रतिभा तथा सीमान्तकृत, दलित, अपांगता भएका, लोपोन्मुख जाति/जनजाति, महिला विद्यार्थीका लागि उच्च शिक्षामा सहज पहुँचको अवसर सृजना गर्न आवश्यक स्रोतको व्यवस्था | | | | | | | | |

# परिच्छेद ४ : अन्तरसम्बन्धित विषय तथा क्षेत्रहरू

विभिन्न अन्तरसम्बन्धित विषयहरू (Cross–cutting Themes)ले विद्यालय शिक्षाको योजनामा अपेक्षित परिणाम हासिल गर्न सक्षम बनाउने कारकका रूपमा काम गरेका हुन्छन् । शिक्षा योजनामा समता तथा समावेशीकरण, स्वास्थ्य, पोषण तथा दिवा खाजा, आपत्कालीन तथा सङ्कटपूर्ण अवस्थामा शिक्षा, शिक्षामा सूचना तथा सञ्चार प्रविधि, विद्यालय भौतिक विकास, विद्यालयमा अतिरिक्त क्रियाकलाप सञ्चालन जस्ता अन्तरसम्बन्धित विषयहरू महत्वपूर्ण हुन्छन् । हुन त अघिल्लो परिच्छेदमा विद्यालय शिक्षाक्षेत्रका मुख्य उपक्षेत्रहरूको योजनाको खाका प्रस्तुत गर्ने क्रममा सम्बन्धित अन्तरसम्बन्धित विषयका कतिपय पक्षहरू केही हदसम्म उल्लेख भइसकेका छन् । तथापि यी अन्तरसम्बन्धित विषयहरूको समग्रमा विश्लेषण गरी योजनामा प्राथमिकता प्रदान गर्न र विभिन्न उपक्षेत्रसँग तिनीहरूको अन्तरसम्बन्धका बारेमा थप स्पष्टता आवश्यक देखिएको छ ।

यसै सन्दर्भमा यस परिच्छेदमा केही मुख्य मुख्य अन्तरसम्बन्धित विषयहरूको वर्तमान अवस्था र ती सम्बन्धमा यस योजनाले समेट्नुपर्ने उद्देश्यहरू, रणनीतिहरू, अपेक्षित उपलब्धि तथा नतिजा, नतिजा प्राप्तिका लागि प्रस्तावित क्रियाकलाप तथा लक्ष्यहरू प्रस्तुत गरिएको छ । यस परिच्छेदमा समावेश गरिएका अन्तरसम्बन्धित उपक्षेत्रहरूलाई पनि परिचय, वर्तमान अवस्था, उद्देश्यहरू, रणनीतिहरू, उपलब्धिहरू, नतिजाहरू, मुख्य क्रियाकलापहरू र लक्ष्य निर्धारण जस्ता ७ वटा उपशीर्षकहरूमा विभाजन गरी विश्लेषण गरिएको छ ।

## ४.१ शैक्षिक समता र समावेशीकरण :

### ४.१.१ परिचय

- शिक्षा पाउनु सबै बालबालिकाको नैसर्गिक अधिकार हो । नेपालको संविधानको धारा ३१ ले यो अधिकारलाई स्थापित गरेको छ । सबै वर्ग र क्षेत्रका बालबालिकाको सामाजिक न्याय, पहुँच र प्रतिनिधित्वका लागि समावेशी शिक्षा आजको उपयुक्त र सान्दर्भिक मुद्दा बनेको छ ।
- अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी महासन्धि, २००६ को धारा २४ ले अपाङ्गता भएका बालबालिकाले अन्य बालबालिकासँगै समान आधारमा समावेशी शिक्षा पाउने अधिकारलाई सुनिश्चित गरेको छ ।
- समावेशी शिक्षा भन्नाले विभिन्न भाषाभाषी, वर्ग, क्षेत्र र अपाङ्गता भएका बालबालिकाले हाँस्दै, खेल्दै घरनजिकैको विद्यालयमा जाने, समान आधारमा

सबै बालबालिकासँगै सिक्न पाउने वातावरण सिर्जना गर्नु नै हो । यस पद्धतिले बालकेन्द्रित शिक्षामा जोड दिन्छ ।

- बालबालिकाको रुचि, क्षमता र वैयक्तिक आवश्यकताका आधारमा उनीहरूलाई सुहाउँदो शिक्षा अरू बालबालिकासँगै उपलब्ध गराउने कार्य समावेशी शिक्षा हो । यस कार्यलाई सबैका लागि शिक्षा भन्ने बहुचर्चित शिक्षा अभियानले पनि अङ्गीकार गरेको छ ।
- अवसर पाएमा सबै बालबालिकाले पढ्न र सिक्न सक्छन् भन्ने मान्यताका साथ समावेशी शिक्षाले अरू थप बहिष्करण हुनबाट रोक्छ र समाजसँगै हुर्कने, बढ्ने र पढ्ने एवं प्रतिस्पर्धी बन्ने अवसर उपलब्ध गराउने नयाँ उपायहरू सुझाउँछ ।
- विविध वर्ग, क्षेत्र, लिङ्ग, क्षमता, आर्थिक-सामाजिक परिवेशका बालबालिकालाई एउटै कक्षामा राखी शिक्षा दिँदा बालबालिकाले एकले अर्कोबाट सिक्ने मौका पाउँछन् र एकले अर्काको सम्मान, कदर गर्न सिक्छन् ।
- नेपाल सामाजिक सांस्कृतिक रूपमा विविधता भएको मुलुक हो । यहाँ विभिन्न भाषिक, सांस्कृतिक तथा जातजातिगत समुदायहरूको बसोवास छ ।
- विविधताको सम्मान र समता तथा समावेशिताको अभिवृद्धि गरी शिक्षामा सबैको सहज पहुँचसहित अर्थपूर्ण सहभागिता कायम गर्न र सिकाइ सुनिश्चित गर्नका लागि यसका कारण तथा बाधाहरू पहिचान गरी ती बाधाहरू हटाउनु आवश्यक छ ।

## ४.१.२ वर्तमान अवस्था

**निम्नलिखित बुँदाहरूमा आधारित भई स्थानीय तहको समता र समावेशीकरणको विश्लेषण गर्नुहोस्-**

- जातजातिगत तथा भाषिक
- लैङ्गिक
- अपाङ्गता भएका बालबालिकाका
- विभिन्न कठिन परिस्थितिमा रहेका बालबालिकाका
- आर्थिक रूपले विपन्नका समता लक्षित प्रमुख कार्यक्रमहरू
- छात्रवृत्ति
- सिकाइ वातावरण सुधार
- पाठ्यक्रम, पाठ्यपुस्तक तथा सिकाइ क्रियाकलाप
- वैकल्पिक सिकाइ प्रबन्ध
- शिक्षक नियुक्ति तथा व्यवस्थापनमा समावेशिता

## ४.१.३ उद्देश्यहरू :

१. लक्षित समूहका व्यक्तिहरूको शिक्षामा समतामूलक पहुँच सुनिश्चित गर्नु ।

२. लक्षित समूहका बालबालिकाहरूको सिकाइमा सहभागिता वृद्धि तथा सिकाइ उपलब्धि सुधार गर्नु

३. विद्यालयमा कुनै पनि प्रकारको विभेद तथा दुर्व्यवहार नहुने सुनिश्चितता गरी बालबालिकाको नियमित उपस्थिति, सहभागिता र सिकाइ सहज हुने वातावरण सिर्जना गर्नु ।

## ४.१.४ रणनीतिहरू :

१. विद्यालयमा सिकाइका लागि आवश्यक भौतिक तथा शैक्षिक अवस्थाहरू पूरा गरी अपाङ्गतामैत्री तथा लैङ्गिकमैत्री बनाउने । यसका लागि बालमैत्री विद्यालय प्रारूप (CFSF) तथा निर्धारित सिकाइका लागि आवश्यक पूर्वाधार पूरा गर्ने ।

२. अपाङ्गताको किसिम तथा स्वरूप पहिचान गरी उपयुक्त समावेशी शिक्षाको व्यवस्थाका साथै आवश्यकताअनुसार विशेष विद्यालयको प्रबन्ध गर्ने ।

३. छात्रवृत्तिका लागि विपन्न लक्षित गरी आर्थिक रूपले विपन्न, सुविधाविहीन, कठिन परिस्थितिमा रहेका र अपाङ्गता भएका बालबालिकाहरू सहभागी हुने व्यवस्था गर्ने ।

४. कार्यविधि तयार गरी आवश्यकताअनुसार थप विद्यार्थीलाई छात्रवृत्ति प्रदान गर्न सक्ने व्यवस्था गर्ने ।

५. विद्यालयमा सरसफाइ तथा स्वच्छतासम्बन्धी सेवा तथा शिक्षाको प्रबन्ध तथा किशोरीहरू लक्षित महिनावारी स्वच्छतासम्बन्धी सेवा तथा शिक्षा प्रदान गर्ने ।

६. आाधारभूत तहमा मातृभाषा, स्थानीय भाषा वा बहुभाषा प्रयोग गरी सिकाइको अवसर प्रदान गर्न प्राथमिकता दिने ।

७. पाठ्यक्रममा स्थानीय भाषा, संस्कृति, भूगोल, इतिहास तथा नागरिक ज्ञान तथा सिपका साथै बृहत् यौनिकता शिक्षा तथा प्रजनन स्वास्थ्यसम्बन्धी विषयवस्तु समावेश गरी सिकाइलाई जीवनोपयोगी सिपसँग आबद्ध गर्ने ।

८. सिकाइ क्रियाकलापलाई सहभागितामूलक बनाई विद्यार्थीका आवश्यकता सम्बोधन गर्ने गरी विविधता कायम तथा विद्यालयमा कुनै पनि प्रकारको विभेद, दुर्व्यवहार र हेपाइ नहुने सुनिश्चिततासहित बालमैत्री वातावरण सिर्जना गर्ने ।

## ४.१.५ उपलब्धिहरू, मुख्य मुख्य नतिजाहरू, प्रमुख क्रियाकलापहरू र लक्ष्य निर्धारण

**उपलब्धिहरू :**

१. लक्षित समूहका व्यक्तिहरूको शिक्षामा समतामूलक पहुँच सुनिश्चित भई सिकाइ उपलब्धिमा सुधार आएको हुनेछ ।

**मुख्य मुख्य नतिजाहरू :**

१ शारीरिक रूपमा कमजोर र सामाजिक रूपमा पछाडि परेका बालबालिकाहरूको सिक्न पाउने अधिकारको पहुँच सुनिश्चित भएको हुनेछ ।

## प्रमुख क्रियाकलापहरू र लक्ष्य निर्धारण

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | एकाइ | भौतिक लक्ष्य (५वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | शिक्षाको अवसरबाट वञ्चित हुनाका कारण पहिचान गरी वैयक्तिक आवश्यकताअनुसारको वैकल्पिक शैक्षिक कार्यक्रमहरू तथा सहायता पद्धति तर्जुमा गरी कार्यान्वयन | निरन्तर | | | | | | | | |
| २ | बालबालिकाको परीक्षण गरी अपाङ्गताको आधारमा वर्गीकरण र अभिलेखीकरण गरी उपयुक्त शिक्षाको प्रबन्ध | निरन्तर | | | | | | | | |
| ३ | आधारभूत शिक्षाको उमेर समूहका सबै बालबालिकाहरूलाई विद्यालय भर्ना गर्ने व्यवस्था मिलाई अनिवार्य शिक्षा सुनिश्चित भएको सार्वजनिक घोषणा | पटक | | | | | | | | |
| ४ | बालकेन्द्रित शिक्षण, बालमैत्री शैक्षणिक वातावरण, शिक्षक विद्यार्थीबीच सुमधुर सम्बन्ध विकास, सिकाइमुखी शिक्षण पद्धति, कक्षाकोठा, सम्मानपूर्ण व्यवहार जस्ता उपायहरूको अवलम्बन | निरन्तर | | | | | | | | |
| ५ | बालबालिकाहरूको सिकाइ आवश्यकता अनुरूपका सिकाइ सामग्री तथा अन्य आवश्यक सामग्री विकास तथा पेसागत विकासका कार्यक्रममा समता तथा समावेशीकरणका विषयवस्तुहरूलाई समावेश | पटक | | | | | | | | |
| ६ | विद्यालयमा कुनै पनि प्रकारको विभेद, दुर्व्यवहार, हेपाइ नहुने सुनिश्चित गर्न यससम्बन्धी शिक्षा तथा संयन्त्र स्थापना | निरन्तर | | | | | | | | |
| ७ | शिक्षामा समता र समावेशीकरणका क्षेत्रमा कार्यरत सरकारी तथा गैरसरकारी सङ्घसंस्थाहरूबीच जवाफदेहितासहितको कार्यगत समन्वय | निरन्तर | | | | | | | | |
| ८ | निर्देशिकाअनुसार छात्रवृत्तिका लागि विद्यार्थी छनोट तथा छात्रवृत्ति वितरण (अपाङ्गता भएका तथा विभिन्न किसिमका आवासीय छात्रवृत्तिसमेत) | विद्यार्थी सङ्ख्या | | | | | | | | |

# ४.२ दिवा खाजासहित स्वास्थ्य तथा पोषण कार्यक्रम

## ४.२.१ परिचय :

- बालबालिकाको विकास तथा सिकाइसँग उनीहरूको स्वास्थ्य तथा पोषणको अवस्थाको प्रत्यक्ष सम्बन्ध हुन्छ । स्वास्थ्य तथा पोषणको राम्रो अवस्थाले बालबालिकालाई सिकाइ सहभागिता बढाई उपलब्धि सुधार गर्न प्रोत्साहित गर्दछ ।
- बालबालिकाको राम्रो स्वास्थ्यका लागि सरसफाइ तथा स्वच्छताको अभ्यास (Sanitation and hygiene practice) र प्रारम्भिक स्वास्थ्य जाँच तथा स्वास्थ्य सेवाहरू सहज रूपमा उपलब्ध हुनुपर्दछ। यस्ता आधारभूत स्वास्थ्य, सरसफाइ तथा स्वच्छतासम्बन्धी सेवा तथा अभ्यास विद्यालयमा प्रदान गर्दा सेवा प्रवाहलाई तुलनात्मक रूपमा सहज, प्रभावकारी र मितव्ययी बनाउन सहयोग पुग्ने देखिएको छ (Bundy et al., 2018) ।
- बालबालिकाले पोषणयुक्त खाना प्राप्त गर्नका लागि विद्यालयमा बिताउने तथा आउनेजाने समय समेतलाई गणना गर्दा हुन आउने ७-८ घण्टाको समयको करिब मध्यतिर खाजाको प्रबन्ध हुनु आवश्यक छ ।
- खासगरी ९-१० वर्षको उमेरदेखि बालबालिकाहरूको लागि सामान्य सरसफाइ तथा स्वच्छतासम्बन्धी अभ्यासका अतिरिक्त महिनावारीसम्बन्धी सरसफाइ तथा स्वच्छता (Menstrual hygiene) सम्बन्धी सहयोग तथा शिक्षा पनि उत्तिकै आवश्यक छ ।
- विद्यालयमा आधारित स्वास्थ्य तथा पोषणसम्बन्धी कार्यक्रमहरूले विद्यार्थीको भर्ना तथा टिकाउदर बढाउन, नियमित अनुपस्थित हुन तथा बीचैमा विद्यालय छाड्ने दर घटाउन योगदान गरी सिकाइ उपलब्धि सुधार गर्न सहयोग गर्दछ ।
- नेपालको संविधानले प्रत्याभूत गरेको शिक्षा, स्वास्थ्य र खाद्यसम्बन्धी अधिकारहरू, खाद्य सम्प्रभुतासम्बन्धी कानुन, राष्ट्रिय स्वास्थ्य नीति २०७६, राष्ट्रिय शिक्षा नीति २०७६, बालबालिकासम्बन्धी कानुन इत्यादिले बालबालिकाको स्वास्थ्य, पोषण तथा खाद्य सम्प्रभुतासम्बन्धी अधिकार स्थापित गरेका छन् ।

## ४.२.२ वर्तमान अवस्था र चुनौती :

**निम्नलिखित बुँदाहरूमा आधारित भई वर्तमान अवस्थाको विश्लेषण गर्नुहोस्-**

- विद्यालय खाजा
- विद्यालय स्वास्थ्य र पोषण
- सरसफाइ तथा स्वच्छता

## ४.२.३ उद्देश्यहरू :

१. बालबालिकालाई स्वस्थ एवम् पोषणयुक्त पौष्टिक खाना प्राप्तिको सुनिश्चितता गर्नु ।

२. स्वास्थ्य, पोषण र सरसफाइ तथा स्वच्छतासम्बन्धी सेवाको गुणस्तर वृद्धि गरी बालबालिकाको पोषण, स्वास्थ्य र सिकाइ उपलब्धिमा सुधार गर्नु ।

## ४.२.४ रणनीतिहरू :

१. दिवा खाजा कार्यक्रमलाई क्रमशः विस्तार गर्दै आधारभूत तहसम्मका सम्पूर्ण बालाबालिकालाई विद्यालयमा खाजा उपलब्ध गराउने र अभिभावकको संलग्नतामा माध्यमिक तहसम्मका विद्यार्थीका लागि खाजाको प्रबन्ध गर्ने ।
२. दिवा खाजाको लागि विद्यालयमा आवश्यक पर्ने विभिन्न सुविधाहरू विस्तार गर्ने ।
३. विद्यालयमा विद्यार्थी सङ्ख्याको अनुपातमा पर्याप्त पानी, साबुन तथा सफाइ सामग्रीसहित आवश्यक सङ्ख्यामा छात्र र छात्राका लागि अलगअलग शौचालय तथा युरिनल, किशोरीहरूका लागि चेन्ज रुम, प्रयोग भइसकेका सामग्री व्यवस्थापन, हात धुने ठाउँ, स्वच्छ खानेपानी, कक्षाकोठा तथा विद्यालय परिसर सरसफाइको प्रबन्ध र घेराबाराको व्यवस्था गर्ने ।
४. विद्यालयहरूमा प्राथमिक उपचार किट, बालबालिकाहरूको आवधिक स्वास्थ्य जाँच, जुकाको औषधि तथा सूक्ष्मपोषक तत्व प्रदायक भिटामिन ए तथा आइरन फोलिक एसिड आदिको वितरण र छात्राहरूका लागि महिनावारी स्वच्छताका लागि स्यानिटरी प्याड वितरणलाई स्वास्थ्य क्षेत्रको सहकार्यमा नियमित र प्रभावकारी बनाउने ।
५. दिवा खाजाको लागि स्थानीय उत्पादनमा आधारित वस्तुहरूलाई प्राथमिकता दिने ।
६. दिवा खाजा सहितको स्वास्थ्य तथा पोषण कार्यक्रमको स्थायित्व र दिगोपनको लागि तीनै तहका सरकारहरूसँग साझेदारी विकास, निजी सार्वजनिक साझेदारी, अभिभावकहरूको सहभागिता, विकास साझेदारहरूको सहयोगका लागि आवश्यक सहयोगी वातावरण तथा संयन्त्रको विकास गर्ने ।
७. दिवा खाजालगायत स्वास्थ्य, पोषण तथा सरसफाइ र स्वच्छतासम्बन्धी कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन साधन, संयन्त्र र प्रक्रियामा पुनरावलोकन गरी थप प्रभावकारी बनाउने ।

## ४.२.५ उपलब्धिहरू, नतिजाहरू, मुख्य क्रियाकलापहरू र लक्ष्य निर्धारण :

**उपलब्धिहरू :**

१. विद्यालयमा अध्ययन गर्ने सबै बालबालिकाको स्वास्थ्य तथा पोषणको अवस्थामा सुधार, मनोसामाजिक कुशलता (well–being) मा अभिवृद्धि तथा सिकाइमा सुधारसहित सुरक्षित तथा रमाइलो (joyful) सिकाइ वातावरणमा पूर्ण पहुँच तथा सहभागिता हुने ।

## मुख्य नतिजाहरू :

१. प्रारम्भिक बालविकासदेखि आधारभूत तह कक्षा ८ सम्मका सामुदायिक विद्यालयका सबै बालबालिकाहरूले स्वस्थकर, पौष्टिक र स्थानीय उत्पादनमा आधारित दिवा खाजा स्थानीय तहमार्फत विद्यालयबाट प्राप्त हुनेछ ।
२. विद्यालयमा विद्यार्थी सङ्ख्याको अनुपातमा पर्याप्त पानी, साबुन तथा सफाइ सामग्रीसहित आवश्यक सङ्ख्यामा छात्र र छात्राका लागि अलगअलग शौचालय तथा युरिनल, किशोरीहरूका लागि चेन्ज रुम, प्रयोग भइसकेका सामग्री व्यवस्थापन, हात

धुने ठाउँ, स्वच्छ खानेपानी, कक्षा कोठा तथा विद्यालय परिसर सरसफाइको प्रबन्ध र घेराबाराको व्यवस्था हुनेछ ।

३. विद्यालयहरूमा प्राथमिक उपचार किट वितरण तथा प्रतिस्थापन, बालबालिकाहरूको आवधिक स्वास्थ्य जाँच, भिटामिन ए र आइरन फोलिक, जुकाको औषधि तथा सूक्ष्म पोषक तत्व वितरण र किशोरीहरूका लागि महिनावारी स्वच्छताका लागि स्यानिटरी प्याडको नियमित वितरण हुनेछ ।

## मुख्य मुख्य क्रियाकलापहरू र लक्ष्य निर्धारण :

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | एकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | स्वास्थ्य, पोषण र सरसफाइ तथा स्वच्छतासम्बन्धी मापदण्ड एवम् कार्यान्वयन ढाँचा विकास | | | | | | | | | |
| २ | विद्यालय तथा स्थानीय तहका लागि दिवा खाजा, स्वास्थ्य, पोषण र सरसफाइ तथा स्वच्छतासम्बन्धी कार्यक्रम सञ्चालन | | | | | | | | | |
| ३ | दिवा खानाका लागि भान्सा तथा भण्डार, भाँडावर्तन तथा आवश्यक सामग्रीको प्रबन्ध | | | | | | | | | |
| ४ | स्वस्थकर तथा पौष्टिक दिवा खाजाको प्रबन्ध | | | | | | | | | |
| ५ | तालिम/प्रचार-प्रसार/मेनु तयारी र आवधिक अन्य क्षमता अभिवृद्धि क्रियाकलाप | | | | | | | | | |
| ६ | दिवा खाजाका लागि चाहिने खाद्य सामग्री आपूर्तिमा भाग लिने स्थानीय कृषि सहकारी, किसान समूहलाई तालिम तथा सहयोग | | | | | | | | | |
| ७ | कार्यक्रमको प्रभावकारिता, कार्यकुशलता तथा प्रति एकाइ लागतको अध्ययन तथा तथा विभिन्न मोडालिटीहरूको अध्ययन | | | | | | | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ८ | विद्यालयमा विद्यार्थी सङ्ख्याको अनुपातमा पर्याप्त पानी, साबुन तथा सफाइ सामग्रीसहित आवश्यक सङ्ख्यामा छात्र र छात्राका लागि अलगअलग शौचालय तथा युरिनल, किशोरीहरूका लागि चेन्ज रुम, प्रयोग भइसकेका सामग्री व्यवस्थापन, हात धुने ठाउँ, स्वच्छ खानेपानी, कक्षाकोठा तथा विद्यालय परिसर सरसफाइको प्रबन्ध र घेराबाराको व्यवस्था | | | | | | | | |
| ९ | कक्षा ६ देखि १२ सम्मका किशोरीहरूलाई महिनावारी स्वच्छताको लागि स्यानिटरी प्याडको व्यवस्था | | | | | | | | |
| १० | आवधिक स्वास्थ्य जाँच, जुकाको औषधि र सूक्ष्मपोषक तत्व प्रदायक ट्याब्लेटहरू (भिटामिन ए र आइरन, फोलिक एसिड आदि प्रदान) | | | | | | | | |
| ११ | विद्यालयलाई प्राथमिक उपचारको किट प्रदान तथा प्रतिस्थापन | | | | | | | | |
| १२ | विद्यालयमा स्वास्थ्य, सरसफाइ तथा स्वच्छता, पोषण र किशोरीहरूका लागि महिनावारी स्वच्छतासम्बन्धी शिक्षा | | | | | | | | |

## ४.३ आपत्कालीन तथा सङ्कटपूर्ण अवस्थामा शिक्षा

### ४.३.१ परिचय

- आपत्कालीन तथा सङ्कटपूर्ण अवस्थामा बालबालिकाले सिक्न पाउने अधिकार ।
- सम्भावित जोखिमको पूर्वतयारी (Preparedness), आपत्कालीन अवस्थामा क्षति कम हुने गरी तत्कालको प्रतिकार्य (Response), आपत्कालपश्चात् क्षतिको पुनर्लाभ (Recovery) सम्बन्धी कार्यढाँचा ।
- प्राकृतिक तथा मानवीय प्रकोप, कोभिड- १९ को कारण बालबालिकाको सिक्ने र शिक्षा प्राप्त गर्ने अधिकारमा अवरोध पुगेको अवस्थाबाट पाठ सिकी आपत्कालीन अवस्थामा शिक्षाको कार्यढाँचा निर्माण ।

नेपाल सरकारले जुनसुकै आपत्कालीन तथा सङ्कटपूर्ण अवस्थामा पनि बालबालिकाहरूको शिक्षा प्राप्त गर्ने हक सुरक्षित गर्ने प्रतिबद्धता व्यक्त गरेको छ । युद्ध, द्वन्द्व, महामारी तथा प्राकृतिक प्रकोपको अवस्थामा पनि बालबालिकाको सिक्न पाउने अधिकारलाई संरक्षण गर्दै सिकाइलाई निरन्तरता दिने वैकल्पिक उपायसहितको शैक्षिक कार्यक्रमलाई आपत्कालीन तथा सङ्कटपूर्ण अवस्थामा शिक्षा (Education in emergency and crisis)का रूपमा लिने गरिन्छ । यसको मूल उद्देश्य विभिन्न कारणले उत्पन्न सङ्कटकालीन अवस्थामा बालबालिकालगायत शिक्षासँग सम्बद्ध व्यक्ति, परिवार तथा समुदायको जीवन रक्षा, प्रकोपबाट सिर्जित सङ्कटको व्यवस्थापन, सामाजिक द्वन्द्व तथा हिंसा र दुरुपयोगबाट बालबालिकालाई सुरक्षित राख्नुका साथै समग्र शिक्षाक्षेत्रलाई निर्बाध रूपमा क्रियाशील हुने गरी शैक्षिक कार्यक्रमहरूको तयारी तथा सञ्चालन गर्नु हो । यस अवधारणाअन्तर्गत सम्भावित जोखिमको पूर्वतयारी (Preparedness), आपत्कालीन अवस्थामा क्षति कम हुने गरी तत्कालको प्रतिकार्य (Response) गर्ने र आपत्कालपश्चात् क्षतिको पुनर्लाभ (Recovery) गर्ने कार्यढाँचा समेटिने गरिन्छ ।

## ४.३.२ वर्तमान अवस्था

**विद्यमान नीतिगत व्यवस्था**

- भयरहित शिक्षण सिकाइ निर्देशिका २०६७ (बालबालिकालाई शारीरिक तथा मानसिक सजाय र उत्पीडन, यौन दुराचारबाट मुक्त सिकाइ व्यवस्था भएको)
- विद्यालय शान्ति क्षेत्र राष्ट्रिय कार्यढाँचा र कार्यान्वयन निर्देशिका २०६८ (विद्यालयमा सशस्त्र गतिविधि, हिंसा, राजनीतिक प्रभाव, भेदभाव, शोषण तथा दुर्व्यवहारबाट मुक्त राखी शिक्षण सिकाइलाई निरन्तरता दिने व्यवस्था भएको)
- बालमैत्री विद्यालय राष्ट्रिय प्रारूप २०६७ (विद्यालयको प्रभावकारिता, समावेशीकरण, लैङ्गिक समता, स्वास्थ्य, सुरक्षा र बचावट, विद्यालय व्यवस्थापन आदिले आपत्कालीन शिक्षाको आधार तयार गरेको)
- विद्यालय शिक्षाका लागि एकीकृत समता रणनीति २०७१
- बृहत् विद्यालय सुरक्षा न्यूनतम प्याकेज २०१८ (सिकाइ पूर्वाधार विपद् जोखिम व्यवस्थापन, विद्यालय विपद् जोखिमको सुदृढीकरण तथा समुदायको सहभागिता, विपद् जोखिम न्यूनीकरण तथा उत्थानशीलताका लागि शिक्षाका न्यूनतम मापदण्डमा आधारित कार्यान्वयन)
- बृहत् विद्यालय सुरक्षा गुरुयोजना २०१७ तथा बृहत् विद्यालय सुरक्षा कार्यान्वयन कार्यविधि २०१८ (विद्यालयको न्यूनतम सुरक्षाका उपायहरूसम्बन्धी क्रियाकलापहरू, शिक्षक र विद्यार्थीहरूलाई मृत्यु र घाइते हुनबाट बचाउने, विपद्पछि विद्यालयलाई निरन्तरता दिन सक्ने वातावरण तयार गर्ने, शिक्षाका माध्यमबाट विपद् जोखिम न्यूनीकरण तथा उत्थानशीलता विकास गर्ने)
- दिगो विकास लक्ष्य, पन्ध्रौं योजना, विद्यालय क्षेत्र विकास योजना, राष्ट्रिय शिक्षानीति २०७६ ले सुरक्षित विद्यालय, विपद् जोखिमको न्यूनीकरण तथा व्यवस्थापन, समुदायबीच उत्थानशीलता शिक्षा, विपद्को समयमा विद्यालय शिक्षाको निरन्तरतालाई जोड दिएको

**स्थानीय तहको विद्यमान अवस्था :**

- २०७२ को विनाशकारी भूकम्पबाट प्रभावित विद्यालय तथा बालबालिकाको सङ्ख्या र व्यवस्थापनका लागि अन्तर्राष्ट्रिय, राष्ट्रिय तथा स्थानीय तहबाट गरिएका कार्यक्रमहरूको विवरण र तिनीहरूको प्रभावकारिता ।
- स्थानीय तहमा आइपरेका विपत्ति, जस्तै- आगलागी, बाढी, पहिरो तथा अन्य विपत्तिहरूबाट प्रभावित विद्यालय तथा बालबालिकाको सङ्ख्या र व्यवस्थापनका लागि अन्तर्राष्ट्रिय, राष्ट्रिय तथा स्थानीय तहबाट गरिएका कार्यक्रमहरूको विवरण र तिनीहरूको प्रभावकारिता ।
- कोभिड- १९ महामारीबाट प्रभावित विद्यालय तथा बालबालिकाको सङ्ख्या र व्यवस्थापनका लागि अन्तर्राष्ट्रिय, राष्ट्रिय तथा स्थानीय तहबाट गरिएका कार्यक्रमहरूको विवरण र तिनीहरूको प्रभावकारिता ।

## ४.३.३ उद्देश्यहरू :

१. विपद् व्यवस्थापन प्रतिकार्यको संयन्त्र र कार्यढाँचा विकास गर्नु ।
२. सम्भावित विपद्को व्यवस्थापन तथा उत्थानशीलता प्रणाली विकासको लागि भौतिक, मानवीय तथा आर्थिक स्रोतको व्यवस्थापन गर्नु ।
३. आपत्कालीन अवस्थामा वैकल्पिक सिकाइका विधिहरू प्रयोग गरी बालबालिकाहरूको सिक्न पाउने अधिकारको सुनिश्चित गर्नु ।

## ४.३.४ रणनीतिहरू :

१. विपद्को समयमा शिक्षा निरन्तरता गर्न पूर्वतयारी, व्यवस्थापन, प्रतिकार्य र पुनर्लाभसम्बन्धी आवश्यक नीति, मार्गदर्शन तथा कार्यविधिहरू तयार गर्ने ।
२. सम्भावित प्रकोप तथा विपद्सम्बन्धी पूर्वसावधानी, प्रकोपबाट बच्ने उपायहरूका बारेमा जानकारी गराउने ।
३. कोभिड- १९ लगायतका महामारीबाट बच्न पूर्वसावधानी, रोकथाम तथा उपचारको आवश्यक तयारी गर्ने ।
४. महामारीका समयमा शिक्षण सिकाइलाई निरन्तरता दिने वैकल्पिक उपायहरूको तयारी गर्ने ।
५. शिक्षाक्षेत्रमा प्रभाव पार्न सक्ने विपद् वा सङ्कटहरूको पूर्वानुमान तथा त्यसको प्रभावको मूल्याङ्कन तथा विश्लेषण गर्ने ।
६. विद्यालयस्तरीय प्रतिकार्य योजना तयार गर्ने ।
७. शैक्षिक सेवा निरन्तरताका लागि आवश्यक हुने यन्त्रउपकरण, खाद्यान्न, पोसाक तथा अन्य राहत सामग्रीको प्रबन्ध गर्ने ।
८. विपद् व्यवस्थापनका लागि स्थानीय तह र विद्यालयको क्षमता विकास गर्ने ।
९. विपद् तथा प्रकोप र शान्तिसुरक्षा र अधिकारको क्षेत्रमा काम गर्ने सरकारी तथा अर्धसरकारी निकायहरूबीच वडा तहसम्म समन्वय र जिम्मेवारीको संयन्त्र बनाउने ।
१०. हरित विद्यालय अभियान, जलवायु परिवर्तन, शिक्षा तथा दिगो विकासका निम्ति शिक्षाजस्ता कार्यक्रमहरू कार्यान्वयन गर्ने ।

## ४.३.५ मुख्य उपलब्धि, क्रियाकलाप र लक्ष्य

**उपलब्धिहरू**

१. विपद् व्यवस्थापन प्रतिकार्यको संयन्त्र र कार्यढाँचा विकास भएको हुनेछ ।
२. सम्भावित विपद्को व्यवस्थापन तथा उत्थानशीलता प्रणाली विकासका लागि भौतिक, मानवीय तथा आर्थिक स्रोतको व्यवस्थापन भएको हुनेछ ।
३. आपत्कालीन अवस्थामा वैकल्पिक सिकाइका विधिहरू प्रयोग गरी बालबालिकाहरूको सिक्न पाउने अधिकारको सुनिश्चित भएको हुनेछ ।

**नतिजा**

१. विपद् तथा सङ्कटपूर्ण अवस्थामा शैक्षिक क्रियाकलापहरू निरन्तर रूपमा सञ्चालन भएका हुनेछन् ।

## प्रमुख क्रियाकलापहरू र लक्ष्य निर्धारण :

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | एकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | विपद् तथा प्रकोप व्यवस्थापन नीति तथा मापदण्ड पुनरावलोकन तथा निर्माण | पटक | १ | | | | | १ | | |
| २ | स्थानीय तह र विद्यालयको क्षमता विकास | | | | | | | | | |
| ३ | विपद् पुर्वतयारी, प्रतिकार्य, पुनर्लाभ तथा उत्थानशीलताका लागि सचेतना कार्यक्रम | | | | | | | | | |
| ४ | शिक्षक तथा विव्यस तालिम | | | | | | | | | |
| ५ | सङ्कटासन्नता मूल्याङ्कनको आधारमा योजना निर्माण | | | | | | | | | |
| ६ | विपद्प्रतिरोधी विद्यालय भवन निर्माण | | | | | | | | | |

# ४.५ विद्यालय भौतिक पूर्वाधार विकास

## ४.५.१ परिचय

- विद्यालय भौतिक पूर्वाधारका संरचनाहरू
- विद्यमान नीति तथा कानुनहरू
- समस्या तथा चुनौतीहरू
- बालबालिका विद्यालयमा भर्ना हुनका लागि सुरक्षित विद्यालय, पढ्नका लागि कक्षाकोठा, खेल्नका लागि खेलमैदान, शौचका लागि शौचालय, सफाइ र पिउनका लागि खानेपानी जस्ता भौतिक पूर्वाधार विद्यालयका आधारभूत संरचना हुन् ।
- एक विद्यार्थीका लागि सुविधाजनक रूपमा पठनपाठनमा सहभागी हुनको निमित्त प्रारम्भिक बालविकास तथा आधारभूत तहका प्रारम्भिक कक्षाका लागि प्रतिविद्यार्थी ०.७५ वर्गमिटर र

उच्च आधारभूत तह तथा माध्यमिक तहका लागि प्रतिविद्यार्थी १.०० वर्गमिटर बराबरको क्षेत्रफलको मापदण्ड शिक्षा नियमावली २०५९ को नियममा तोकिएको छ ।

- राष्ट्रिय शिक्षानीति २०७६ ले विद्यालयहरूमा भवन, कक्षा कोठा, फर्निचर, प्रयोगशाला, शौचालय, पानी, पुस्तकालय, बुक कर्नर जस्ता भौतिक पूर्वाधार तयार गर्ने, विद्यालय भवनलगायत सम्पूर्ण भौतिक पूर्वाधार विपद् जोखिममुक्त बनाउँदै सबै विद्यालयलाई सुरक्षित एवं बालमैत्री, हरित विद्यालयका रूपमा विकास गर्ने लगायतका नीतिगत व्यवस्थापन गरिएको छ ।
- राष्ट्रिय शिक्षानीतिले आत्मसात् गरेको सबैका लागि सुरक्षित भौतिक पूर्वाधार विकास एवं विस्तारको नीति र हालसम्मको अभ्यासका आधारमा भएको सिकाइ अनुभवका आधारमा शिक्षाक्षेत्रको यस योजनामा भौतिक पूर्वाधार विकासको कार्यक्रम तर्जुमा गरिएको छ ।

## ४.५.२ वर्तमान अवस्था :

**निम्नलिखित बुँदाहरूका आधारमा आफ्नो स्थानीय तहहरूको भौतिक अवस्थाको विश्लेषण गर्ने –**

- जम्मा विद्यालय सङ्ख्या, कक्षा कोठा, पक्की कक्षा कोठा, कच्ची कक्षा कोठा, नपुग कक्षा कोठा ।
- पुस्तकालय कोठा, प्रयोगशाला कोठा, कार्यालय कोठा ।
- निर्माण तथा पुनर्निर्माण गर्नुपर्ने विद्यालय सङ्ख्या ।
- विद्यालयका प्राथमिकता प्राप्त आवश्यकताभित्र रहेका कक्षा कोठा तथा छात्राका लागि बेग्लै शौचालयको प्रबन्ध समेत पूरा भएका विद्यालयहरू

## ४.५.३ उद्देश्यहरू :

१. विद्यालय शिक्षाका लागि आवश्यक मापदण्ड विकास तथा कार्यान्वयन गरी सुरक्षित विद्यालय पूर्वाधार विकास गर्नु,

२. सबै विद्यालयमा सिकाइका लागि आवश्यक भौतिक सुविधा सुनिश्चित गर्न पूर्वाधार विकास, मर्मत सम्भार तथा प्रबलीकरण गर्नु ।

## ४.५.४ रणनीतिहरू :

१. भौतिक पूर्वाधार विकासका लागि सञ्चालित विद्यालयको तह, विद्यार्थी सङ्ख्याको प्रक्षेपण र भौगोलिक क्षेत्रका आधारमा मापदण्ड विकास गर्ने ।

२. एक विद्यालयमा पूर्वाधार विकासका सबै कार्य एकैपटक गर्ने गरी पूर्ण विद्यालय निर्माणको अवधारणा कार्यान्वयन गर्ने ।

३. विद्यालय पूर्वाधार विकासका लागि संघ, प्रदेश र स्थानीय तहको लागत साझेदारीका आधारमा स्रोत व्यवस्थापन गरी सरोकारवालाको सहभागितामा कार्यान्वयन हुने प्रबन्ध गर्ने ।

४. विद्यालयलाई सुरक्षित बनाउन आवश्यकतानुसार प्रबलीकरण तथा पुनर्निर्माण एवम् मर्मतसम्भार गर्ने ।

५. पूर्वाधार निर्माणसँगै सुरक्षित विद्यालय एवम् वातावरणीय पक्षलाई एकीकृत प्रणालीको विकास गरी संस्थागत क्षमता अभिवृद्धि गर्ने ।

## ४.५.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

**उपलब्धिहरू :**

१. सबै विद्यालयहरूमा पर्याप्त भौतिक संरचना निर्माण हुने ।

२. विद्यालयका भौतिक संरचना बालमैत्री, अपाङ्गतामैत्री र सुरक्षित हुने ।

**नतिजाहरू :**

१. सबै विद्यालयहरूमा सुविधासम्पन्न भौतिक पूर्वाधार विकास भएको हुनेछ ।

२. विद्यालयहरूमा बनेका संरचनाको संवर्द्धन, मर्मतसम्भार र सबलीकरण पद्धतिको विकास भएको हुनेछ ।

## प्रमुख क्रियाकलापहरू र लक्ष्य निर्धारण :

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | एकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | विद्यालय भवन निर्माण | पटक | | | | | | | | |
| २ | विद्यालयहरूको सबलीकरण | सङ्ख्या | | | | | | | | |
| ३ | विद्यालयहरूमा बनेका संरचनाको संवर्द्धन तथा मर्मतसम्भार र फर्निचर व्यवस्थापनसमेत | विद्यालय सङ्ख्या | | | | | | | | |
| ४ | छात्रा र छात्रलाई अलग्गै शौचालय तथा पानी तथा सरसफाइको प्रबन्ध | विद्यालय सङ्ख्या | | | | | | | | |
| ५ | प्रारम्भिक बालविकासका लागि पानी तथा सरसफाइका साथै अलग्गै शौचालय | विद्यालय सङ्ख्या | | | | | | | | |
| ६ | अपाङ्गतामैत्री संरचना निर्माण | विद्यालय सङ्ख्या | | | | | | | | |
| ७ | बृहत् विपद् जोखिम व्यवस्थापन तथा उत्थानशील योजना कार्यान्वयन | तह | | | | | | | | |

# ४.६ विद्यालयमा सूचना तथा सञ्चार प्रविधि

## ४.६.१ परिचय

- विद्यालय शिक्षामा सूचना तथा सञ्चार प्रविधिको आवश्यकता र औचित्य
- नीतिगत व्यवस्था
- चुनौती तथा अवसरहरू
- सूचना तथा सञ्चार प्रविधिको कुशल र प्रभावकारी प्रयोगले सिकाइ सुधार गर्न, सिकाइलाई सान्दर्भिक

बनाउन, सिकाइप्रति विद्यार्थीलाई अभिप्रेरित गर्न र शैक्षिक व्यवस्थापन सुधार गरी सुशासन कायम गर्न सहयोग पुग्दछ। शिक्षामा सूचना तथा सञ्चार प्रविधिको विकास तथा प्रयोगले सबै विद्यार्थीका लागि सूचना तथा सञ्चार प्रविधिको आधारभूत पहुँच पुऱ्याई डिजिटल भिन्नता कम गर्ने, सूचना तथा सञ्चार प्रविधिलाई शिक्षण सिकाइको साधनका रूपमा प्रयोग गरी सिकाइ सुधार गर्ने, सबैका लागि शिक्षामा समतामूलक पहुँच पुऱ्याउने र शिक्षाको व्यवस्थापकीय तथा शासकीय पद्धतिलाई कुशल र प्रभावकारी बनाई सुशासनको प्रत्याभूतिका लागि सहयोग पुऱ्याउँदछ। यी चारवटा मार्गदर्शक सिद्धान्तका आधारमा शिक्षामा सूचना तथा सञ्चार प्रविधिको गुरुयोजना सन् २०१३-२०१७ निर्माण गरिएकामा यी सिद्धान्तहरू अहिलेको सन्दर्भमा पनि उत्तिकै सान्दर्भिक देखिन्छन् ।

- उक्त गुरुयोजनाले पहिचान गरेका चारवटा प्राथमिकताका क्षेत्रहरूमा सूचना तथा सञ्चारका लागि संरचना (कनेक्टिभिटी, सामग्री, आँकडा) तयार गर्ने, मानवीय स्रोत विकास गर्ने, डिजिटल सामग्री विकास गर्ने र शैक्षिक पद्धति तथा व्यवस्थापन सुधार गर्ने रहेका थिए । यी चारवटा क्षेत्रमा गुरुयोजनाले रणनीति, क्रियाकलाप तथा लक्ष्यहरू निर्धारण गरेको थियो। यी क्षेत्रहरू हालको परिस्थितिमा पनि सान्दर्भिक रहेकोले तदनुकूल रणनीति, क्रियाकलाप तथा लक्ष्यहरू अद्यावधिक तथा परिमार्जन गरी यस योजनामा समावेश गरिएको छ ।
- कोभिड-१९ को महामारीले शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रभावकारी प्रयोगको आवश्यकतालाई थप पुष्टि गरेको छ । विभिन्न प्रकारका विपत् तथा महामारीमा पनि शिक्षण सिकाइलाई निरन्तरता दिने कार्यमा सूचना तथा सञ्चार प्रविधिले महत्वपूर्ण सहयोग गर्न सक्दछ। यस सन्दर्भमा विद्यमान क्षमताका आधारमा अनलाइन तथा अफलाइन लगायतका भर्चुअल माध्यम प्रयोग गरी सिकाइलाई निरन्तरता दिन खोजिए पनि पर्याप्त क्षमता तथा संरचनाको अभावले सबैलाई समेट्न सकिएको छैन (Poudel, Kafle), 2020) । यस्तो अवस्थामा सबैका लागि सहज पहुँच पुग्ने गरी शिक्षामा सूचना तथा सञ्चार प्रविधिको विकास गर्नु आवश्यक भएको छ ।

## ४.६.२ वर्तमान अवस्था

- स्थानीय तहका विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको पूर्वाधार र प्रयोगको अवस्था
- शिक्षा तथा मानव स्रोत विकास केन्द्रले निर्माण तथा विकास गरेका विद्युतीय सामग्री र तिनीहरूको प्रयोगको अवस्था

## चुनौती र अवसरहरू

- नेपाल सरकारले २०७६ सालमा स्वीकृत गरेको राष्ट्रिय शिक्षा नीति र विज्ञान तथा प्रविधि प्रवर्द्धन नीतिमा पनि शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रयोगसम्बन्धी नीतिहरू उल्लेख गरिएको छ। उक्त शिक्षा नीतिमा सबै विद्यालय तथा शिक्षण संस्थाहरूमा सूचना तथा सञ्चार प्रविधिसम्बन्धी संरचना तयार गर्ने, कनेक्टिभिटी पुऱ्याउने, तालिम, शिक्षणसिकाइ तथा व्यवस्थापनमा सूचना तथा

सञ्चार प्रविधिको प्रयोग गर्नका लागि आवश्यक सामग्रीको व्यवस्थापन र जनशक्ति संरचना तयार पार्ने जस्ता विषय उल्लेख गरिएको छ । शिक्षामा सूचना तथा सञ्चार प्रविधिका लागि उल्लिखित दस्तावेजहरूले नीतिगत आधार तयार गरेका छन् भने शिक्षामा सूचना तथा सञ्चार प्रविधिसम्बन्धी गुरुयोजना, २०१३-२०१७ ले यससम्बन्धी रणनीति, कार्यक्रम तथा लक्ष्यहरू निर्धारण गरेको थियो ।

- विद्यालय क्षेत्र विकास कार्यक्रममा पनि सूचना तथा सञ्चार प्रविधिका क्रियाकलाप समावेश गरिएको छ । विद्यालय क्षेत्र विकास योजनामा समावेश गरिएका मुख्य क्रियाकलापहरूमा सिकाइमा सूचना प्रविधिको प्रयोगका लागि आवश्यक सामग्री विद्यालयलाई उपलब्ध गराउने, विज्ञान, गणित र अङ्ग्रेजी विषयमा आधारित विद्युतीय सामग्री निर्माण गर्ने, पूर्वाधार विकास र शिक्षण सिकाइ सामग्री प्रदान गर्ने, नमुना विद्यालयहरूमा सूचना तथा सञ्चार प्रविधिको सिकाइ केन्द्र स्थापना गर्ने, एकीकृत लेखा सफ्टवेयर कार्यान्वयन गर्ने र एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) विकास गर्ने रहेका थिए ।
- विद्यालयहरूमा सूचना तथा सञ्चार प्रविधिको संरचना विकासका लागि वार्षिक रूपमा लगानी गरिएको हुँदा धेरैजसो माध्यमिक विद्यालयहरूमा कम्प्युटर लगायतका सामग्री उपलब्ध गराउने र इन्टरनेट कनेक्टिभिटीका केही काम भए पनि यी सुविधाहरू पर्याप्त छैनन् । उपलब्ध भए तापनि शिक्षण सिकाइमा यी स्रोतहरूको प्रयोग गर्ने विद्यालयहरूको सङ्ख्या निकै कम रहेको छ । कतिपय विद्यालयहरूले विभिन्न व्यक्ति तथा सङ्घसंस्थामार्फत पनि यस्ता सूचना तथा सञ्चार प्रविधिसम्बन्धी सामग्री प्राप्त गर्ने गरेका छन् । यसका लागि साधन तथा संरचना बढाउनुका साथै यसको प्रभावकारी प्रयोगका लागि शिक्षकको क्षमता वृद्धि अनिवार्य रूपमा गर्नुपर्ने देखिन्छ ।
- विद्यालय क्षेत्र विकास कार्यक्रमअन्तर्गत पाठ्यक्रम विकास केन्द्रले कक्षा ६, ७ र ८ का लागि गणित, विज्ञान र अङ्ग्रेजी विषयमा केही विद्युतीय सामग्री तयार गरेको छ । त्यसैगरी केही निजी क्षेत्रका संस्थाहरूबाट पनि विभिन्न विषयमा विद्युतीय सामग्री तयार गर्ने कार्य भइरहेको छ । दृष्टिविहीनका लागि पनि केही पाठ्यपुस्तकहरू डिजिटलाइज गर्ने कार्य भएको छ । कोभिड-१९ को महामारीको समयमा यस्ता विद्युतीय सामग्रीलाई बेग्लै वेबपोर्टल बनाई सबैको पहुँच हुने गरी राखिएको छ । पाठ्यक्रम विकास केन्द्रद्वारा विकास गरिएका सामग्रीका विद्युतीयप्रति पनि वेबसाइटमा राख्ने गरिएको छ । त्यसैगरी शिक्षा तथा मानव स्रोत विकास केन्द्रद्वारा तयार गरिएका श्रव्य तथा श्रव्यदृश्य पाठ्यसामग्रीहरू शिक्षा तथा मानवस्रोत विकास केन्द्रको ोभबचलष्लन एयचतबि मा राखिएको छ । विद्युतीय सामग्री निर्माण केही मात्रामा भए पनि पर्याप्त मात्रामा सामग्री उपलब्ध नहुनु, भएका सामग्रीहरू पनि अन्तरक्रियात्मक नहुनु र सहज प्राप्त हुन सक्नु जस्ता समस्याहरू रहेका छन् । त्यसैगरी सबै विद्यालयमा इन्टरनेट कनेक्टिभिटीलगायत सूचना तथा सञ्चार प्रविधिको संरचना पुऱ्याउने, क्षमता विकास गर्न विभिन्न किसिमका अपाङ्गता भएकाहरूका लागि पनि उपयोगी हुने गरी सामग्री विकास गर्ने कार्यमा चुनौतीहरू देखिएका छन् ।

## ४.६.३ उद्देश्यहरू

१. सबै विद्यालयमा सूचना तथा सञ्चार प्रविधिमा आधारित शिक्षाको पहुँच पुऱ्याउनु ।

२. सिकाइलाई प्रभावकारी, गुणस्तरीय र सान्दर्भिक बनाउन सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्नु ।

## ४.६.४ रणनीतिहरू

१. सबै विद्यालयमा सूचना तथा सञ्चार प्रविधिका आधारभूत संरचना तथा उपकरणको प्रबन्ध गर्ने ।

२. शिक्षकहरूलाई सूचना तथा सञ्चार प्रविधिको प्रयोगको सम्बन्धमा क्षमता अभिवृद्धि गर्ने ।

३. विभिन्न कक्षा र विषयका लागि तयार गरिएका अन्तरक्रियात्मक डिजिटल सामग्रीको प्रयोगमा जोड दिने

४. शिक्षक सहायता र पृष्ठपोषण प्रणालीमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्ने ।

५. शैक्षिक स्रोत सामग्रीहरूमा इन्टरनेटको सुविधामार्फत विद्यालय र विद्यार्थीहरूको पहुँच विस्तार गर्ने ।

## ४.६.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

**उपलब्धिहरू** :

१. विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको विकास र विस्तारले प्रभावकारी ढङ्गबाट सिकाइमा सहजीकरण भएको हुनेछ ।

२. सूचना तथा सञ्चार प्रविधिको प्रयोगबाट विद्यार्थीहरूको सिकाइ उपलब्धिमा सुधार आएको हुनेछ ।

**प्रमुख नतिजाहरू :**

१. सबै विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको पूर्वाधार विकास भई सबैको पहुँच पुगेको हुनेछ ।

२. विभिन्न कक्षा र विषयका अन्तरक्रियात्मक डिजिटल सामग्रीमा विद्यार्थीको सहज पहुँच पुगेको हुनेछ ।

३. सबै विद्यालयहरूले सिकाइ तथा व्यवस्थापकीय कार्यमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गरेका हुनेछन् ।

## प्रमुख क्रियाकलाप र लक्ष्य :

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | एकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | विद्यालयमा ICT संरचना विस्तार | | | | | | | | | |
| २ | प्रत्येक विद्यालयमा Internet Connectivity को व्यवस्था | | | | | | | | | |
| ३ | शिक्षकहरूको क्षमता विकास | | | | | | | | | |
| ४ | प्रत्येक विद्यालमा अन्तरक्रियात्मक विद्युतीय सामग्रीको उपलब्धता | | | | | | | | | |
| ५ | IEMIS व्यवस्थापन | | | | | | | | | |
| ६ | सामुदायिक सिकाइ केन्द्रहरूको क्षमता विकास | | | | | | | | | |

# परिच्छेद ५ : सुशासन तथा व्यवस्थापन

शिक्षा जस्तो महत्वपूर्ण सार्वजनिक सेवालाई सबल, चुस्त, सेवाउन्मुख तथा परिणाममुखी बनाउनका लागि सुशासन र व्यवस्थापनको भूमिका निकै महत्वपूर्ण रहन्छ। सामान्यतया सुशासन तथा व्यवस्थापनले उत्तरदायित्व, पारदर्शिता, जिम्मेवारी बोधवा जवाफदेहीपन, विधिको शासन, समता तथा समावेशिता र व्यापक सहभागिता सुनिश्चित गरी योजनाका उद्देश्यहरू प्राप्तिमा सहयोग पुऱ्याउन तयार गरिएका संरचना तथा प्रक्रियाहरू जनाउँदछ। सुशासनको प्रत्याभूतिका लागि सहभागिता तथा सहमतिमा निर्णय तथा कार्यान्वयन गर्न, निश्चित दृष्टिकोण वा उद्देश्यमा आधारित भई कार्य गर्न, कार्यसम्पादनमा प्राथमिकता दिई उत्तरदायित्व वहन गर्न, कार्यसम्पादनमा प्रभावकारिता तथा कार्यकुशलता कायम गर्न, विद्यार्थीको सिकाइप्रति जवाफदेही बन्नर पारदर्शिता तथा विधिको सर्वोच्चता कायम गर्न सहयोग पुग्ने गरी संरचना तथा कार्य प्रक्रियाहरू व्यवस्थित गरिनु पर्दछ। शिक्षामा तीनै तहका सरकार, विद्यालयतथा समुदाय, गैरसरकारी निकाय तथा विकास साझेदारहरूको भूमिका रहने भएकाले आआफ्नो भूमिकाअनुसार सुशासन कायम गर्न यी सबैको योगदान आवश्यक हुन्छ। नेपालको संविधानमा सङ्घ, प्रदेश र स्थानीय तह गरी तीन तहका सरकारका एकल र साझा अधिकारका सूचीसहित शिक्षाको शासकीय प्रबन्ध तथा व्यवस्थापन हुने व्यवस्था छ । विद्यालय शिक्षाको यस योजनाको कार्यान्वयनका लागि आवश्यक संस्थागत संरचनासहित क्षमता विकास, योजना कार्यान्वयनको जिम्मेवारीसहितको व्यवस्थापकीय प्रबन्ध र उपयुक्त अनुगमन तथा मूल्याङ्कन प्रणाली स्थापित गर्नु आवश्यक हुन्छ।

यस परिच्छेदमा सुशासन तथा व्यवस्थापन अन्तर्गत संस्थागत क्षमता विकास, स्थानीय शिक्षा योजनाको कार्यान्वयनको प्रबन्ध र अनुमगन तथा मूल्याङ्कन जस्ता क्षेत्रहरू समावेश गरिएको छ। यस परिच्छेदमा समावेश गरिएका क्षेत्रहरूलाई पनि अरु परिच्छेदमा जस्तै परिचय, वर्तमान अवस्था, उद्देश्यहरू, रणनीतिहरू, उपलब्धिहरू, नतिजाहरू र मुख्य क्रियाकलापहरू र लक्ष्य निर्धारण गरी ७ वटा उपशीर्षकहरूमा विभाजन गरी विश्लेषण गरिएको छ।

## ५.१ संस्थागत क्षमता विकास

### ५.१.१ परिचय

१. यसभित्र योजना कार्यान्वयनमा संस्थागत संरचना र क्षमता विकासको आवश्यकता र औचित्य, शिक्षाक्षेत्र व्यवस्थापनमा स्थानीय तहको एकल अधिकार तथा उत्तरदायित्व, तीन तहका सरकारको संयुक्त अधिकार तथा उत्तरदायित्व स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले शिक्षाक्षेत्रलाई दिएका अधिकारहरूको कार्यान्वयनको लागि आवश्यक पर्ने जनशक्ति, क्षमता विकासका कार्यक्रम, स्रोत साधनको व्यवस्थापन तथा नेपालमा शिक्षाक्षेत्रको वर्तमान संस्थागत संरचना आदि विषयलाई समावेश गरी परिचय उल्लेख गर्ने ।

## ५.१.२ वर्तमान अवस्था :

- स्थानीय तहमा शिक्षाको वर्तमान संस्थागत संरचना
- जनशक्तिको व्यवस्थापन
- आवश्यक स्रोत साधनको व्यवस्थापन
- क्षमता विकासको अवस्था
- चुनौती तथा अवसरहरू

## ५.१.३ उद्देश्यहरू :

१. स्थानीय तहमा आवश्यक पर्ने जनशक्तिको व्यवस्थापन गर्नु ।
२. जनशक्तिहरूको लागि संस्थागत क्षमता अभिवृद्धि गर्नु ।
३. आवश्यक स्रोत साधनको व्यवस्थापन गर्नु ।

## ५.१.४ रणनीतिहरू

१. स्थानीय तहमा शिक्षाको व्यवस्थापनलाई प्रभावकारी बनाउन आवश्यक नीति तर्जुमा गर्ने ।
२. संस्थागत संरचनाअनुसार जनशक्तिको व्यवस्था गर्ने ।
३. कार्यरत जनशक्तिको क्षमता विकास गर्ने ।
४. स्थानीय तहमा शिक्षक पेसागत सहयोग प्रणाली स्थापना गर्ने ।
५. प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समिति अध्यक्षलाई थप जिम्मेवार बनाई क्षमता विकास गर्ने ।
६. कार्यक्रमको प्रभावकारी ढङ्गबाट कार्यसम्पादन गर्नका लागि आवश्यक स्रोतसाधनहरूको व्यवस्थापन गर्ने ।

## ५.१.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

**उपलब्धिहरू :**

१. स्थानीय तहमा आवश्यक पर्ने जनशक्तिको व्यवस्थापन भएको हुनेछ ।
२. संस्थागत क्षमता अभिवृद्धि भई उत्तरदायित्व तथा जिम्मेवारीमा वृद्धि भएको हुनेछ ।
३. आवश्यक स्रोत साधनको व्यवस्थापन भई प्रभावकारी रूपमा कार्यसम्पादन भएको हुनेछ ।

**प्रमुख नतिजा :**

१. शिक्षाका सबै निकाय तथा विद्यालयमा सुशासन प्रवर्द्धन भई बालबालिकाको सिकाइप्रति उत्तरदायी प्रणालीको विकास हुनेछ ।

## प्रमुख क्रियाकलाप र लक्ष्य :

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | एकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | आवश्यक कानुनी प्रबन्ध तथा मापदण्ड विकास | | | | | | | | | |
| २ | संस्थागत संरचना निर्माण तथा क्षमता विकास | | | | | | | | | |
| ३ | प्रतिवेदन तथा तथ्याङ्क प्रणालीको सुदृढीकरण | | | | | | | | | |
| ४ | कार्यसम्पादन करार गरी सबैलाई नतिजाप्रति जिम्मेवार बनाउने | | | | | | | | | |
| ५ | शिक्षक तथा समग्र विद्यालय शिक्षा प्रणालीलाई सिकाइप्रति उत्तरदायी बनाउने पद्धति विकास गरी कार्यान्वयन | | | | | | | | | |
| ६ | स्थानीय तहमा शिक्षक पेसागत सहयोग प्रणाली स्थापना तथा सञ्चालन | | | | | | | | | |
| ७ | अनौपचारिक शिक्षा र जीवनपर्यन्त सिकाइ सम्बन्धी संयन्त्र विकास गर्ने | | | | | | | | | |
| ८ | विद्यालय स्वास्थ्य तथा पोषण, सरसफाइ तथा स्वच्छता, विपद् तथा महामारी सम्बन्धी सेवा तथा समन्वयका लागि संयन्त्र विकास गर्ने | | | | | | | | | |

## ५.२ स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध

### ५.२.१ परिचय

योजना कार्यान्वयनको प्रबन्धअन्तर्गत वार्षिक योजना तथा बजेट तर्जुमा, क्रियाकलाप निर्धारण तथा कार्यान्वयन, वित्तीय व्यवस्थापन तथा अनुगमन र मूल्याङ्कनलगायत कार्यान्वयनका लागि आवश्यक संरचना, जनशक्ति, प्रक्रिया र जिम्मेवारी तथा उत्तरदायित्वहरू पर्दछन् । नेपालमा सङ्घीय संरचनाअनुसार सङ्घ, प्रदेश र स्थानीय तहको संरचना तयार भई तीनै तहका सरकार क्रियाशील भएको तीन वर्ष कटिसकेको छ भने केही कानुनी प्रबन्धसहित मुख्य संरचना तथा जनशक्ति र जिम्मेवारी निर्धारण गरिएको छ तापनि राज्य प्रणालीलाई सङ्घीय संरचनाअनुरूप सक्षम बनाउन आवश्यक कार्यान्वयन प्रबन्ध गर्नुपर्नेछ । कार्यान्वयन प्रबन्ध तयार गर्दा यसको दिगोपन, प्रभावकारिता तथा कार्यकुशलतामा ध्यान दिनु आवश्यक छ ।

शिक्षा योजना निर्माणपश्चात् सो योजनाको प्रभावकारी रूपमा कार्यान्वयन गर्नका लागि आवश्यक जनशक्ति व्यवस्थापन कानुन कार्यविधि निर्माण बजेटको सुनिश्चितता तीन तहका सरकारबीचको समन्वय र सहकार्य वार्षिक रणनीतिक योजना र कार्यान्वयन योजना निर्माण, अनुगमन योजना निर्माण, कार्यक्रम कार्यान्वयन पुस्तिका तयारी, विभिन्न सरोकारवालाहरूलाई कार्यक्रमहरूको बारेमा प्रबोधीकरण जस्ता कार्यक्रमहरूलाई मिलाएर परिचय खण्ड तयार गर्ने ।

## ५.२.२ वर्तमान अवस्था :

- स्थानीय तहमा कार्यरत जनशक्तिको व्यवस्था
- वार्षिक कार्यक्रम तर्जुमा र कार्यान्वयनको अवस्था
- आवश्यक स्रोत साधनको व्यवस्थापन
- ऐन, नियम, कार्यविधि निर्माण र प्रबोधीकरणको अवस्था
- चुनौती तथा अवसरहरू

## ५.२.३ उद्देश्यहरू :

१. शिक्षा योजनाको प्रभावकारी कार्यान्वयनको सुनिश्चितता गर्नु ।

## ५.२.४ रणनीतिहरू

१. सङ्घीय तथा प्रदेश तहबाट वित्तीय हस्तान्तरणमार्फत प्राप्त सशर्त अनुदान तथा अन्य अनुदान र आफ्नै स्रोतको बजेटसमेत संलग्न गरी वार्षिक शिक्षा बजेट तथा कार्यक्रम तयार गर्ने ।

२. कार्यक्रम कार्यान्वयनका लागि आवश्यकतानुसार कानुन, कार्यविधि तथा निर्देशिका विकास गर्ने ।

३. कार्यक्रम कार्यान्वयनको नियमित अनुगमन तथा सहजीकरण गरी विद्यालयमा कार्यक्रमहरू प्रभावकारी रूपमा कार्यान्वयन हुने सुनिश्चितताका साथै समस्या समाधानका लागि आवश्यक नीति निर्देशन तथा समन्वय गर्ने ।

४. एकीकृत शैक्षिक सूचना व्यवस्थापनमार्फत नियमित रूपमा कार्यक्रम कार्यान्वयन तथा त्यसका नतिजाहरूको विवरण तयार गर्ने, त्यसको समीक्षा गरी थप सुधारमा प्रयोग गर्ने ।

५. विद्यालयमा विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक सङ्घ गठन गर्ने र विद्यालयलाई विद्यालय सुधार योजना विकास र कार्यान्वयनमा सहजीकरण गर्ने ।

६. विद्यालय सुधार योजना ९क्क्ष्ए० निर्माण तथा अद्यावधिक गर्न लगाउने ।

७. विद्यालय व्यवस्थापनलाई सशक्तीकृत र सुदृढ गरी निर्धारित कार्यक्रम कार्यान्वयनका लागि प्रधानाध्यापकलाई जिम्मेवारी प्रदान गरी उत्तरदायी बनाउने ।

८. वित्तीय व्यवस्थापन, खरिद प्रक्रिया, शिक्षक व्यवस्थापन तथा शिक्षकको कक्षा कोठामा समय तथा कार्यको सुनिश्चिततासम्बन्धी आवश्यक

मापदण्ड तयार गरी लागू गर्ने ।

९. अभिभावक तथा सरोकारवालाहरूसँग अन्तरक्रिया तथा सहकार्य गर्न अभिभावक भेला तथा बैठकहरू आयोजना गर्ने र सामाजिक परीक्षणलाई प्रभावकारी बनाउने ।

१०. सामुदायिक सिकाइ केन्द्र मार्फत सबै उमेर समूहका सिकारुहरूका लागि साक्षरता, साक्षरोत्तर, निरन्तर शिक्षा, वैकल्पिक शिक्षा तथा आयआर्जन र सिप विकासका कार्यक्रमहरू सञ्चालन गर्दै जीवनपर्यन्त सिकाइ केन्द्रका रूपमा समेत कार्य गर्ने ।

## ५.२.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

**उपलब्धिहरू :**

१ शिक्षा योजनाको प्रभावकारी कार्यान्वयनको सुनिश्चितता भएको हुनेछ ।

**प्रमुख नतिजा :**

१ शिक्षाका सबै निकाय तथा विद्यालयमा सुशासन प्रवर्द्धन भई बालबालिकाको सिकाइप्रति उत्तरदायी प्रणालीको विकास हुनेछ ।

## प्रमुख क्रियाकलाप र लक्ष्य :

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | एकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | वार्षिक बजेट तथा कार्यक्रम निर्माण | | | | | | | | | |
| २ | आवश्यक कानुन निर्देशिका तथा कार्यविधिको विकास | | | | | | | | | |
| ३ | कानुन निर्देशिका मापदण्डको प्रबोधीकरण | | | | | | | | | |
| ४ | विद्यालय सुधार योजना निर्माण एवम् अद्यावधिक | | | | | | | | | |
| ५ | एकीकृत शैक्षिक सुचना प्रणाली सुदृढीकरण | | | | | | | | | |
| ६ | शैक्षिक गुणस्तर सुधारसम्बन्धी अन्तरक्रिया | | | | | | | | | |
| ७ | अनौपचारिक शिक्षा र जीवनपर्यन्त सिकाइसम्बन्धी कार्यक्रम सञ्चालन | | | | | | | | | |
| ८ | सामाजिक परीक्षणको प्रतिवेदनका आधारमा विद्यालयहरूलाई थप सहजीकरण | | | | | | | | | |

## ५.३ अनुगमन तथा मूल्याङ्कन

### ५.३.१ परिचय :

- अनुगमन तथा मूल्याङ्कनको परिचय उल्लेख गर्ने ।

शैक्षिक कार्यक्रमहरूमा स्रोतसाधनको विनियोजन र वितरण के कसरी भइरहेको छ, लगानीको प्रवाह समुचित ढङ्गले भएको छ वा छैन, कार्यक्रम कार्यान्वयन प्रक्रियामा त्रुटिहरू छन् वा छैनन्, शैक्षिक क्रियाकलापहरू निर्धारित कार्यतालिकाअनुसार समयमै कार्यान्वयन भई लक्षित प्रतिफल प्राप्तितर्फ उन्मुख भएका छन् वा छैन भन्ने कुरा निश्चित गर्न व्यवस्थापनबाट कार्यक्रम कार्यान्वयनको लक्ष्य र प्रगति बारेमा नियमित वा आवधिक रूपमा निगरानी, निरीक्षण, पुनर्निरीक्षण, पर्यवेक्षण एवम् जाँचबुझ गर्ने गराउने कार्य अनुगमन हो । यसले कार्यक्रमको प्रगति र वर्तमान स्थितिको बारेमा जानकारी गराउँदछ ।

शैक्षिक कार्यक्रमहरूको सान्दर्भिकता, उपयुक्तता, दक्षता र प्रभावकारिताको सन्दर्भमा सुव्यवस्थित एवम् उद्देश्यपूर्ण ढङ्गले जाँचबुझ तथा लेखाजोखा गर्ने कार्य मूल्याङ्कन हो । मूल्याङ्कन प्रतिफल र प्रभावसँग बढी केन्द्रित हुन्छ । अनुगमन सामान्यतया कार्यक्रम कार्यान्वयनको चरणमा मात्र गरिन्छ भने मूल्याङ्कन कार्यक्रम सञ्चालनका चरणका साथै कार्यक्रम सम्पन्न भएपश्चात् पनि गरिन्छ । अनुगमन र मूल्याङ्कनले शैक्षिक कार्यक्रमहरूमा भएको लगानीलाई पारदर्शी, नतिजामुखी, जवाफदेही र उत्तरदायीपूर्ण बनाउन सहयोग गर्दछन् ।

## ५.३.२ वर्तमान अवस्था :

- अनुगमन संयन्त्रको व्यवस्था
- एकीकृत प्रतिवेदन प्रणालीको विकास
- सहभागितात्मक तथा सामूहिक अनुगमन तथा मूल्याङ्कन प्रणालीको सुनिश्चतता
- अनुगमन तथा मूल्याङ्कनमा सूचना तथा प्रविधिको उपयोग विस्तार तथा व्यवस्थित
- नतिजामा आधारित अनुगमन
- शिक्षक सुपरिवेक्षण र पेसागत सहयोग
- विद्यार्थी उपलब्धि परीक्षण
- विद्यालय कार्यसम्पादन परीक्षण

## ५.३.३ उद्देश्यहरू

१. अनुगमन तथा मूल्याङ्कनका लागि समन्वयात्मक तथा एकत्रित प्रणाली विकास गर्नु ।

२. अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई नतिजामा आधारित बनाउनु ।

३. योजना कार्यान्वयनका चरणमा आएका समस्या तथा चुनौतीहरूलाई सम्बोधन गरी अपेक्षित उपलब्धि हासिल गर्नु ।

## ५.३.४ रणनीतिहरू

१. प्रभावकारी अनुगमनका लागि संयन्त्र निर्माण गर्ने ।

२. शैक्षिक अनुगमन तथा मूल्याङ्कन मार्गदर्शन निर्माण र प्रयोग गर्ने ।

३. कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन र प्रतिवेदनका लागि एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली सञ्चालनमा ल्याउने ।

४. नतिजामूलक अनुगमन तथा मूल्याङ्कन प्रणाली अवलम्बन गर्ने ।

५. विद्यार्थी उपलब्धि परीक्षण तथा विद्यालय कार्यसम्पादन परीक्षणलाई थप व्यवस्थित र नियमित गर्ने

६. कक्षा कोठाको सिकाइको अनुगमन, सुपरिवेक्षण तथा

मूल्याङ्कनलाई प्रभावपूर्ण बनाउन कार्यस्थलमा आधारित अनुगमन, मूल्याङ्कन, सुपरिवेक्षण एवम् प्रतिवेदन प्रणाली प्रबन्ध गर्ने ।

७. योजनाअन्तर्गत सञ्चालित कार्यक्रम तथा परियोजना वा क्रियाकलापहरूको नियमित आवधिक, मध्यावधिक तथा अन्तिम मूल्याङ्कन प्रणाली स्थापित गर्ने ।

## ५.३.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

**उपलब्धिहरू :**

१. अनुगमन तथा मूल्याङ्कनका लागि समन्वयात्मक तथा एकत्रित प्रणाली विकास भएको हुनेछ ।

२. नतिजामा आधारित अनुगमन तथा मूल्याङ्कन प्रणाली कार्यान्वयन हुनेछ ।

३. योजना कार्यान्वयनका चरणमा आएका समस्या तथा चुनौतीहरूलाई सम्बोधन गरी अपेक्षित उपलब्धि हासिल भएको हुनेछ ।

**नतिजाहरू :**

१. अनुगमन तथा मूल्याङ्कनका लागि संस्थागत संरचना तथा क्षमता विकास भएको हुनेछ ।

२. नतिजामा आधारित अनुगमन प्रणाली स्थापित भई योजना तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन भएको हुनेछ ।

## प्रमुख क्रियाकलाप र लक्ष्य :

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | एकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | अनुगमन तथा मूल्याङ्कन संयन्त्र निर्माण | | | | | | | | | |
| २ | अनुगमन तथा मूल्याङ्कन मार्गदर्शन निर्माण | | | | | | | | | |
| ३ | मार्गदर्शन प्रबोधीकरण | | | | | | | | | |
| ४ | नतिजामा आधारित अनुगमन तथा मूल्याङ्कन प्रणाली कार्यान्वयन | | | | | | | | | |
| ५ | नतिजामा आधारित अनुगमन प्रणालीका लागि सूचकहरू तयार तथा अद्यावधिक गर्ने | | | | | | | | | |
| ६ | स्थानीय तहले आफूले कार्यान्वयन गरेका कार्यक्रमको अनुगमन गर्ने | | | | | | | | | |
| ७ | कार्यक्रम कार्यान्वयनको चौमासिक तथा वार्षिक समीक्षा तथा प्रतिवेदन तयार गर्ने | | | | | | | | | |
| ८ | स्थिति प्रतिवेदन तयार गर्ने | | | | | | | | | |
| ९ | कार्यक्रम कार्यान्वयन पुस्तिका तयारी | | | | | | | | | |
| | विद्यालय कार्यसम्पादन एवम् स्वमूल्याङ्कन गर्ने, गराउने | | | | | | | | | |

# परिच्छेद ६ : लगानी र स्रोत व्यवस्थापन

संवैधानिक एवम् कानुनी प्रावधानअनुसार विद्यालय शिक्षामा समतामूलक पहुँच सहितको गुणस्तरीय शिक्षा प्रदान गर्नु तीनै तहका सरकारको साझा दायित्व रहेको छ। यसका लागि आवश्यक स्रोतको पहिचान, प्राथमिकीकरण, स्रोतको उचित विनियोजन, प्रभावकारी कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन र प्रतिवेदनसम्बन्धी व्यवस्था गर्नु आवश्यक छ। संवैधानिक व्यवस्थाबमोजिम विद्यालय शिक्षाको वित्तीय व्यवस्थापनमा सङ्घ, प्रदेश र स्थानीय तहको साझेदारी आवश्यक छ। नेपालको संविधानअनुसार स्थानीय तहको वित्तीय स्रोतका लागि सङ्घीय स्रोतबाट सशर्त अनुदान, समानीकरण अनुदान, समपूरक अनुदान र विशेष अनुदानको प्रबन्ध गरिएको छ भने स्थानीय तहको आफ्नै स्रोतबाट समेत शिक्षामा केही लगानी हुने गरेको छ। स्थानीय तहले स्रोत प्रबन्धका लागि आन्तरिक ऋण समेत उठाउन पाउने व्यवस्था पनि रहेको छ। समानीकरण अनुदान, विशेष अनुदान र समपूरक अनुदान सङ्घीय सरकारबाट स्थानीय तथा प्रदेश तहमा वित्तीय हस्तान्तरण हुने गरेको छ भने सशर्त अनुदान सम्बन्धित सङ्घीय विषयगत मन्त्रालयले तयार गरेका मापदण्डका आधारमा निर्धारित उद्देश्य वा कार्यक्रमको प्रयोजनका लागि खर्च गर्ने गरी स्थानीय र प्रदेश तहमा वित्तीय हस्तान्तरण गर्ने अभ्यास रहेको छ। स्थानीय तथा प्रदेश तहले सङ्घीय सरकारबाट हस्तान्तरण हुने उल्लिखित विभिन्न किसिमका अनुदानबाहेक आफ्नै स्रोतमा आधारित बजेट तथा राजस्व बाँडफाँटबाट प्राप्त हुने बजेटबाट पनि शिक्षाक्षेत्रमा विनियोजन गर्ने गर्दछन्। शिक्षामा आवश्यक पर्ने वित्तीय स्रोत कहाँबाट जुटाउने, कुन कुन क्षेत्रमा स्रोतको विनियोजन गर्ने, विनियोजित स्रोतको प्रवाह कसरी गर्ने र उपलब्ध स्रोतको उपयोग कुन ढङ्गबाट गर्ने भन्ने विषयलाई यस परिच्छेदमा विश्लेषण गर्नुपर्दछ।

यस परिच्छेदमा परिच्छेद ३, ४ र ५ मा निर्धारण गरिएका प्रस्तावित क्रियाकलापहरूका लागि बजेट अनुमान विश्लेषण स्रोतहरूको पहिचान र व्यवस्थापन गर्नुपर्ने हुन्छ। स्रोतहरूको पहिचान र विश्लेषण गर्दा सङ्घीय सरकार प्रदेश सरकार स्थानीय सरकार र अन्य सङ्घसंस्थाहरूबाट प्राप्त हुने बजेटको अनुमान गरी कार्यान्वयन हुन सक्ने कार्यक्रमहरूलाई प्राथमिकीकरण गर्नुपर्दछ।

## ६.१ परिचय

- विगत ५ वर्षमा शिक्षाक्षेत्रमा भएको लगानीको विश्लेषण
- शिक्षामा लगानीको प्रवृत्ति
- संवैधानिक तथा नीतिगत व्यवस्था
- चुनौती तथा अवसरहरू

## ६.२ वर्तमान अवस्था

- हालको अवस्थामा स्थानीय तहमा शिक्षाको क्षेत्रमा (सङ्घ, प्रदेश र स्थानीय तहको) भएको लगानी ।
- विभिन्न सङ्घसंस्थाहरूबाट शिक्षाक्षेत्रमा भएको लगानीको अवस्था ।
- स्थानीय सङ्घसंस्थाबाट सुनिश्चित भएका कार्यक्रमहरू छन् भने सोसमेत उल्लेख गर्ने ।

## ६.३ उद्देश्यहरू

१. शिक्षाक्षेत्रमा आवश्यक स्रोतको प्रक्षेपण गर्नु ।
२. योजनामा समावेश भएका कार्यक्रम कार्यान्वयनका लागि आवश्यक वित्तीय स्रोत पहिचान गर्नु ।
३. उपलब्ध स्रोतका आधारमा कार्यक्रमको प्राथमिकता निर्धारण गरी कार्यक्रम कार्यान्वयन गर्नु ।

## ६.४ रणनीतिहरू

१. सङ्घीय र प्रदेश सरकारको लगानीको अनुपातमा स्थानीय सरकारले आफ्नो स्रोतबाट लगानीमा वृद्धि गर्ने
२. विद्यालय शिक्षामा पहुँच, सहभागिता एवम् गुणस्तर सुनिश्चित गर्न लगानी प्रभावकारिता बढाउने ।
३. वार्षिक रूपमा कुल बजेटको ''प्रतिशत बजेट शिक्षाक्षेत्रका कार्यक्रमका लागि व्यवस्था गर्ने ।
४. शिक्षामा निजी तथा गैरसरकारी क्षेत्रको लगानीलाई प्रोत्साहन तथा प्रवर्द्धन गर्ने ।
५. मापदण्डका आधारमा खर्च र प्रतिवेदन पद्धति अवलम्बन गर्ने ।
६. वित्तीय व्यवस्थापन क्षमतामा सुधार ल्याई वित्तीय कार्यकुशलता, पारदर्शिता, जिम्मेवारी र उत्तरदायित्वलाई सबल बनाउने ।
७. लागत साझेदारीमा आधारित कार्यक्रमहरू सञ्चालन गर्ने ।

## ६.६ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

**उपलब्धिहरू :**

१. शैक्षिक पहुँच, समता, गुणस्तर र क्षमता विकासमा आवश्यक स्रोतको व्यवस्थापन भएको हुनेछ ।

**प्रमुख नतिजा :**

१. वित्तीय कार्यकुशलता, पारदर्शिता, जिम्मेवारी र उत्तरदायित्व सुदृढ भएको हुनेछ ।

## प्रमुख क्रियाकलापहरू र लक्ष्य निर्धारण :

**क. सङ्घीय सरकारबाट विद्यालय शिक्षाक्षेत्र अन्तर्गतका क्रियाकलापमा प्राप्त हुने अनुमानित बजेट**

| क्र.सं. | अनुदान प्राप्त हुने क्रियाकलाप | आर्थिक वर्ष | | | | | ५ वर्षको जम्मा | १० वर्षको जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | २०७८/०७९ | २०७९/०८० | २०८०/०८१ | २०८१/०८२ | २०८२/०८३ | | |
| **बालविकास र शिक्षा** | | | | | | | | |
| १ | सहयोगी कार्यकर्ता पारिश्रमिक | | | | | | | |
| २ | प्रतिविद्यार्थी लागत | | | | | | | |
| **आधारभूत शिक्षा** | | | | | | | | |
| १ | शिक्षक तलब भत्ता | | | | | | | |
| २ | छात्रवृत्ति | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

**ख. प्रदेश सरकारबाट शिक्षाक्षेत्र अन्तर्गतका क्रियाकलापमा प्राप्त हुने अनुमानित बजेट**

| क्र.सं. | अनुदान प्राप्त हुने क्रियाकलाप | आर्थिक वर्ष | | | | | ५ वर्षको जम्मा | १० वर्षको जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | २०७८/०७९ | २०७९/०८० | २०८०/०८१ | २०८१/०८२ | २०८२/०८३ | | |
| बालविकास र शिक्षा | | | | | | | | |
| १ | बालविकास केन्द्र व्यवस्थापन सुधार | | | | | | | |
| २ | | | | | | | | |
| ३ | | | | | | | | |
| ४ | | | | | | | | |
| ५ | | | | | | | | |

ग. स्थानीय तहबाट शिक्षाक्षेत्र अन्तर्गतका क्रियाकलापमा प्राप्त हुने अनुमानित बजेट

| क्र.सं. | अनुदान प्राप्त हुने क्रियाकलाप | आर्थिक वर्ष | | | | | ५ वर्षको जम्मा | १० वर्षको जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | २०७८/०७९ | २०७९/०८० | २०८०/०८१ | २०८१/०८२ | २०८२/०८३ | | |
| बालविकास र शिक्षा | | | | | | | | |
| १ | नयाँ बालविकास केन्द्र स्थापना | | | | | | | |
| २ | सहयोगी कार्यकर्ताको क्षमता विकास | | | | | | | |
| ३ | | | | | | | | |
| ४ | | | | | | | | |
| ५ | | | | | | | | |

घ. अन्य सङ्घसंस्थाहरूबाट शिक्षाक्षेत्र अन्तर्गतका क्रियाकलापमा प्राप्त हुने अनुमानित बजेट

| क्र.सं. | अनुदान प्राप्त हुने क्रियाकलाप | आर्थिक वर्ष | | | | | ५ वर्षको जम्मा | १० वर्षको जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | २०७८/०७९ | २०७९/०८० | २०८०/०८१ | २०८१/०८२ | २०८२/०८३ | | |
| बालविकास र शिक्षा | | | | | | | | |
| १ | शैक्षिक सामग्री वितरण | | | | | | | |
| २ | अभिभावक शिक्षा कार्यक्रम सञ्चालन | | | | | | | |
| ३ | | | | | | | | |
| ४ | | | | | | | | |
| ५ | | | | | | | | |

उपर्युक्त बमोजिम बजेट अनुमान गरिसकेपछि विद्यालय शिक्षाका मुख्य उपक्षेत्रहरू, जस्तै- बालविकास र शिक्षामा हरेक आवको जम्मा बजेट कति, आगामी ५ वर्षको जम्मा बजेट कति र बजेटको सुनिश्चितता सङ्घबाट, प्रदेशबाट, स्थानीय तहबाट र अन्य सङ्घसंस्थाबाट कति भनी सोको समेत विश्लेषण गर्नुपर्दछ ।

# परिच्छेद ७ : मुख्य उपलब्धि सूचकहरू

यस परिच्छेदमा विद्यालय शिक्षाक्षेत्र योजनाले जोड दिएका मुख्य मुख्य कार्यसम्पादन सूचकहरूमा स्थानीय तहको अवस्थाको विश्लेषण गर्नुपर्दछ ।

## मुख्य मुख्य कार्यसम्पादन सूचकहरू

| क्रसं | शिक्षा योजनाको प्रारम्भिक विन्दुमा | राष्ट्रिय | प्रदेश | स्थानीय |
|---|---|---|---|---|
| १ | प्रारम्भिक बालविकास र शिक्षा | | | |
| १.१ | प्रारम्भिक बालविकास र शिक्षामा कुल भर्ना दर* (%) | ८६.२ | | |
| १.२ | प्रारम्भिक बालविकास र शिक्षाको अनुभव लिई कक्षा १ मा नयाँ भर्ना भएका बालबालिका* (%) | ६८.६ | | |
| २ | आधारभूत शिक्षा (कक्षा १-८) | | | |
| २.१ | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको खुद प्रवेश दर (%) | ९६.९ | | |
| २.२ | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको कुल प्रवेश दर (%) | १२१.९ | | |
| २.३ | आधारभूत तह (प्राथमिक कक्षा १-५)मा खुद भर्ना दर* (%) | ९७.१ | | |
| २.४ | आधारभूत तह (प्राथमिक कक्षा १-५)मा कुल भर्ना दर* (%) | ११९.२ | | |
| २.५ | आधारभूत तहको कक्षा ५ को खुद प्रवेश दर* (%) | ९८.३ | | |
| २.६ | आधारभूत तहको कक्षा ५ को कुल प्रवेश दर* (%) | ११३.० | | |
| २.७ | आधारभूत तहको कक्षा ५ सम्म टिकाउ दर* (%) | ९३.० | | |
| २.८ | आधारभूत तह (प्राथमिक कक्षा ५) पूरा गर्ने दर* (%) | ८५.८ | | |
| २.९ | आधारभूत तहमा (प्राथमिक कक्षा १-५)मा भर्ना भएका ५-९ वर्ष उमेरभन्दा माथिका बालबालिका* (%) | २२.२ | | |
| २.१० | आधारभूत तह (प्राथमिक कक्षा १-५) कुल भर्ना दरमा लैङ्गिक समता सूचाङ्क* | १.०६ | | |
| २.११ | आधारभूत तह (कक्षा १-८)मा खुद भर्ना दर* (%) | ९३.४ | | |
| २.१२ | आधारभूत तह (कक्षा १-८)मा कुल भर्ना दर (%) | ११०.४ | | |
| २.१३ | आधारभूत तहको कक्षा ८ सम्मको टिकाउ दर* (%) | ७९.३ | | |
| २.१४ | आधारभूत तहको कक्षा १ मा भर्ना भई कक्षा ८ पूरा गर्ने दर* (%) | ७२.७ | | |
| २.१५ | आधारभूत तह (कक्षा १-८) कुल भर्ना दरमा लैङ्गिक समता सूचक* | १.०१ | | |

| क्रसं | शिक्षा योजनाको प्रारम्भिक विन्दुमा | | राष्ट्रिय | प्रदेश | स्थानीय |
|---|---|---|---|---|---|
| २.१६ | कक्षा ३ मा न्यूनतम सिकाइ उपलब्धि हासिल गरेका (कक्षा ३ को आधारभूत वा तह २ हासिल भएका) बालबालिकाको सङ्ख्या (%) | नेपाली | कार्तिक-मङ्सिरमा नयाँ नतिजा आउने भएकाले सोही बमोजिम पछि राखिने | | |
| | | गणित | कार्तिक-मङ्सिरमा नयाँ नतिजा आउने भएकाले सोही बमोजिम पछि राखिने | | |
| २.१७ | कक्षा ५ मा न्यूनतम सिकाइ उपलब्धि हासिल गरेका (कक्षा ५ को आधारभूत तह हासिल भएका) बालबालिकाको सङ्ख्या (%) | नेपाली | ४५ | | |
| | | गणित | २८.३ | | |
| | | अङ्ग्रेजी | | | |
| २.१८ | कक्षा ८ मा न्यूनतम सिकाइ उपलब्धि हासिल गरेका (कक्षा ८ को तह ३ हासिल भएका) बालबालिकाको सङ्ख्या (%) | नेपाली | ६८.५ | | |
| | | गणित | ५३.५ | | |
| | | अङ्ग्रेजी | ४३.८ | | |
| २.१९ | विद्यालय बाहिर रहेका बालबालिका* (%) | आधारभूत (कक्षा १-५) | २.९ | | |
| | | आधारभूत (कक्षा १-८) | ६.६ | | |
| २.२० | आधारभूत तह (कक्षा १-८) अध्यापनरत कुल शिक्षकमध्ये महिला शिक्षकको सङ्ख्या* (%) | | | | |
| ३. | माध्यमिक शिक्षा (कक्षा ९-१२) | | | | |
| ३.१ | माध्यमिक तह (कक्षा ९-१२)मा खुद भर्ना दर* (%) | | ४७.६ | | |
| ३.२ | माध्यमिक तह (कक्षा ९-१२)मा कुल भर्ना दर* (%) | | ७१.४ | | |
| ३.३ | माध्यमिक तहमा कुल भर्ना दरमा लैङ्गिक समता सूचक* (कक्षा ९-१२) | | १.०२ | | |
| ३.४ | आधारभूत तहबाट माध्यमिक तहमा ट्रान्जिसन दर* (%) | | ९७.५ | | |
| ३.५ | कक्षा १ मा भर्ना भएका बालबालिकामध्ये कक्षा १० मा पुग्ने दर (%) | | ६०.३ | | |
| ३.६ | कक्षा १ मा भर्ना भएका बालबालिकामध्ये कक्षा १२ मा पुग्ने दर (%) | | २४.० | | |
| ३.७ | माध्यमिक तह (कक्षा ९-१२)मा कार्यरत महिला शिक्षक सङ्ख्या* (%) | | २०.६ | | |
| ३.८ | माध्यमिक तह (कक्षा ९-१२)मा अध्ययनरत विद्यार्थीमध्ये विज्ञान र प्राविधिक तथा व्यावसायिक शिक्षा विषयमा भर्ना भएका विद्यार्थी सङ्ख्या* (%) | विज्ञान | | | |
| | | प्राविधिक/व्यावसायिक | १०.० | | |

| क्रसं | शिक्षा योजनाको प्रारम्भिक विन्दुमा | | राष्ट्रिय | प्रदेश | स्थानीय |
|---|---|---|---|---|---|
| ३.९ | कक्षा १० का विद्यार्थी सिकाइ उपलब्धि* (अङ्कमा) | नेपाली | | | |
| | | गणित | | | |
| | | विज्ञान | | | |
| | | अङ्ग्रेजी | | | |
| ४. | जीवनपर्यन्त शिक्षा तथा सिकाइ र अनौपचारिक शिक्षा | | | | |
| ४.१ | साक्षरता दर (१५ वर्ष भन्दा माथि) (%) | | ५८.० | | |
| ४.२ | साक्षरता दर (६ वर्षभन्दा माथि) (%) | | ८२.० | | |
| ४.३ | साक्षरता दर (१५-२४ उमेर समूह) (%) | | ९२.० | | |
| ४.४ | साक्षरता दरमा लैङ्गिक समता (१५ वर्षभन्दा माथि) | | ०.६५ | | |
| ५. | प्राविधिक तथा व्यावसायिक शिक्षा तथा सिप विकास तालिम | | | | |
| ५.१ | प्राविधिक तथा व्यावसायिक सिप विकास तथा तालिम प्राप्त आर्थिक रूपले सक्रिय | | ३१.० | | |
| ५.२ | प्राविधिक तथा व्यावसायिक शिक्षा (कक्षा ९-१२ वा डिप्लोमा वा प्रि-डिप्लोमा वा सो सरह) उत्तीर्ण जनशक्ति* (वार्षिक सङ्ख्या) | छात्रा | | | |
| | | छात्र | | | |
| ६. | सुशासन तथा व्यवस्थापन | | | | |
| ६.१ | आधारभूत तह (कक्षा १-५)मा विद्यार्थी-शिक्षक अनुपात (सामुदायिक विद्यालय) | | २४:१ | | |
| ६.२ | आधारभूत तह (कक्षा ६-८)मा विद्यार्थी-शिक्षक अनुपात (सामुदायिक विद्यालय) | | ३०:१ | | |
| ६.३ | आधारभूत तह (कक्षा १-८)मा विद्यार्थी-शिक्षक अनुपात (सामुदायिक विद्यालय) | | ३३:१ | | |
| ६.४ | माध्यमिक तह (कक्षा ९-१०)मा विद्यार्थी-शिक्षक अनुपात (सामुदायिक विद्यालय) | | ४०:१ | | |
| ६.५ | माध्यमिक तह (कक्षा ९-१२)मा विद्यार्थी-शिक्षक अनुपात | | ४१:१ | | |
| ७. | उच्च शिक्षा | | | | |
| ७.१ | उच्च शिक्षामा कुल भर्ना दर (%) | | १२.० | | |
| ७.२ | उच्च शिक्षामा महिला सहभागिता अनुपात | | ०:९१ | | |
| ७.३ | प्राविधिक उच्च शिक्षामा विद्यार्थी भर्ना दर (%) | | २४ | | |
| ८. | लगानी | | | | |
| ८. १ | कुल बजेटको शिक्षाक्षेत्रमा विनियोजित बजेट* (%) | | १०.६८ | | |
| ८. २ | आधारभूत तह (कक्षा १-८)मा प्रतिविद्यार्थी सरकारी खर्च (रू. हजारमा) | | १८ | | |
| ८. ३ | माध्यमिक तह (कक्षा ९-१२)मा प्रतिविद्यार्थी सरकारी खर्च (रू. हजारमा) | | ११ | | |

## कार्यक्रम तथा नतिजा तालिका
## (Programmes and Results Framework–PRF) मा आधारित सूचकहरू

| क्र.सं. | नगर शिक्षा योजनाको प्रारम्भिक विन्दुमा | राष्ट्रिय | प्रदेश | स्थानीय |
|---|---|---|---|---|
| १ | प्रारम्भिक बालविकास र शिक्षा | | | |
| १.१ | प्रारम्भिक बालविकास र शिक्षामा कुल भर्ना दर* (%) | ६७.२ | | |
| १.२ | प्रारम्भिक बालविकास र शिक्षाकेन्द्र (सङ्ख्या) | ३००३९ | | |
| १.३ | प्रारम्भिक बालविकास र शिक्षामा भर्ना भएका बालबालिकाहरूमध्ये आवश्यक खोप प्राप्त गरेका बालबालिका दर* (%) | | | |
| १.४ | तोकिएको न्यूनतम मापदण्ड पूरा गरेका प्रारम्भिक बालविकास र शिक्षाकेन्द्र (%) | | | |
| १.५ | प्रारम्भिक बालविकास र शिक्षामा भर्ना भएका बालबालिकाहरूमध्ये मनोसामाजिक विकासका लागि उचित वातावरण पाएका बालबालिका (%) | | | |
| १.६ | प्रारम्भिक बालविकास र शिक्षामा बालबालिका र तालिम प्राप्त शिक्षक तथा सहजकर्ताको अनुपात | २३:१ | | |
| १.७ | प्रारम्भिक बालविकास र शिक्षामा कार्यरत तोकिएको योग्यता प्राप्त शिक्षक तथा सहजकर्ता* (%) | ९५.७ | | |
| १.८ | प्रारम्भिक बालविकास र शिक्षामा दिवा खाजा, खेल तथा सिकाइ सामग्रीसहितको अनुदान प्राप्त गर्ने बालबालिकाको सङ्ख्या* (हजारमा) | ५८० | | |
| २ | आधारभूत शिक्षा (कक्षा १-८) | | | |
| २.१ | आधारभूत तह (कक्षा १-८)मा अध्ययनरत बालबालिकाहरूमध्ये आफ्नो मातृभाषा र विद्यालयमा शिक्षण-सिकाइका माध्यम भाषा फरक भएका बालबालिकाको सङ्ख्या (%) | | | |
| २.२ | मातृभाषामा पठनपाठन हुने विद्यालय* (सङ्ख्या) | २८० | | |
| २.३ | आधारभूत तहमा कार्यरत तोकिएको योग्यता भएका शिक्षक* (%) | ९६.५ | | |
| २.४ | आधारभूत तह (कक्षा १-५)मा विद्यार्थी र तालिम प्राप्त शिक्षकको अनुपात | | | |
| २.५ | आधारभूत तह (प्राथमिक कक्षा १-५)को समायोजित खुद भर्ना दर* (%) | ९८.१ | | |
| २.६ | आधारभूत तह (कक्षा १-८)मा विद्यार्थी र तालिम प्राप्त शिक्षकको अनुपात | | | |
| २.७ | आधारभूत तहको कक्षा १-५ बाट सोही तहको कक्षा ६ मा ट्रान्जिसन दर* (%) | ९३.० | | |
| २.८ | आधारभूत तहको कक्षा ८ को कुल प्रवेश दर* (%) | ९३.५ | | |
| २.९ | आधारभूत तह (कक्षा १-८)को समायोजित खुद भर्ना दर* (%) | ९५.७ | | |
| २.१० | आधारभूत तह (कक्षा १-८)मा भर्ना भएका ५-१२ वर्ष उमेर समूहका भन्दा माथिका बालबालिका* (%) | १७.० | | |
| २.११ | आधारभूत तहको कक्षा १ मा भर्ना भई कक्षा ८ पुग्ने छात्रा र छात्रको समता अनुपात | १:०१ | | |

| क्र.सं. | नगर शिक्षा योजनाको प्रारम्भिक विन्दुमा | | राष्ट्रिय | प्रदेश | स्थानीय |
|---|---|---|---|---|---|
| ३. | माध्यमिक शिक्षा (कक्षा ९-१२) | | | | |
| ३.१ | माध्यमिक तह (कक्षा ९-१२)मा कार्यरत न्यूनतम योग्यता तथा तालिम प्राप्त शिक्षकहरू* (%) | | ९६.० | | |
| ३.२ | कक्षा १२ को अन्तिम परीक्षामा उत्तीर्ण छात्रा र छात्र दर (%) | | | | |
| ३.३ | माध्यमिक तह (कक्षा ९-१०)मा विद्यार्थी र तालिम प्राप्त शिक्षकको अनुपात | | | | |
| ३.४ | माध्यमिक तह (कक्षा ११-१२)मा विद्यार्थी र तालिम प्राप्त शिक्षकको अनुपात | | | | |
| ३.५ | हरेक प्रदेशमा सङ्घीय सरकारको लगानीमा सञ्चालित राष्ट्रिय विज्ञान माध्यमिक विद्यालय (सङ्ख्या) | | | | |
| ४. | जीवनपर्यन्त शिक्षा तथा सिकाइ र अनौपचारिक शिक्षा | | | | |
| ४.१ | भाषिक तथा गणितीय साक्षरता सिप (१५ वर्षभन्दा माथि)* (%) | | ७१.७ | | |
| ४.२ | भाषिक तथा गणितीय साक्षरता सिप (१५ वर्षभन्दा माथिका महिला)* (%) | | ६३.४ | | |
| ४.३ | युवा तथा प्रौढहरूले प्राप्त गरेको अनौपचारिक शिक्षाको समकक्षता निर्धारण दर* (%) | | | | |
| ४.४ | अनौपचारिक शिक्षामा वार्षिक रूपमा युवा तथा प्रौढहरूको सहभागिता दर* (%) | | | | |
| ४.५ | जीवनपर्यन्त शिक्षा तथा सिकाइमा विश्वस्तरको नागरिकसम्बन्धी विषयको समायोजन | | | | |
| ५. | प्राविधिक तथा व्यावसायिक शिक्षा तथा सिप विकास तालिम | | | | |
| ५.१ | हरेक स्थानीय तहमा कम्तीमा एउटा प्राविधिक तथा व्यावसायिक शिक्षा प्रदायक सामुदायिक विद्यालय (सङ्ख्या) | | ४८४ | | |
| ५.२ | प्राविधिक तथा व्यावसायिक शिक्षा (लामो अवधि) तथा सिप विकास (छोटो अवधि) प्रदायक संस्था तथा केन्द्र (सङ्ख्या) | छोटो अवधि | ११३१ | | |
| | | लामो अवधि | ६१८ | | |
| ५.३ | प्राविधिक तथा व्यावसायिक सिप विकास तालिम (छोटो अवधि) प्राप्त गरी सिप परीक्षण उत्तीर्ण जनशक्ति* (वार्षिक सङ्ख्या) | महिला | | | |
| | | पुरुष | | | |
| ५.४ | इन्टरनेट उपयोग गर्न सक्ने आर्थिक रूपले सक्रिय जनशक्ति* (%) | | ५८.० | | |
| ५.५ | पूर्व सिकाइ तथा कार्यअनुभव, स्वअध्ययन वा अनौपचारिक कार्यक्रमहरूबाट सिकेका ज्ञान, सिप र क्षमताको सिप परीक्षणका आधारमा प्राप्त सिपको तह वा क्रेडिट जम्मा गरी प्राविधिक तथा व्यावसायिक शिक्षा वा साधारण शिक्षामा प्रवेशका लागि आवेदन दिने प्राविधिक जनशक्ति (सङ्ख्या) | | | | |

| क्र.सं. | नगर शिक्षा योजनाको प्रारम्भिक विन्दुमा | | राष्ट्रिय | प्रदेश | स्थानीय |
|---|---|---|---|---|---|
| ५.६ | कक्षा १२ उत्तीर्ण सरहको डिप्लोमा तथा प्राविधिक तथा व्यावसायिक विषयको शिक्षा पूरा गरी श्रमबजारमा प्रवेश गरेका जनशक्ति (सङ्ख्या) | | | | |
| ५.७ | कक्षा १० पूरा गरी प्राविधिक तथा व्यावसायिक शिक्षा (उदाहरणका लागि डिप्लोमा)मा प्रवेश गर्ने विद्यार्थी दर (%) | | | | |
| ५.८ | गुणस्तर सुनिश्चितता तथा प्रत्यायन प्रमाण चिह्न प्राप्त गरी सञ्चालनमा रहेका प्राविधिक तथा व्यावसायिक शिक्षा तथा सिप विकास तालिम कार्यक्रमहरू* (%) | | | | |
| ५.९ | पूर्वसिकाइ अनुभवका आधारमा सिप परीक्षण भई औपचारिक प्रमाणपत्र प्राप्त (Recognition of Prior Learning) प्राविधिक जनशक्ति* (सङ्ख्या) | महिला | | | |
| | | पुरुष | | | |
| ६. | सुशासन तथा व्यवस्थापन | | | | |
| ६.१ | शिक्षणसिकाइ क्रियाकलापमा कम्प्युटरलगायतको प्रविधिको उपयोग भएका विद्यालय (%) | | | | |
| ६.२ | न्यूनतम आवश्यक कुरा (Minimum Enabling Conditions) पूरा गरेका आधारभूत तहका विद्यालय (%) | | | | |
| ६.३ | न्यूनतम आवश्यक कुरा (Minimum Enabling Conditions) पूरा गरेका माध्यमिक तहका विद्यालय (%) | | | | |
| ६.४ | न्यूनतम आवश्यक कुरा (Minimum Enabling Conditions) पूरा गरेका प्राविधिक तथा व्यावसायिक शिक्षा प्रदायक शिक्षालय) (%) | | | | |
| ६.५ | नर्सिङ सेवा तथा सुविधा पुगेका विद्यालय (%) | | | | |
| ६.६ | नर्सिङ सेवा तथा सुविधा पुगेका प्राविधिक तथा व्यावसायिक शिक्षा तथा सिप विकास तालिम प्रदायक शिक्षालय (%) | | | | |
| ६.७ | आधारभूत तह (कक्षा १-८)मा छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थी* (%) | | | | |
| ६.८ | माध्यमिक तह (कक्षा९-१२)मा छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थी* (%) | | २२.० | | |
| ६.९ | प्राविधिक तथा व्यावसायिक शिक्षा (लामो अवधि) तथा सिप विकास (छोटो अवधि)मा छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थी (%) | | ३६.० | | |
| ६.१० | आधारभूत तहको विद्यालयमा नेतृत्व विकास तथा व्यवस्थापनसम्बन्धी तालिम प्राप्त प्रधानाध्यापक (%) | | | | |
| ६.११ | प्रचलित कानुनमा व्यवस्था भएबमोजिम प्रधानाध्यापक तथा प्राचार्य नियुक्त गर्ने माध्यमिक विद्यालय (%) | | | | |
| ६.१२ | प्राविधिक तथा व्यावसायिक शिक्षा प्रदायक शिक्षालयमा नेतृत्व तथा व्यवस्थापनसम्बन्धी तालिम प्राप्त प्राचार्य (%) | | | | |
| ६.१३ | बालबालिकालाई आधारभूत जीवनोपयोगी सिपसहित कोभिड जस्ता महामारी तथा विपद् जोखिम न्यूनीकरणसम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने आधारभूत तहको विद्यालय (%) | | | | |

| क्र.सं. | नगर शिक्षा योजनाको प्रारम्भिक विन्दुमा | राष्ट्रिय | प्रदेश | स्थानीय |
|---|---|---|---|---|
| ६.१४ | बालबालिकालाई आधारभूत जीवनोपयोगी सिपसहित कोभिड जस्ता महामारी तथा विपद् जोखिम न्यूनीकरणसम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने माध्यमिक तहको विद्यालय (%) | | | |
| ६.१५ | बालबालिकालाई आधारभूत जीवनोपयोगी सिपसहित कोभिड जस्ता महामारी तथा विपद् जोखिम न्यूनीकरणसम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने प्राविधिक तथा व्यावसायिक शिक्षाप्रदायक शिक्षालय (%) | | | |
| ६.१६ | समता सूचकाङ्कका आधारमा राष्ट्रिय औसतभन्दा कम समता सूचकाङ्क भएका स्थानीय तहहरू | | | |
| ६.१७ | विद्युत्को पहुँच पुगेको विद्यालय* (%) | ३४.७ | | |
| ६.१८ | इन्टरनेट सुविधा पुगेको विद्यालय* (%) | १२.७ | | |
| ६.१९ | खानेपानी, शौचालय र प्राथमिक स्वास्थ्य सेवाको पहुँच पुगेको विद्यालय* (%) | ८५.९ | | |
| ६.२० | अपाङ्गतामैत्री विद्यालय* (%) | १८.० | | |
| ६.२१ | राष्ट्रिय तथा स्थानीय पाठ्यक्रममा मानव अधिकार, दिगो विकास, लैङ्गिक समानता जस्ता विषयवस्तुहरूको समावेशीकरण भएको सुनिश्चितता | | | |
| ६.२२ | एक वर्षमा सेवाबाट अवकास लिने शिक्षक (निवृत्त भएका समेत) दर* (%) | ३.० | | |
| ६.२३ | गुणस्तर सुनिश्चितता र प्रत्यायन प्रणालीमा आबद्ध विद्यालय सङ्ख्या (%) | | | |
| ६.२४ | मुख्य विषयहरूमा विद्युतीय पाठ्यसामग्री प्रयोग गर्ने विद्यालय सङ्ख्या (%) | | | |
| ६.२५ | स्थानीय र प्रदेश तहमा औद्योगिक प्रशिक्षार्थी (Apprenticeship) तथा कार्यस्थलको सिकाइसम्बन्धी सञ्चालन भएका कार्यक्रम (सङ्ख्या) | | | |
| ६.२६ | राष्ट्रिय पेसागत सक्षमता मानक (National Occupational Competency Standard) का आधारमा सिपको क्रेडिट जम्मा गर्ने प्राविधिक जनशक्ति (सङ्ख्या) | | | |
| ६.२७ | राष्ट्रिय योग्यताको प्रारूपअनुसार तयार गरिएको राष्ट्रिय पेसागत सक्षमता मानक (National Occupational Competency Standard) का आधारमा सिकाइ उपलब्धिको परीक्षण भएका कार्यक्रम (सङ्ख्या) | | | |
| ७. | उच्च शिक्षा | | | |
| ७.१ | प्राविधिक उच्च शिक्षा प्रदायक सङ्काय (सङ्ख्या) | | | |
| ७.२ | उच्च शिक्षामा उपलब्ध छात्रवृत्ति* (%) | ३६.६ | | |
| ७.३ | विज्ञान अध्ययन केन्द्रको स्थापना भएका प्रदेश (सङ्ख्या) | ० | | |
| ७.४ | विद्यार्थीलाई आधारभूत जीवनोपयोगी सिपसहित कोभिड जस्ता महामारी तथा विपद् जोखिम न्यूनीकरणसम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने उच्च शिक्षा प्रदायक संस्था (%) | | | |
| ७.५ | क्षेत्रीय तथा अन्तर्राष्ट्रिय स्तरबाट नेपाली विद्यार्थीका लागि प्राप्त छात्रवृत्ति* (सङ्ख्या) | २८०० | | |

| क्र.सं. | नगर शिक्षा योजनाको प्रारम्भिक विन्दुमा | राष्ट्रिय | प्रदेश | स्थानीय |
|---|---|---|---|---|
| ८. | शिक्षामा लगानी | | | |
| ८. १ | शिक्षामा कुल गार्हस्थ्य उत्पादनको अंश (%) | | | |
| ८. २ | सूत्रमा आधारित शिक्षामा लगानी (%) | | | |
| ८. ३ | आधारभूत तह (कक्षा १-५)मा प्रतिविद्यार्थी लागत (रू.) | | | |
| ८. ४ | प्राविधिक तथा व्यावसायिक सिप विकास तालिम (छोटो अवधि)मा प्रतिशिक्षार्थी लागत (रू.) | | | |
| ८. ५ | प्राविधिक तथा व्यावसायिक शिक्षा (लामो अवधि)मा प्रतिशिक्षार्थी लागत (रू.) | | | |
| ८. ६ | उच्च शिक्षा (साधारण)मा प्रतिविद्यार्थी लागत (रू.) | | | |
| ८. ७ | उच्च शिक्षा (प्राविधिक)मा प्रतिविद्यार्थी लागत (रू.) | | | |
| ८. ८ | गुणस्तर सुनिश्चितता तथा प्रत्यायन प्राप्त क्याम्पस (सङ्ख्या) | | | |

## सन्दर्भ सामग्री (Bibliography)


- CEHRD (2021). Flash Report, 2020/2021. Centre for Education and Human Resource Development.
- MOE (2009). School Sector Reform Plan, 2009-2014. Kathmandu: Ministry of Education
- कानुन तथा न्याय मन्त्रालय (२०७२) । नेपालको संविधान । काठमाडौं : कानुन तथा न्याय मन्त्रालय ।
- कानुन तथा न्याय मन्त्रालय (२०७५) । निःशुल्क तथा अनिवार्य शिक्षासम्बन्धी ऐन २०७५
- पाठ्यक्रम विकास केन्द्र (२०७६) । विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६
- शिक्षा तथा मानव स्रोत विकास केन्द्र (२०७८) । कार्यक्रम कार्यान्वयन पुस्तिका, २०७८/२०७९ ।
- शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय । विद्यालय शिक्षाक्षेत्रको योजना मस्यौदा, २०७८-२०८७ ।

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
शिक्षा तथा मानव स्रोत विकास केन्द्र
सानोठिमी, भक्तपुर